साप्ताहिक

# श्रमिक

WORKERS Weekly

(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३१ ✪ अङ्क ४ ✪ १ फागुन २०८०, मङ्गलबार ✪ 13 Feb., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## समाजवादबिना मानवता नहुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ साहित्यकार नारायणमान बिजुक्छैं (रोहित) ले साहित्यकार, पत्रकार, कलाकार बन्न चाहने नयाँ पुस्तालाई सम्बोधन गर्दै समाजलाई क्रान्तिकारी बनाउने उद्देश्यले साहित्य लेखन, साहित्यिक संस्थाको सञ्चालन, सञ्चार संस्था र विद्यालयकलेजको स्थापना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छैंले भन्नुभयो, "समाजवाद नभएको देशमा मानवता हुँदैन । मानिसको वर्ग फरक भएपछि दृष्टिकोण पनि फरक हुन्छ । समाजमा डरत्रास देखाई सज्जनलाई गलत बाटोमा हिँडाउनेहरूको पनि कमी छैन । जाँडरक्सी-वियरजस्ता मद्यपान र चुरोट, खैनीजस्ता धूमपानलगायत स्वास्थ्यलाई हानि हुने लागुपदार्थसमेतको विरोध हाम्रो साहित्यमा हुनु आवश्यक छ । विरोधीहरूले नेपाल मजदुर किसान पार्टीका समर्थकहरूलाई जाँडरक्सीलगायत मद्यपान र धूमपानजस्ता खराब लतमा फसाई बिगारेका उदाहरण पनि छन् । यतातिर सबै सचेत हुनु आवश्यक छ ।"

"विश्व कम्युनिस्ट आन्दोलनका योद्धा एवम् चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको रचना येनानको साहित्य गोष्ठीलगायत हिन्दुस्तानका साहित्यकारहरू चतुर्सेन शास्त्री, यशपाल, कृष्णचन्दर, नम्बुदिरिपाद, मदनमोहन मालविय, बलराज साहनी, नेपालका साहित्यकारहरू पारसमणि प्रधान, गोविन्दप्रसाद लोहनी, कृष्णचन्द्र सिंह प्रधान, भूपी शेरचन, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधानका साहित्यहरू अध्ययन गर्नु आवश्यक छ । गेटे, रवीन्द्रनाथ टैगोर, टाल्सटोयलगायत अन्तर्राष्ट्रिय साहित्यकारहरूको साहित्य पनि अध्ययन गर्नु जरुरी छ ।" बिजुक्छेंले नयाँ पुस्तालाई सचेत गराउँदै भन्नुभयो ।

"कविता विधाका साहित्यकारहरूले छन्द, मात्रा, रस, अलङ्कारको राम्रो जानकारी राख्नु आवश्यक छ । 'लघु कथा' नाम दिएर लामो कथा लेख्नु हुँदैन । प्रगतिशील साहित्यमा कामदारवर्गलाई 'वीर पात्र' बनाइन्छ । रुसी साहित्यकार गोर्कीले 'आमा' उपन्यासमा एक मजदुरलाई वीर पात्र बनाएका थिए । हामीले पनि समाजका कामदारवर्गलाई वीर वीराङ्गनाको पात्र बनाएर साहित्य लेख्नु आवश्यक छ । हिजोका साहित्यहरूमा राजा महाराजा र देवताको बयान हुन्थ्यो । पछि धनीहरूको मायाप्रेमको साहित्य सुरु भयो । हामीले साहित्यमार्फत समाजलाई प्रगतिशीलतातर्फ तान्नु आवश्यक छ । नेपालमा प्रगतिशील साहित्य लेखनमा नेपाल मजदुर किसान पार्टीका

बाँकी पृष्ठ १२ मा

## देशभक्त पुँजीपतिहरूले विदेशी पुँजीपतिहरूको दलाली र प्रभावलाई रोक्नुपर्ने




मध्यपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा, मध्यपुर नगर समितिको आयोजनामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो ।

प्रशिक्षण कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले एकदिन सबै क्रान्तिकारी जनता मिलेर क्रान्ति गरी समाजवाद स्थापना गर्ने र त्यसलाई कुनै पनि शक्तिले रोक्न सक्नेछैन भन्नुभयो ।

पुँजीवादी र प्रतिक्रियावादीहरूको प्रचार झूटा हुने चर्चा गर्दै उहाँले देशभक्त र राष्ट्रिय पुँजीपति वर्गसित मिलेर क्रान्ति गर्ने नेमकिपाको नीति रहेको बताउनुभयो ।

अध्यक्ष रोहितले देशभक्त पुँजीपतिहरूले विदेशी पुँजीपतिहरूको दलाली र प्रभावलाई रोक्न काम गर्ने प्रस्ट पार्नुभयो ।

विदेशी बैङ्कलाई रणनीतिक क्षेत्रमा स्थापना गर्न दिनु भनेकै देशको गोपनीयता विदेशमा पठाई उपद्रव गराउनु हो भन्दै उहाँले विदेशी बैङ्कले देशलाई ध्वस्त पार्ने काम गर्न सक्नेतिर सचेत पार्नुभयो ।

पुँजीवादी सरकार पुँजीपतिहरूको हितमा काम गर्ने सरकार हुँदा व्यापक कामदार जनताको हित हुने काम नगर्ने प्रस्ट पार्दै अध्यक्ष रोहितले बाँसबारी छाला जुत्ता कारखानाबाट नेपालको प्रहरी, सेनाको जुत्ता निर्माण भइरहेकोमा पुँजीवादी सरकारले बन्द गराई सुरक्षा निकायको गोपनीयता भारत पुऱ्याउने देशद्रोही कार्य गरेको बताउनुभयो ।

ऊर्जाशील युवाहरूलाई विदेशमा पठाई नेपाली कलकारखाना बन्द गरेको र देश युवाविहीन हुँदा नेपाली समाजमा सामाजिक व्यवस्था र संस्कारमा नै सङ्कट पैदा भएको औँल्याउँदै उहाँले विदेशी पुँजीको हातमा देशको उद्योगधन्धा सुम्पनु भनेको देशलाई गरिब बनाउनु र राष्ट्रघात गर्नु हो भन्नुभयो ।

प्राध्यापक समाज नेपालका केन्द्रीय उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले नेपालको व्यापार घाटा नेपालको बजेट बराबर हुनु नराम्रो सङ्केत भएको उल्लेख गर्दै कम्युनिस्टको नेतृत्वमा रहेको सरकारले देशलाई जर्जर बनाएको स्पष्ट पार्नुभयो ।

मथिनपा-८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले प्रतिबद्ध कार्यकर्ता तयार गर्न प्रशिक्षण आवश्यक भएको बताउँदै प्रशिक्षणको अभाव भएका कार्यकर्ता पार्टी र सङ्घर्षमा टिक्न नसक्ने बताउनुभयो ।

पुँजीवादी शासक पार्टीहरूले पैसाको छेलोखेलो गरेर कार्यकर्ताहरूलाई स्वार्थी र भ्रष्टीकरण गरेको, सत्तासीन पार्टीहरूले पार्टी चलाउन र चुनाव जित्न भारतबाट पैसा लिएको बदलामा नेपालका नदीनालाहरू भारतलाई बुझाएको प्रमाणित भइरहेको छ उहाँले भन्नुभयो ।

उहाँले राम्रो काम गर्न खोज्नेलाई प्रतिक्रियावादीहरूले अवरोध गर्ने उल्लेख गर्दै त्यसविरुद्ध पार्टी कार्यकर्ताहरूले निरन्तर सङ्घर्ष गरिरहनुपर्ने बताउनुभयो ।

नेमकिपा, मध्यपुर नगर समितिका अध्यक्ष रमेश वैद्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्राध्यापक समाजका सदस्य सुनिल दुवालले 'नेमकिपा स्थापनाको आधार' विषयमा र इन्जिनियरिङ समाज नेपालका सचिव नरेश खत्रीले 'कम्युनिस्ट घोषणापत्रमा के छ ?' भन्नेबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष वीरकृष्ण प्रजापति र सचिव सुरेन्द्र था श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## नेपालमै स्वच्छ निर्वाचन भएको छैन विदेशमा मतदान केन्द्र राख्नु हुँदैन

काठमाडौँ । निर्वाचन आयोगको सभाकक्षमा विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० र स्थानीय तहमार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० मस्यौदालाई अन्तिम रूप दिने विषयमा राजनैतिक दलका प्रतिनिधिहरूसँग छलफल भयो ।

आयोगले विदेशमा गएका नेपालीहरूको तत्काललाई मतदाता नाम दर्ता गर्ने तर मतदानको अधिकार नदिने कार्यविधि ल्याएको दाबी गऱ्यो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपालीलाई स्वदेशमा रोजगारी दिएर वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था तयार गरी मतदाता नाम दर्ता गर्नुपर्ने आवश्यकता औँल्याउँदै विदेशमा बसेकाहरूको मतदाता नामावली दर्ता भएपछि मतदान गराउनु भनी अदालतको अर्को आदेश आउनेतर्फ सचेत गराउनुभयो ।

"असी लाख नेपाली युवालाई विदेश पठाइएको छ । नेपालमा स्वच्छ निर्वाचन भइरहेको छैन । भोलि विदेशमा मतदान केन्द्र कहाँ कसरी राख्ने ? नेपालको राजनीति विदेशबाट निर्णय हुने स्थिति ल्याउनु हुँदैन । अहिले नै कतिपय निर्वाचन क्षेत्रमा हेलिकप्टर र गाडीबाट मतदाता ओसार्नेहरूको जीत भइरहेको छ । मतदाता र उम्मेदवार आ-आफ्नो निर्वाचन क्षेत्र र जिल्लामा बस्नुपर्ने कानुन जरुरी भयो । बसाइँसराइँको कारण हिमाल-पहाड रित्तिएको अवस्था छ । बसाइँसराइँ गर्न नपाउने कानुन बनाउनु आवश्यक छ ।" सांसद सुवालले उल्लेख गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "विदेश गएका छोराछोरीले आमाबुबालाई घरखेत बेचेर विदेश आउन दबाब दिइरहेका छन् । नेपालभित्र डलर सजिलै चल्ने बनाउनुभएन । बन्दुकभन्दा डलर खतरा छ । संरा अमेरिका सपनाको देश होइन । संरा अमेरिकाले दुईसय वर्षयता संसारको ५०० ठाउँमा सैन्य हस्तक्षेप गरेको छ । हामीले युद्ध भोगेका छैनौँ । युद्धबाट पीडित देशहरूको अध्ययन गर्नुपर्दछ । राक्षससँग मित्रता लगाउनु हुँदैन ।"

"निर्वाचन आयोगले विदेशीसँग अनुदान लिनु हुँदैन, निर्वाचन आयोगलाई आवश्यक बजेट सरकारले दिनुपर्दछ । ३०० भन्दा बढी गैरसरकारी संस्थाहरूले सोभियत सङ्घमा पुँजीवाद पुन:स्थापना गरे र देश १५ टुक्रामा विभाजित गरे । पृथ्वीनारायण शाहले फिरङ्गी (विदेशी) लाई निकाला गर्नू भनी उपदेश दिएका थिए । नेपालीलाई नक्कली विवाह गरेर विदेश पठाउनु गलत हो । अङ्ग्रेजले चाणक्य अध्ययन गरेर हिन्दुस्तानका राज्यहरूलाई लडाएर २५० वर्ष उपनिवेश चलायो । नागरिकता र मतदाता सजिलै दिनु हुँदैन । विदेश गएका कतिपयसँग दोहोरो नागरिकता भएको सरकारलाई थाहा हुनुपर्दछ ।" सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "हेलिकप्टर र बसबाट मतदाता लानेहरू चुनावमा जित्ने स्थितिलाई निर्वाचन आयोगले रोक्नु जरुरी छ; निर्वाचन क्षेत्र र जिल्लामा वर्षको अधिकांश समय बस्नेलाई मात्र मतदाता र उम्मेदवार हुन पाउने कानुन चाहिन्छ ।"

आयोगका प्रमुख आयुक्त दिनेश थपलियाको अध्यक्षतामा भएको छलफलमा राप्रपा, जनमत पार्टी, हाम्रो नेपाली पार्टी र नेपाल सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिले विदेशमा बसेका नेपालीलाई मतदान गराउनुपर्ने बताएका थिए ।

राष्ट्रिय जनमोर्चाले विदेशमा बसेका नेपाली नागकिलाई मतदान गराउनुपर्नेमा जोड दिए भने एमाले र नेपाली काङ्ग्रेसले विदेशमा बसेकाका नेपालीलाई मतदाता नाम दर्ता गराए पनि विदेशबाटै मतदान गराउन नहुने बताए ।

रास्वपा, नेकपा एस, समाजवादी पार्टीले स्पष्ट दृष्टिकोण राखेनन् । माओवादीले परीक्षणको रूपमा केही मुलुकमा बसेका नेपालीलाई मतदान गराउनुपर्ने बतायो ।

## आगामी फागुनमा अन्तरनगर महिला कबड्डी प्रतियोगिता हुने

भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा माघ २१ गतेदेखि माघ २७ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल) प्रतियोगिता शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको 'पुरस्कार वितरण तथा समापन कार्यक्रम' मा १५ वटा विभिन्न खेलकुदका विजयी खेलाडी र विद्यालयहरूलाई मेडल, खेलकुद सामग्री र सिल्ड वितरण गरियो ।

समापन कार्यक्रममा सांसद सुवालले भन्नुभयो, "खेलकुद स्वास्थ्य, अनुशासन र मित्रताको लागि हो । यसकारण खेलकुदलाई संविधानको मौलिक हकमा राख्नु जरुरी छ । खेल मैदान, खेलकुद भवन र व्यायामशाला धेरै भए स्वास्थ्यकेन्द्र थोरै भए पुग्नेछ । सरकारले विद्यालय र कलेजहरूमा खेलमैदान र खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्दछ ।"

खेलकुद परिषद्का सदस्य सचिव, जिल्ला खेलकुद समितिका सचिव, खेलकुद मन्त्रीको आफ्ना मान्छे नियुक्ति हुने व्यवस्था खारेज गरी खेलाडीहरूबिच निर्वाचित गराई नियुक्ति गरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद सुवालले भन्नुभयो, "शासक दलहरूले ८० लाख युवालाई विदेशमा सस्तो ज्यामी बन्न पठाई देशमा पसिना बगाउन नदिएको कारण कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारीसमेत भारतबाट किनेर खानुपर्ने अवस्था आयो ।"

"नेपालका नदीनाला र बिजुली नेपालीले नपाउने गरी १० वर्षमा १० हजार मेघावाट बिजुली भारतलाई दिने सरकारको निर्णय सार्वजनिक भयो । अहिले नेपाली जनता खाना पकाउन भारतसँग महँगोमा ग्यास किन्नुपर्ने अवस्थामा छ । हामीले नेपालका नदीनालाको बिजुली नेपाली जनतालाई खाना पकाउन, कृषि, उद्योग, यातायातको लागि सस्तोमा दिनुपर्ने विषय सडक र संसदमा उठायौँ ।", उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकाको कारण तेस्रो विश्वयुद्ध एसियामा हुने सम्भावना बढ्दो छ । संसारका न्यायप्रेमी जनता शान्ति र युद्धको विरोधमा छन् । युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्ध र इजरायली फासीवादलाई अगाडि राखेर अमेरिकी सरकारले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गराएको वर्तमान जटिल अन्तर्राष्ट्रिय परिस्थितिले तेस्रो विश्व युद्धको सङ्केत गर्दै छ ।"

सांसद सुवालले भन्नुभयो, "अमेरिकी साम्राज्यवादले २०० वर्षयता संसारको ५०० ठाउँमा सैन्य हस्तक्षेप गरेको छ । हामी सबैले युद्धको विरोध गर्नु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "अमेरिकाको हतियार बोकेको इजरायली फासीवादको आक्रमणबाट १९ लाख प्यालेस्टिनीहरू विस्थापित भए, ६५ हजार घाइते र २६ हजार ७ सय ५१ जनाको मृत्यु भएको छ । मृत्यु भएकामध्ये आधाभन्दा बढी प्यालेस्टिनी बालबालिका र महिला छन् । ८५ जना प्यालेस्टिनी खेलाडीहरूको पनि मृत्यु भएको छ । यसमध्ये ५५ जना फूटबल खेलाडी र बाँकी अन्य खेलाडी छन् ।"

सचिव सुवालले भन्नुभयो, "७५ वर्षदेखि युद्धग्रस्त इजरायलमा नेपाली विद्यार्थीलाई सिक्ने र कमाउने भनी पठाइएको हुँदा १० जना नेपाली विद्यार्थीको मृत्यु भयो भने १ जना बेपत्ता छन् । बेपत्ता विपिन जोशी इजरायल वा हमास कसको बन्धकमा छ, सरकारले बोलेको छैन, बोल्नुपर्छ ।"

"अमेरिकी सरकारले चाहे इजरायल प्यालेस्टिन युद्ध तुरुन्त बन्द गराउन सक्छ तर अमेरिकाले संयुक्त राष्ट्र सङ्घको बैठकमा युद्धविराम प्रस्तावलाई विशेषाधिकार प्रयोग गरी असफल बनायो ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले यस वर्ष भक्तपुर नपाले फागुनको अन्तिम सातामा अन्तरनगर महिला कबड्डी प्रतियोगिता गर्ने जानकारी दिनुभयो ।

उहाँले सप्ताहव्यापीरूपमा सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा ७८ वटा विद्यालयको सक्रिय सहभागिताले भक्तपुर नपालाई अगामी दिनमा यस्ता खेलकुद गतिविधि सञ्चालन गर्न ऊर्जा मिलेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## काँक्राबारीमा पार्टी स्थापना दिवस

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा काँक्राबारी गाउँ समितिको आयोजनामा आइतबार कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवम् नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नेमकिपा कामदारवर्गका जनताको इमानदारीसाथ सेवा गर्ने उद्देश्यले स्थापना भएको बताउनुभयो ।

उहाँले नेमकिपाको जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादमा पुग्ने तत्कालीन र दीर्घकालीन लक्ष्यबारे प्रस्ट पार्दै अरु कम्युनिस्ट नामधारी पार्टीहरूले जनतालाई विश्वासघात र धोका दिँदै राज्यको ढुकुटी लुटिरहेको बताउनुभयो ।

नेमकिपाको स्थापनाले कामदारवर्गका जनताले परिवर्तनको उज्यालो पक्ष देखिरहेको चर्चा गर्दै उहाँले शासक दलहरूलाई वैदेशिक रोजगारीका नाममा विदेश पलायन गराइरहेको प्रस्ट पार्नुभयो ।

उहाँले परिवर्तनको लागि अब महिलाहरूले एकढिक्का भई अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेक्रामसङ्घका केन्द्रीय उपाध्यक्ष कमलमैया सुवालले पार्टी स्थापनाका आधारहरूबारे चर्चा गर्दै

बाँकी पृष्ठ १२ मा



*क्रान्ति भनेको मानिसको सोचाइको माध्यमबाट आउने गर्छ नकि कसैको पारिवारिक पृष्ठभूमिबाट ।*

*–किम जोङ इल (कोरियाली जनताका प्रिय नेता)*

## सम्पादकीय

# चिन्तनबाट दिक्क नहोऔँ छलफललाई खुला गरौँ !

नेपालको कम्युनिस्ट आन्दोलनमा मजदुर र किसानको दैनिक समस्याहरू र दीर्घकालीन सङ्घर्षको विषयमा चिन्तन गर्नुभन्दा 'अब आउने संसद् र प्रदेशको निर्वाचनमा कुन कुन पुँजीवादी पार्टीसँग गठबन्धन गर्दा निर्वाचनमा बढी स्थानमा विजय प्राप्त गर्न सकिन्छ होला र कुन कुन सदस्यको निम्ति कुन कुन मन्त्री वा उपमन्त्री वा केही मनोनीत हुने ठाउँमा केही पद पाउने छन् भन्नेबारेमा 'अर्जुन दृष्टि' राखेको प्रस्ट हुँदै छन् ।

'कम्युनिस्ट', 'मार्क्सवादी' वा 'सशस्त्र' क्रान्तिको वकालत गर्ने र हिजो समयमा ५-१० जनादेखि केही सय कार्यकर्तालाई समाजको आमूल परिवर्तन गरी समाजवादमा रूपान्तरण गर्ने वचन दिएका वा प्रतिज्ञा गरेका नेताहरूलाई 'कम्युनिस्ट', 'मार्क्स', 'माओ त्सेतुङ' आदि नामको पार्टी भएपछि 'हाम्रो कर्तव्य पूरा भयो र अब हाम्रो उद्देश्य सरकारमा जाने वा सत्तामा जाने हो' भन्दै आफ्नो समाजवाद र साम्यवादसम्म समाजलाई पुऱ्याउने गन्तव्यलाई तिलाञ्जली दिई सिद्धान्तप्रति समर्पित कार्यकर्तालाई समेत पद दिएर तिनीहरूको क्रान्तिकारी धार र समर्पणको भावनालाई छियाछिया पारेर सबैलाई अवसरवादी र मार्क्सवादविरोधी पुँजीवादी कार्यकर्ताको रूपमा रूपान्तरण गर्दै छन् ।

यो सिद्धान्त, देश र जनताप्रति विश्वासघातबाहेक केही हुनै सक्दैन । कसैले 'बहुदलीय नयाँ जनवाद' वा 'समाजवादको तल्लो स्तरमा' पुग्ने जस्ता दृष्टिकोणबाट इमानदार कार्यकर्तालाई साँच्चै तयार पार्न खोजेकै हो भने पुँजीवादी संसद्मा लगेर 'पदको घूस' र 'पुँजीवादी दलदल' मा फसाउनु के सारा कार्यकर्तालाई सिद्धान्तबाट विचलित गराउँदै शत्रुको क्याम्पमा लाँदै छैन ?

कसैले 'सामुदायिक समाजवाद' को नाममा 'मार्क्सवादी' सिद्धान्त पुरानो भयो नभनी बिस्तारै मार्क्सवादी विचारबाट आफ्ना कार्यकर्ताहरूलाई विश्वासघात गर्दै छन् । 'गाइल्ड समाजवाद', 'सिन्डिकेली समाजवाद' वा 'प्रजातान्त्रिक समाजवाद' आदि समाजवाद वास्तवमा मार्क्सवाद र लेनिनवादविरोधी अर्थात् वैज्ञानिक समाजवादको विरोधमा कामदारवर्गलाई पुँजीवादी पार्टीहरूमा एक एक पाइला गरी लैजाने विश्वासघात हो ।

जसरी युरोप १८ औँ र १९ औँ शताब्दीमा 'सिन्डिकेली समाजवाद' र 'गाइल्ड समाजवाद' को छलफलसमेत इतिहासको प्रवाहमा बिलायो त्यस्तै नेपालका निश्चित जातीय समूहहरूलाई लिएर 'सामुदायिक समाजवाद' को रूपमा मार्क्सवादी-लेनिनवादी वैज्ञानिक समाजवादको विरोधको लाममा गयो भने आश्चर्य मान्नुपर्दैन, किनभने रेलको लाइन चल्ने त्यो रेलको इन्जिन र पछाडिका भाग वा 'डिब्बाहरू' मार्क्सवादविरोधी लाममै पुग्ने निश्चित छ ।

२० औँ शताब्दीको मध्यमै 'वर्गविहीन पुँजीवाद' को पनि चर्चा चलेको थियो - खासगरी अमेरिकामा ! हिटलरले पनि 'राष्ट्रिय समाजवाद (नात्सी) को सिद्धान्त अगाडि ल्याएकै थियो । सबै पार्टीहरूमाथि प्रतिबन्ध, विचार स्वतन्त्रतामा प्रतिबन्ध तथा राजनैतिक र सबै प्रकारका मौलिक अधिकारमाथि प्रतिबन्ध लगाउने 'राष्ट्रिय समाजवाद' ले आखिर आफ्नो चरित्र देखायो - हत्या, हिंसा, प्रजातन्त्र, समाजवादको विरोध र मजदुर आन्दोलनलाई रगतमा डुबाउँदै सोभियत सङ्घमाथि आक्रमण आदि ।

व्यापक जनताको हितमा अर्थात् कामदारवर्गको हितमा मार्क्सवाद र लेनिनवादलाई नयाँ पुस्ताको माझमा लान सकिएन भने नेपालमा अब 'कम्युनिस्ट आन्दोलन' लाई एक समयको कथाको रूपमा पुऱ्याउनेछ । यस सम्भावनालाई अङ्गीकार गर्दै विभिन्न देशका मार्क्सवादी-लेनिनवादी र क्रान्तिकारी आन्दोलनहरूको शिक्षाबाट नयाँ पुस्तालाई शिक्षित गरिएन भने 'संसद्बाट समाजवाद' मा पुग्ने बर्नस्टिनहरूको पक्षधरहरूले बाटोमा लगेर विसर्जनमा पुऱ्याउने निश्चित छ, जसरी विभिन्न युरोपेली देशहरूमा 'कम्युनिस्ट आन्दोलन' को चमक हराएको थियो !

यसकारण, मार्क्स र एङ्गेल्सको शिक्षालाई स्वीकार्नेहरू तथा लेनिन र स्तालिनको शिक्षाबाट सिक्न चाहनेहरू तथा संसारका अन्य महादेश र मुलुकहरूका क्रान्तिकारी अनुभवहरूबाट सिक्न चाहने नेपालका समान विचार राख्नेहरू संयमका साथ कामदार जनताको सेवामा लाग्ने पद र पैसा, व्यक्तिगत नाम चलाउने जस्ता सानो स्वार्थलाई प्राथमिकता दिन नचाहनेहरू सबै एक हुने विचार प्रवाह हुँदै गरेको गाइँगुइँ सुनिन्छ । हेरौँ भविष्यको उज्यालोतिर !

# भारत भ्रमणमा गएको सरकारी टोलीले नेपालमाथि भारतीय हस्तक्षेपको विषय उठाउनु पर्दैन र ?

✍ प्रेम सुवाल



प्रधानमन्त्री, मन्त्री, सांसदहरूको विदेश भ्रमण हुनुअघि परराष्ट्र समितिको बैठकमा भ्रमणको कार्यसूचीबारे छलफल आवश्यक छ । भारतले सुस्तामा नेपाली भूमि अतिक्रमण गरिएको फिर्ता नगरिएसम्म, कालापानीबाट भारतीय सेना नहटाइएसम्म, नेपालको नक्साअनुसारको लिम्पियाधुरासम्मको भूमि भारतले नछोडेसम्म भारतीय दूतावासको पैसामा प्रधानमन्त्री, मन्त्री, सांसद, सचिव र उच्च अधिकारीहरू विदेश भ्रमण जानु देशको हितमा हुने छैन ।

इन्डियन वायुसेवा काठमाडौँबाट उड्दा नेपाली यात्रुलाई छामछुम बन्द गर्ने, सिमानामा नेपालीमाथि भइरहेको ज्यादती रोक्ने, भारतीय नम्बर प्लेटको गाडी नेपालमा निर्वाध प्रवेश हुने तर नेपाली नम्बर प्लेटको गाडी भारतसँगको सीमाको दशगजामा समेत जान नपाउने, नेपाली युवालाई भारतको सेनामा भर्ना गराई लडाउने मराउने गोर्खा भर्ती खारेज गर्ने, भारतसँगको खुला सीमा बन्द गरी नियमन गर्नेलगायत दुई देशको हितका विषय समितिको भ्रमण टोलीले भारतसँगको बैठकमा नउठाएको आपत्ति नै हो ।

प्रधानमन्त्री, मन्त्री र सांसदहरूको विदेश भ्रमण नेपालकै बजेटबाट हुनु आवश्यक छ । भारतीय दूतावासको खर्चमा भारत भ्रमणमा जाँदा प्रतिनिधि मण्डलले नेपालको हितमा विषय सूची राख्न सक्ने छैन । यसतर्फ समिति सभापतिको ध्यानाकर्षण गराउन चाहन्छु ।

भारत भ्रमणमा लावालस्करसहित स्वागत गरियो भनी नेपाली टोली मख्ख हुनु हुँदैन । दिल्लीले सिक्किमका लेन्डुप दोर्जेलाई पनि रातो कार्पेट ओछ्याएर बरोबर स्वागत गरेको थियो । सिक्किम भारतमा विलय भइसकेपछि सडकका कुकुरजस्तै लेण्डुपको मृत्यु भयो । दुई देशको आ-आफ्नो स्वार्थ हुन्छ । नेपालको व्यापारघाटा भारतसँग ९० प्रतिशत भइरहेको छ । जसको हातमा अर्थतन्त्र हुन्छ, राजनीति उसैले कब्जा गर्छ । भारतनिर्भर नेपालको अर्थतन्त्रले नेपालको राजनीति पनि भारतको कब्जामा पर्ने निश्चित छ । माछा मार्नेले बल्छीमा गड्यौँला राख्छ । कागले कोइलीको तारिफ गरेर मासुको चोक्टा खसाल्न लगाउँछ । युरोपेलीहरूले ऐना देखाएर अफ्रिकीहरूको हिरा खानी कब्जा गरेका थिए । नेपालीमा उखान छ - 'सित्तैमा पाए नौ (९) पाथी चूक खाने ।' अर्काको सित्तैमा खान हुँदैन । भारतीय दूतावासको पैसामा भ्रमणमा जानु नेपालको हितमा छैन ।

काठमाडौँका कति घरहरू विदेशीको कब्जामा गइसके । इटुँबहाल चोककै घरहरू पनि विदेशीको कब्जामा गएका छन् । गाउँ कब्जापछि सहर कब्जा गरिने हो । भारतीय पुरातत्त्वविद्हरूले रामायण कथा काल्पनिक भएको बताएका छन् । सीता र रामको नाममा नेपाल-भारत सम्बन्ध जोड्ने धरातलीय यथार्थमा पर्दैन । नेपाल-भारतबिच एक अर्कोलाई मानार्थ सेनापतिमात्र होइन, सार्कमा एउटै सेनापति राख्ने पनि चर्चा चलेको थियो । माओवादी गृहयुद्धको बेला सार्कको एउटै कम्युनिस्ट पार्टी बनाइने पनि चर्चा चलाइयो । यसबारे हाम्रो संसद सचेत हुनु जरुरी छ ।

'सयौँ थुङ्गा फूलका हामी' राष्ट्रिय गान गाइए पनि नेपालमा जातीय दमन यथावत छ । लुटेर खानेहरूको कुरा सुन्नु हुँदैन । स्वीस भूगर्भ शास्त्री टोनी हेगनले नेपाललाई स-साना जलविद्युत् आयोजना उपयुक्त हुने सुझाव दिनुभएको थियो । तर, सरकारहरू ठुल्ठुला जलविद्युत्बारे भारतसँग सम्झौता गर्दै छन् र भारतबाट महँगोमा खाना पकाउने ग्यास र पेट्रोलियम पदार्थ किन्दै छन् । चार खम्बाको भवनमा एउटा खम्बा बिग्रिँदैमा घर भत्किँदैन । राजनैतिक नेतृत्वले बिगारे कर्मचारीले रोक्नु जरुरी छ । कर्मचारीले देशको अहित नगर्ने सपथ खाएको हुन्छ ।

हिन्दुस्तानमा हिन्दू-मुसलमान लडाइँ हुँदा आफ्नै कम्पाउण्डभित्र श्रीमती र छोरीहरू बलात्कृत भए । यस्तो घटना हेर्न नसकेपछि कतिले आफ्ना श्रीमती र छोराछोरीको हत्या आफै गरे र आफू पनि गोली खाएर मरे । यसतर्फ पनि यो संसद र सांसदहरू सचेत हुनु आवश्यक छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० माघ २४ गते सङ्घीय संसदको तेस्रो अधिवेशनअन्तर्गत प्रतिनिधिसभाको दोस्रो बैठकमा विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

**सडक एउटा सरकारको अर्को कुरा गर्ने शासक पार्टीहरूको कारण देश र जनताको हितमा कानुन बनेन**

सडकमा देश र जनताका हितका विषय उठाउने शासक दलहरूले सरकारमा गएपछि उल्टो काम गरेको हुँदा गुणस्तरीय कानुन निर्माण नभएको हो ।

नेपालको संविधानमा समाजवादउन्मुख प्रावधान छ । भारत, श्रीलङ्का, बङ्गलादेशको संविधानमा यस्तो प्रावधान उल्लेख छैन । यसकारण, विधेयक पारित गर्न ती देशको अभ्यास अनुकरण गर्नु नेपाललाई उपयुक्त हुनेछैन । यतातिर सांसदहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।


समाजवादउन्मुख संविधानअनुसार कामदारवर्गको सरकार गठन, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शोषण गर्न नपाउने बन्दोबस्तसहितको कानुन निर्माण हुनु आवश्यक छ । तर, शासक दलहरूले स्रोत नखुलेको सम्पत्ति वैध बनाउने, जन्मको आधारमा विदेशीलाई नागरिकता दिने कानुन बनाएको र अमेरिकी नीति तथा कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता बहुमतबाट पारित गरे । हामीले यस्ता विधेयकमा विरोधको सूचना राख्यौँ । अध्यादेशलाई अस्वीकार गऱ्यौँ । नीति तथा कार्यक्रम र बजेटमा संशोधन पेस गऱ्यौँ र देशघाती सम्झौताको विपक्षमा मत दियौँ तर शासकहरू मिलेर देशघाती विधेयक सम्झौता बहुमतबाट पारित गरियो ।"

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'सुधारौँ सोच, संस्कार र व्यवहार, नियन्त्रण हुन्छ भ्रष्टाचार' नारा दियो तर सत्ता गठबन्धनका नेताहरू नै गठबन्धन सरकारको कारण भ्रष्टाचार बढेको बताउँदै छन् । यो वर्षको प्रतिवेदनमा पनि नेपाल भ्रष्टाचारको १०८ औँ स्थानमा पऱ्यो ।

जनताको राय लिन विधेयकमा जिल्ला जिल्लामा पठाउनु जरुरी छ । २०७७ सालको विधेयक २०८० सालमा संसद्बाट पारित गर्नु व्यावहारिक होइन । एउटा सदनमा पेस भएको विधेयक सोही सदनको बैठकबाट पारित नभए स्वतः निष्क्रिय हुने व्यवस्था जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सङ्घीय संसद सचिवालयको मानव संशाधन विकास महाशाखाअन्तर्गतको संसदीय शाखाद्वारा २०८० माघ २९ गते आयोजित सांसद प्राज्ञ बहस कार्यक्रममा राख्नुभएको मन्तव्यको सार-सं.)*

# अख्तियार र भ्रष्टाचार नियन्त्रण गर्ने निकाय निकम्मा हुन् र ?




शुक्र

नेपालमा राजनीतिक संरक्षणकै कारण भ्रष्टाचार बढ्दो छ । हरेक ठूला भ्रष्टाचारका काण्डमा राजनीतिक नेतृत्व कहीँ न कहीँ जोडिने गरेको छ । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व चुहावट नियन्त्रण कार्यालय, सम्पत्ति शुद्धीकरण विभागलगायत निकाय भए पनि ती सबै निकम्मा सावित भइरहेको छ । माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो ३३ औँ स्थापना दिवस मनायो । स्थापना दिवसमा प्रधानमन्त्री पुष्पकमल दाहालले भ्रष्टाचार नियन्त्रणमा सरकार निर्मम भएको बताए । तर, सरकारकै मिलिमतोमा भ्रष्टाचारीहरू अदालतको आदेशबाट रिहा भइरहेका छन् ।

अख्तियार प्रमुख प्रेमकुमार राईले अनुचित कार्य, स्वार्थको द्वन्द्व, निजी र गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको अनुसन्धान गर्ने कानुनी व्यवस्था नभएको गुनासो गरे । उनी आफै सरकारी सचिव हुँदा त्यस्तो कानुन बनाउन के पहल गरे ?

दैनिकरूपमा प्रकाशित समाचारले पनि नेपालमा भ्रष्टाचार र अनियमितता बढेको देखाउँछ । कपडा व्यापारी अवैध कारोवारको एजेन्ट रहेको समाचार छ । अमेरिकाबाट तस्करी हुने गाँजामा नक्कली नागरिकता र कागजातका कम्पनी संलग्न भएको समाचार छ ।

गत आवमा अख्तियारमा परेको उजुरीमध्ये सङ्घ, प्रदेश र स्थानीय तहमा भएको भ्रष्टाचारसम्बन्धी बढी उजुरी परेको समाचार छ । सङ्घ, प्रदेश र स्थानीय तहबारे ३५.९५ प्रतिशत उजुरी पऱ्यो । जनप्रतिनिधिहरू नै भ्रष्टाचारमा परेको समाचार छ । प्रशासनिक कार्यलाई समेत नीतिगत विषय बनाई मन्त्रीपरिषद्बाट निर्णय गराइएको अख्तियार दुरुपयोग नै हो ।

गिरीबन्धु टी स्टेटको जग्गा साटफेर गर्ने विषयमा मन्त्रीपरिषद्ले गरेको निर्णयलाई सर्वोच्च अदालतले बदर गऱ्यो । के तत्कालीन प्रधानमन्त्रीलाई बचाउन सर्वोच्चले गिरिबन्धुको फैसला गरेको त होइन ? नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने, ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, सार्वजनिक पोखरी र जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट क्वीन्टलका क्वीन्टल सुन तस्करी गर्ने, नक्कली कागजात बनाएर मानव तस्कर गर्ने सयौँ काण्डमा परेका शासक दल र सरकारी अधिकारीहरूलाई कारबाही गर्नु जरुरी छ ।

# नेपालमा शान्ति प्रक्रिया कहिले टुङ्गो लाग्छ ?

✍ विवेक

**सार्वभौम सत्ताको अर्थ सर्वोच्च शक्ति हो । प्रजातन्त्रमा त्यो जनतामा रहन्छ । जनताले निर्वाचनमार्फत आफ्ना प्रतिनिधिलाई सुम्पन्छन् र प्रतिनिधिले त्यो अधिकार प्रयोग गर्छन् । जनताका प्रतिनिधिहरूले त्यो अधिकार प्रयोग गरेर ऐन–कानुनहरू निर्माण गर्छन् । तर पछिल्लो समय सरकारका निर्णयहरू अदालतले एक एक गरेर बदर गरेसँगै सार्वभौम सत्ता कहाँ छ भन्नेबारे प्रश्न उठेको छ ।**

माओवादी अध्यक्ष पछिल्लो पटक प्रधानमन्त्री भएपछि २०५२ साल फागुन १ गते 'जनयुद्ध' सुरु गरेको सम्झनास्वरूप सरकारले देशभर बिदा दिने निर्णय गर्‍यो । मन्त्रिपरिषद्को त्यो निर्णयको धेरैले विरोध गरे । त्यो निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा समेत पर्‍यो । अदालतले २०८० पुस १३ गते सरकारको त्यो निर्णय बदर गरी दियो । उक्त फैसलामा भनिएको छ, 'संविधानले नचिनेको जनयुद्ध शब्दको प्रयोग गरी दिवस भनी सार्वजनिक बिदा दिने सरकारको निर्णय संवैधानिक व्यवस्था, संविधानमा प्रयोग भएको शब्द, संवैधानिक नैतिकता, संविधानको मर्म, परिलक्ष्य र मूल भावनाअनुकूल देखिन आएन ।'

हो, संविधानमा कहीँकतै पनि जनयुद्ध शब्दको प्रयोग भएको छैन । संविधान निर्माणको क्रममा माओवादीहरूले 'जनयुद्ध' शब्द राख्न जोड दिए पनि अन्य पार्टीहरू त्यसको पक्षमा थिएनन् । नेकाले २००७ साल, २०१७ साल र त्यसपछि पटक पटक गरेको सशस्त्र सङ्घर्ष र एमालेले पनि २०२८ सालपछि गरेको 'झापा विद्रोह' गर तथा २०४२ सालमा राम राजाप्रसाद सिंहले गरेको बम काण्ड समेतलाई सम्बोधन हुने गरी 'सशस्त्र द्वन्द्व' वा 'सशस्त्र सङ्घर्ष' शब्दको प्रयोग गर्न सहमति भएको थियो ।

सरकारको निर्णयलाई स्वीकार गरेर 'जनयुद्ध' दिवस भनेर बिदा दिएजस्तै भोलि नेकाले बिपी जयन्ती, एमालेले पुष्पलाल र मदन भण्डारीको नाउँमा बिदा दिन थाले के होला ? अहिले नै संसारभरमा सबभन्दा बढी बिदा भएको मुलुकहरूमध्येमा नेपाल परेको छ ।

१० वर्ष सशस्त्र सङ्घर्ष गरेर शान्ति प्रक्रियामा आएपछि २०६४ सालको संविधानसभा निर्वाचनमा माओवादी पहिलो दल बन्यो । नेका र एमालेजस्ता दोस्रो र तेस्रो दलहरू माओवादीको कार्यशैलीप्रति सन्तुष्ट थिएनन् । त्यस्तो अवस्थामा सहमतिबाट संविधान लेख्नु कम चुनौतीपूर्ण थिएन । संविधान लेखन सहजताको लागि विषयगत समितिहरू बनाइएका थिए । त्यसमध्ये संवैधानिक समिति संविधान निर्माणको एउटा महत्त्वपूर्ण समिति थियो । उक्त समितिमा ६३ जना सदस्यहरू थिए । बहुमतबाट सबै कुराको निर्णय हुने व्यवस्था थियो ।

### संविधानसभामा जनयुद्ध शब्द कसरी अस्वीकृत भयो ?

२०६६ साल पुस १० गते संवैधानिक समितिमा 'जनयुद्ध' शब्दमा मतदान हुँदा समितिको बहुमतले अस्वीकृत गरेको थियो । त्यतिबेला निलाम्बर आचार्य समितिका सभापति थिए । प्रस्तावमा आएका सबै शब्द, वाक्य र प्रावधानहरूबारे मतदान भएको थियो । ६३ जना सदस्य भए पनि जम्मा ५६ जना मात्रै मतदान योग्य सदस्य थिए । २९ जनाको बहुमत पुर्‍याउनुपर्थ्यो तर 'जनयुद्ध' शब्दमा मतदान हुँदा माओवादीका २० जनाले बाहेक कसैले पनि पक्षमा मतदान गरेन । त्यस प्रस्तावको विपक्षमा ३० र मधेसी सभासदहरूले मतदानमा भाग लिएनन् ।

सोही दिन भएको मतदानबाट समाजवादउन्मुख गणतन्त्र शब्द बहुमतले पारित गर्‍यो । त्यो नेमकिपाको प्रस्ताव थियो । त्यो प्रस्तावमा माओवादी, नेका, एमाले, मालेसमेतले समर्थन गरेपछि अत्यधिक बहुमतबाट पारित भयो । नेकाका नेताहरू रामचन्द्र पौडेल र विमलेन्द्र निधिले आफ्ना पार्टीका सांसदहरूले झुक्किएर मात्रै 'समाजवादउन्मुख' शब्दको पक्षमा मतदान गर्न पुगेको भन्दै मत सच्याउन आग्रह गरे । तर, सभापति आचार्यले त्यसलाई अस्वीकार गरे र पारित प्रस्तावअनुसार अघि बढ्ने बैठकले निर्णय गर्‍यो । संविधानसभाबाट निर्मित संविधानमा राज्यको परिभाषा, निर्देशक सिद्धान्तसमेतमा 'समाजवादउन्मुख' गणतन्त्र उल्लेख हुनु त्यसैको परिणाम हो ।

माओवादीहरू शान्ति प्रक्रियामा आएको १८ वर्ष भयो तर शान्ति प्रक्रिया अझै टुङ्गोमा पुग्न सकेको छैन । सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग गठन भएकै दशक बितिसक्यो तर शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउनेमा कुनै सरकारले ध्यान दिएन । सशस्त्र सङ्घर्षको नेतृत्व गर्ने प्रचण्ड र त्यसलाई दमन गर्ने नेकाका सभापति शेरबहादुर देउवा बढी सक्रिय हुनुपर्ने हो । माओवादी र नेकाको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि बेवास्ता गरेको परिणाम उनीहरूले नै भोग्नुपर्ने छन् ।

### सङ्क्रमणकालीन न्यायको अर्थ ?

सङ्क्रमणकालीन न्यायको अर्थ द्वन्द्वकालमा भएका मानव अधिकार हननका विरुद्धका कसुर रोक्ने, कसुर दोहोरिन नदिने, पीडितलाई आत्मसम्मानको भावना जगाउने र मेल मिलापको वातावरण तयार गर्ने हो । तर द्वन्द्व पीडितहरू लामो समयसम्म आफ्नो समस्याप्रति राज्य गम्भीर नभएको भन्दै निकै असन्तुष्ट र आक्रोशित देखिन्छन् । कतिपय त न्यायको लागि अदालतसम्म पुगिसकेका छन् । अदालतले पनि क्रुर हत्या, गम्भीर प्रकारका मानव अधिकारका विषयमा क्षमादान दिन नमिल्ने निर्णय गरिसकेको छ । यसले शान्ति प्रक्रिया टुङ्गोमा पुर्‍याउन झन् जटिल बन्दै गएको छ ।

मानव अधिकारको विषय वा सङ्क्रमणकालीन न्यायका विषयमा राष्ट्रिय कानुनले समाधान गर्न नसकेको खण्डमा अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन्छ । पीडितहरूले घटनाको सत्य तथ्य थाहा पाउने अधिकार सुरक्षित गर्ने, गम्भीर प्रकारका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा संलग्नहरूलाई कानुनी कारबाही गर्ने, पीडितलाई क्षतिपूर्ति वा परिपूरणको व्यवस्था नै शान्ति प्रक्रियालाई अन्तिम टुङ्गोमा पुर्‍याउने विधि र प्रक्रिया हुन् ।

### सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पेश होला ?

प्रधानमन्त्री प्रचण्डले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक चालु अधिवेशनमा पेश गर्ने बताउँदै आएका छन् । ठूला दलहरूबिच सहमति खोज्ने क्रममा राष्ट्रियसभामा ६ सिट एमालेलाई दिई सहमतिमा ल्याउन माओवादी तयार भए पनि माधव नेपालले त्यसलाई अस्वीकार गरेपछि सहमति हुन नसकेको बताइन्छ ।

शासक दलमा सल्लाहकारहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले नियुक्त गरेको 'रअ' र 'सिआइए' का एजेन्टहरू छन् । उनीहरू जे चाहन्छन्, नेपाली नेताहरू त्यही गर्न बाध्य छन् । नेपालीहरूबिच द्वन्द्व चलिरहेसम्म आफ्नो स्वार्थ अनुकूल काम गर्न पाउने कुरा उनीहरूलाई राम्रै थाहा छ ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनिया गुटेर्रेसले यही वर्ष नेपालको भ्रमण गरे । उनले नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुर्‍याउन आग्रह गरे । नेपालको प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त सभामा गरेको सम्बोधन पछि प्रधानमन्त्री प्रचण्ड निकै हौसिए । प्रश्न उठ्छ के शान्ति प्रक्रियाको काम गुटेर्रेसले भनेपछि मात्रै गर्ने हो ? समस्या नेपालीहरूको हो, नेपाली नेताहरूले नै समाधान खोज्न सक्नुपर्थ्यो । हरेक विषयमा विदेशी सल्लाहकारहरूको निर्देशन सुन्ने बानीले हाम्रा नेताहरू आफै केही गर्न नसक्ने अवसथामा पुगेका छन् ।

द्वन्द्वकालमा बेपत्ता भएका मानिसहरूको अवस्था सार्वजनिक गर्न विदेशीको निर्देशन पर्खिनुपर्छ र ? सूचनाका विभिन्न माध्यमहरू प्रयोग गरेर वास्तविक स्थिति थाहा पाउन किन सकिँदैन । आयोगहरू गठन गर्ने र आयुक्तहरू नियुक्त गरेर कार्यकर्तालाई जागिर मात्रै खुवाउने बानीले अहिलेसम्म बेपत्ता छानबिन आयोग निष्कर्षमा पुग्न नसकेको हो । समयमा काम गर्न नसकेमा आयोगका पदाधिकारीहरूलाई कारबाहीको व्यवस्था गरेको भए अहिलेसम्ममा त्यो जे जस्तो भए पनि टुङ्गी सक्थ्यो ।

जनताले १० वर्षे द्वन्द्वकाल बिर्सन थालेका छन् । उनीहरूले गरेका ध्वंश र हत्या मात्रै सम्झेका छन् । त्यहीअनुरूप अहिले कानुनी कारबाही पनि चल्न थालेका छन् । द्वन्द्वकालमा हत्या गरिएकाहरूले नै प्रचण्डलगायतका माओवादी नेताहरूको विरुद्ध अदालतमा मुद्दा दर्ता गर्दै छन् । द्वन्द्वकालका मुद्दाहरू व्यक्तिगत मुद्दामा रूपान्तरण हुँदै छन् । शान्ति प्रक्रिया जति ढिलाइ हुन्छ, त्यति नै माओवादी नेताहरूको निम्ति खतरा हुन्छ । 'प्रचण्ड' लगायत माओवादी नेताहरूको टाउकोमाथि कुनै पनि बेला खतराको घण्टी बज्नेछ ।

### सार्वभौमसत्ता जनतामा कि अदालतमा ?

सार्वभौम सत्ताको अर्थ सर्वोच्च शक्ति हो । प्रजातन्त्रमा त्यो जनतामा रहन्छ । जनताले निर्वाचनमार्फत आफ्ना प्रतिनिधिलाई सुम्पन्छन् र प्रतिनिधिले त्यो अधिकार प्रयोग गर्छन् । जनताका प्रतिनिधिहरूले त्यो अधिकार प्रयोग गरेर ऐन-कानुनहरू निर्माण गर्छन् । तर पछिल्लो समय सरकारका निर्णयहरू अदालतले एक एक गरेर बदर गरेसँगै सार्वभौम सत्ता कहाँ छ भन्नेबारे प्रश्न उठेको छ ।

के.पी. ओली सरकारले दुई पटकसम्म प्रतिनिधिसभा विघटन गरे त्यसलाई अदालतले बदर गरिदियो, गणतन्त्र दिवसको अवसरमा छोडिएका बन्दीहरूमध्ये योगराज ढकाल (रिगल) लाई पुन: पक्राउ गरी कारबाही गर्न आदेश जारी गर्‍यो र पहिलो चरणमा 'जनयुद्ध' दिवसमा बिदा दिने निर्णय पनि अदालतले बदर गरी दियो । पछिलो दुई वटा मुद्दामा अदालतले बोलेकोमा केही भन्नुछैन । तर, निर्वाचित प्रधानमन्त्रीले गरेको प्रतिनिधिसभा विघटनलाई बदर गर्नु र अदालतले नै प्रधानमन्त्री नियुक्ति गर्नु भन्ने प्रजातन्त्रकै उपहास हो । सरकारका हरेक निर्णय यसरी नै अदालतले बदर गर्दै जाने परिस्थिति उत्पन्न भए भने गणतन्त्र अदालत निर्देशित हुन पुग्छ । अदालत निर्देशित गणतन्त्र जनताको लागि स्वीकार्य हुनेछैन ।

व्यक्ति बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप ऐन छिटो संशोधन पारित गरी शान्ति प्रक्रिया टुङ्गोमा पुर्‍याउन सकेन भने माओवादीहरूले अहिले सोचेको भन्दा धेरै गुणा बढी कठोर अवस्था सहनुपर्ने दिन आउन सक्छ । 'ओरालो लागेको बाच्छोलाई मृगले पनि खेद्छ' भनेझैँ दाह्रा र नङ्ग्रा नभएको बाघदेखि कोही डराउने छैनन् । माओवादीले सरकारमा बसेर होइन सरकार बाहिर बसेर आफ्नो शक्ति आँकलन गरेको भए राम्रो हुने थियो कि ?

# क्युवाको कृषि - ५

✍ रामरतन चौधरी

उत्तर एटलान्टिक सागरभन्दा दक्षिण र क्यारेवियन सागरभन्दा उत्तरमा पर्ने क्युवाको क्षेत्रफल १ लाख ९ हजार ८ सय ८४ वर्ग किमी छ । यहाँको जनसङ्ख्या करिब १ करोड १३ लाख ४० हजारको हाराहारीमा छ । नेपालभन्दा सानो यो देशले कृषि क्षेत्रमा गरेको विकास उदाहरणीय छ ।

**नेपाल कृषि प्रधान देश हो । तर, नेपालको शिक्षा प्रणाली उत्पादन श्रमसँग जोडिएको छैन । नेपालमा विदेशी हाइब्रिड बिउले नेपाली रैथाने बिउलाई विस्थापित गर्दैछ । कृषिमा हामी बिस्तारै परनिर्भर हुँदैछौँ । खाद्य बालीमा अत्यधिक रसायन र विषादीको प्रयोगले नेपालीको स्वास्थ्य र पर्यावरणमा समेत नकारात्मक असर पर्दै छ । नयाँ पुस्तामा कृषिप्रति लगाव देखिँदैन । गाउँबाट सहर बसाइँ सर्ने र बिदेसिने क्रम पनि बढ्दै छ । गाउँका खेतीयोग्य भूमि बाँझो हुँदै छ । नेपालीलाई चाहिने खाद्यान्न हामीले विदेशबाट आयात गर्नु परेको छ ।**

फिडेल क्यास्ट्रो नेतृत्वको क्युवाले अमेरिकी नाकाबन्दीको कारण भोग्नुपरेको सङ्कटबाट ठूलो पाठ सिक्यो । अमेरिकी नाकाबन्दीपछि क्युवाली जनताले उपचारको निम्ति औषधीसमेत पाएनन् । तब क्युवालीहरूले बाँच्नको निम्ति अनेक उपाय लगाए । उनीहरूले रोगको उपचार गर्न जडीबुटीको खेतीलाई अगाडि बढाए । क्युवाली भूमिमा पाइने जडीबुटीबारे खोज र अनुसन्धानलाई जारी राखे । सामान्य रोग निको पार्न क्युवालीहरूले आफैले उत्पादन गरेको आयुर्वेद औषधीहरूको प्रयोग सुरु गरे । नाकाबन्दीको करिब एक दशकभित्रै स्वास्थ्य उपचारमा क्युवाले सफलता हासिल गर्‍यो ।

अमेरिकी नाकाबन्दी र सोभियत सङ्घको विघटनपछि क्युवामा उत्पन्न सङ्कटबाट मानिसहरू हतोत्साही हुन थाले । त्यतिखेर क्युवालीहरू निराश हुँदै बिदेसिने लहरै चलेको थियो । सङ्कटको थालनी हुनुअघि क्युवाली किसानका छोराछोरीहरू गाउँमा बस्न र खेतीपाती गर्न पटक्कै रुचाउँदैनथे । उनीहरूमा गाउँमा खेती गरेर बस्नु भनेको गरिबी र विकासविहीनताको निरन्तरता हो भन्ने लाग्दथ्यो । तर, क्यास्ट्रो नेतृत्वको क्युवाले जनतामा आफ्नो अस्तित्वको निम्ति सङ्घर्ष गर्नुपर्छ; कृषि सम्मानित पेशा हो र यसैले आत्मनिर्भर बनाउँछ भन्ने भावना जागृत गरायो । तत्पश्चात् विदेश नगई स्वदेशमै बसेका क्युवालीहरूले 'हो हामी गर्न सक्छौँ' भन्ने आत्मविश्वासका साथ कृषि क्रान्तिलाई अगाडि बढाए । कृषिको जैविक क्रान्तिले नै क्युवालीहरूको जीवन रक्षा गर्‍यो । अहिले क्युवामा कृषि गर्नेहरूको आम्दानी निकै बढेको छ । किसानहरूले डाक्टर या अरू व्यवसायीहरूले भन्दा बढी कमाउन थालेका छन् । क्युवालीहरू गाउँतिर खेती गरेर जीविका चलाउन बसाइँ सर्दै छन् ।

सन् १९९९ मा विश्व खाद्य तथा कृषि सङ्गठन एफएओ (Food and Agriculture Organization) प्रतिवेदनले सन् १९९४ यताको पाँच वर्षमा क्युवाको तरकारी उत्पादन चार गुणाले, कन्दमूल र केराको उत्पादन तेब्बर, अन्न उत्पादन ८० प्रतिशत, दलहन ६० प्रतिशत र अमिलो वर्गका फलफूल उत्पादन ११० प्रतिशतले बढेको देखायो । एफएओले मानिसलााई प्रतिव्यक्ति दैनिक २,४०० क्यालोरी र ७२ ग्राम प्रोटिन आवश्यक पर्छ भनेर सिफारिस गरेको छ । तर, सहस्राब्दीको अन्तसम्ममै क्युवामा प्रतिव्यक्ति दैनिक खाद्यान्नको प्राप्ती २६०० क्यालोरी र ६८ ग्राम प्रोटिन पुगिसकेको थियो । अहिले त झन् धेरै सुधार भइसकेको छ ।

सङ्कटपछि क्युवालीहरूले आफ्नो खानपानमा पनि सुधार गरे । स्वास्थ्यलाई प्रतिकूल प्रभाव नपार्ने शाकाहारी तथा कम चिल्लो भएको सन्तुलित भोजनलाई उनीहरूले ध्यान दिए । खानामा गुणात्मक वृद्धि, विविध प्रकारका खानेकुराको उपलब्धता, जैविक र विषादीरहित ताजा फलफूल, तरकारी र सागपातले क्युवालीहरूको स्वास्थ्यमा महत्त्वपूर्ण प्रभाव पार्‍यो ।

अमेरिकाले लगाएको अमानवीय नाकाबन्दीको झन्डै ६० वर्ष पछाडि पनि क्युवाको शिशु मृत्युदर संरा अमेरिकाको भन्दा कम छ । सन् १९६० पछि क्युवाको स्वास्थ्य उपचारसम्बन्धी नीति जनतालाई स्वस्थ बनाएर रोगै लाग्न नदिने सोचमा आधारित छ । सन् २००२ सम्ममा मुटुसम्बन्धी रोग विश्वका अरू देशमा बढिरहँदा क्युवामा भने सन् १९७० को तुलनामा ४५ प्रतिशतले कमी आयो ।

क्युवालीहरूले आफ्नो करेसाबारीमा उत्पादन भएका खाद्यान्न, तरकारी सामाजिक सद्भाव कायम राख्न अलि विपन्न तथा वृद्धवृद्धा छिमेकीहरूलाई बाँड्ने पनि गर्छन् । छरछिमेकमा रहेका स्याहार केन्द्र, प्राथमिक विद्यालयहरू र वृद्धाश्रममा बाँड्न स्थानीय सरकारले नै उनीहरूलाई उत्साहित गर्छन् । एकले अर्कालाई बाँड्ने र सहयोग गर्ने भावनाले क्युवाली जनताबीचको सम्बन्धलाई झन बलियो बनायो । कृषिमा भएको जैविक क्रान्ति हेर्न पर्यटकहरूको भीड लाग्न थाल्यो । क्युवाको कृषिले क्युवामा रोजगारी पनि बढायो । खाद्यान्नको पर्याप्ततापछि चोरीको डर पनि भएन । आफ्नो खेतबारीमा क्युवालीहरूले अग्लो पर्खाल लगाउनु परेन ।

क्युवालीहरूले आफ्नो खेतबारीमा एकै प्रकारको बाली लगाएनन् । एकै प्रकारका बालीले माटोको स्वास्थ्यमा असर पर्छ भन्ने बुझेर उनीहरूले विविध प्रकारका बाली लगाएर आफ्नो लागि चाहिने खाद्यान्न आफै उत्पादन गरे । स्थानीय बिउलाई पनि जोगाए ।

क्युवाको महत्त्वपूर्ण पाटो भनेको शिक्षा पनि हो । क्युवाको शिक्षा गुणस्तर विश्वकै उच्चकोटीमा पर्छ । अहिले क्युवाली जनता पूर्ण साक्षर छन् । क्युवाले शिक्षालाई उत्पादन श्रमसँग जोड्यो । यसले पनि कृषिलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो ।

नेपाल कृषि प्रधान देश हो । तर, नेपालको शिक्षा प्रणाली उत्पादन श्रमसँग जोडिएको छैन । नेपालमा विदेशी हाइब्रिड बिउले नेपाली रैथाने बिउलाई विस्थापित गर्दैछ । कृषिमा हामी बिस्तारै परनिर्भर हुँदैछौँ । खाद्य बालीमा अत्यधिक रसायन र विषादीको प्रयोगले नेपालीको स्वास्थ्य र पर्यावरणमा समेत नकारात्मक असर पर्दै छ । नयाँ पुस्तामा कृषिप्रति लगाव देखिँदैन । गाउँबाट सहर बसाइँ सर्ने र बिदेसिने क्रम पनि बढ्दै छ । गाउँका खेतीयोग्य भूमि बाँझो हुँदै छ । नेपालीलाई चाहिने खाद्यान्न हामीले विदेशबाट आयात गर्नु परेको छ ।

क्युवामा अमेरिकाले लगाएको अमानवीय नाकाबन्दी जस्तै भारतबाट हामीले पनि पटक पटक नाकाबन्दी व्यहोरेका छौँ । यसर्थ क्युवाको कृषि क्रान्तिको पाठ हाम्रो लागि पनि उपयोगी हुन्छ ।

रासायनिक मल र विषादी प्रयोग गरेर उत्पादन गरिरहेको मुलुकमा जैविक खेतीले मात्र देशलाई आवश्यक खाद्यान्न आपूर्ति गर्न सक्ला भन्ने प्रश्न उब्जनु स्वाभाविक हो । हाम्रो जस्तो देशमा जैविक खेतीको चर्चा त हुन्छ तर लागू गर्ने दृढ सङ्कल्प सरकारको देखिँदैन । क्युवाको अनुभवले देशको लागि आवश्यक खाद्यान्न मात्रै होइन जैविक खेतीले वातावरणीय, पर्यावरणीय र आर्थिक फाइदाहरू पनि छन् भन्ने देखाउँछ । सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ ।

(सन्दर्भ सामग्री : जैविक क्रान्ति सन् १९९० देखि क्युवाको कृषिमा आएको रूपान्तरण, भूमिसुधारको अर्थराजनीति अन्तर्राष्ट्रिय अनुभव र नेपाल, फिडेल क्यास्ट्रो र क्युवाली समाजवाद पुस्तक)

*(२०८० माघ २८ गते)*

# नेपाल क्रान्तिकारी महिला सङ्घको आयोजनामा जुममा पार्टी स्थापना दिवस



भक्तपुर । नेपाल मजदुर किसान पार्टी स्थापनाको ५० वर्षको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिले अनलाइन प्रविधि जुममार्फत भएको एकहप्ते प्रशिक्षण शिविर कार्यक्रम माघ २३ गते सम्पन्न भयो

कार्यक्रमको अन्तिम दिन नेमकिपाका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले भन्नुभयो, "नेपालको कम्युनिस्ट आन्दोलनलाई संशोधनवाद र अवसरवादबाट जोगाउन २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना भएको हो । मार्क्सवादलाई हेरफेर गर्ने संशोधनवाद हो । संशोधनवादीहरू वर्गसङ्घर्षलाई त्याग्छन् र पुँजीवादी चुनावमा बहुमत प्राप्त गरेर सरकारमा जानु नै मुख्य ठान्छन् । ठूलो स्वार्थलाई छोडेर सानो स्वार्थमा केन्द्रित हुनु अवसरवाद हो । अवसरवादीहरू पुँजीवादी सरकारको मन्त्री खाएर ठूलो स्वार्थ समाजवाद र साम्यवादलाई छाड्छन् ।"

"नेपाल मजदुर किसान पार्टी स्थापना भएपछि अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लाई भेट्न पुष्पलालजी दरभङ्गा आउनुभयो । पुष्पलालजीले अध्यक्ष बिजुक्छेँलाई आफू पनि भक्तपुर आउने बताउनुभएको थियो । यसले नेपालको कम्युनिस्ट आन्दोलनमा संशोधनवादी र अवसरवादीहरूको घुसपैठ भइसकेको देखाउँछ । त्यसैको परिणाम अहिले नेपालको कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्यो । पार्टी अध्यक्ष बिजुक्छेँले कम्युनिस्टहरू पुँजीवादी सरकारमा जानु कामदारवर्गको विरोधमा शोषकवर्गसँग घूस खानुजतिकै हुने बताउनुभएको छ । अहिले एमाले, माओवादी, एकीकृत समाजवादी पार्टीहरू सरकारमा गएर कामदारवर्गलाई धोका दिँदै छन् ।

उहाँले कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन, सेवा सामाजिकीकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शोषण गर्न नपाउने समाजवाद हो भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "२०४६ सालको बहुदलीय व्यवस्था पुन:स्थापनालगत्तै नेपाल मजदुर किसान पार्टीले वाममोर्चामा तत्कालीन माले, मार्क्सवादी र संयुक्त नामका पार्टीलाई नेकाका कृष्णप्रसाद भट्टराई नेतृत्वको पुँजीवादी सरकारमा नजान सचेत गराएको थियो । त्यसबेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले उनीहरूलाई बहुदलको एक चम्चा पानीले जनताको प्यास नमेटिनेबारे स्पष्टसँग सम्झाउनुभएको थियो । तर, उनीहरू सहमत भएनन् र पुँजीवादी सरकारको मन्त्री खान गए ।"

उहाँले रूसमा फेब्रुअरी क्रान्तिपछि बनेको पुँजीवादी सरकारमा लेनिन नेतृत्वको बोल्सेभिक पार्टी सरकारमा गएन तर मेन्सेभिकहरू गए र उनीहरू समाप्त भए भन्नुभयो । उहाँले नेपालमा पुँजीवादी सरकारमा गएका माले र मार्क्सवादी एक भएर एमाले बन्यो भने संयुक्त (विष्णुबहादुर मानन्धर) बाट मन्त्री भएका नीलाम्बर आचार्य नेकामा गए, अहिले संयुक्त पार्टी माओवादीमा विलय भयो भन्नुभयो ।

पुँजीवादी सरकारमा गएका नेपालका कम्युनिस्ट दाबी गरेका एमाले, माओवादी, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा, माले (सीपी मैनाली) को कारण नेपालको कम्युनिस्ट आन्दोलन कमजोर भएको उल्लेख गर्दै उहाँले बहुदल पुन:स्थापनालगत्तै पुँजीवादी सरकारमा गएको एमाले, काङ्ग्रेस साबित भयो भने २०६२/६३ सालको प्रतिगमनविरोधी जनआन्दोलनलाई पुँजीवादी सरकारमा गएको माओवादी भारतको ट्रोजन हर्स साबित भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले संसद् र स्थानीय तहको क्रान्तिकारी उपयोग देश र जनताको पक्षमा सङ्घर्ष गरिरहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "खाद्य स्वच्छतासम्बन्धी विधेयकको छलफल, कृषि समितिका सभापति सांसद आरजु राणाले नेपाल मजदुर किसान पार्टीलाई बोल्न नदिने नियत राखेकी थिइन् । हामीले रूसको प्रतिवाद गरेका हौँ । हामीलाई बोल्न दिन सभापति राणा बाध्य भइन् । हामीले कसैको दबाबको अगाडि देश र जनताको हितको विषयमा राख्न छाडेका छैनौँ ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नेपालको राजनीतिक डबलीमा साँचो कम्युनिस्ट पार्टीको कित्तामा नडगमगाई उभिन सफल एकमात्र कम्युनिस्ट पार्टी नेमकिपा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, नेमकिपाले संशोधनवाद, अवसरवाद र अराजकतावादको विरोध गर्दै सैद्धान्तिक सङ्घर्ष गरी कम्युनिस्ट आन्दोलन माथि उठाउँदै छ; जनतामा राजनीतिक चेतना दिँदै आफ्नो कर्तव्य पूरा गर्दै छ ।"

संशोधनवाद र अवसरवादले पुँजीवाद र साम्राज्यवादलाई झनै बलियो बनाउँछ तथा कम्युनिस्ट आन्दोलनलाई झनै कमजोर बनाउँछ । नेपालका कम्युनिस्ट नामधारी पार्टीहरू संशोधनवादी र अवसरवादी भएका छन्, उहाँले स्पष्ट गर्नुभयो ।

केन्द्रीय अध्यक्ष थापामगरले भन्नुभयो, "संसदीय बाटोबाट समाजवादी व्यवस्था स्थापना हुन्छ भन्नु जनतालाई छलछाम र धोका हो; क्रान्तिकारी सशस्त्र सङ्घर्षको विकल्प छैन; नेक्रामसङ्घ व्यापक कामगरी खाने वर्गका महिलालाई वर्गसङ्घर्षबारे शिक्षित गर्दै छ ।"

एक हप्तासम्म निरन्तर चलेको प्रशिक्षण शिविरमा पार्टी स्थापनाका आधारहरूबारे सुनिल दुवाल, फासीवाद र र नाजीवादबारे सुजन माक, कम्युनिस्ट घोषणापत्रबारे नरेश खत्री, इन्डोनेसियाको कम्युनिस्ट पार्टीको शिक्षाबारे प्रकाश श्रेष्ठ र इजरायली फासीवाद प्यालेस्टिनी भूमि कब्जा इतिहास र नरसंहारबारे सुरेश परियारले प्रशिक्षण दिनुभयो ।

नेक्रामसङ्घ भजिस अध्यक्ष सुजना सैंजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका पदाधिकारी र सदस्यहरूले बोल्नुभएको थियो ।

# युग अगाडि बढ्छ पछाडि होइन

विज्ञान र प्रविधिको यो २१ औं शताब्दीको युग हो । तद्अनुसार प्रगतिशील विचार र प्रतिगामी विचारको प्रतिस्पर्धामा प्रतिगामी पछि पर्नु स्वाभाविक हो । मानव सभ्यता र सम्पूर्ण मानव जातिकै हितमा शोषण र युद्धबिनाको समाजको निम्ति सबैसँग मिलेर काम गर्ने उद्देश्य प्रगतिशील पक्ष हो भने शोषण र युद्धको पक्षमा रहेको ऱ्हासोन्मुख पक्ष प्रतिगामी हो ।

पहिलो विश्वयुद्धमा प्रगतिशील पक्ष युद्धको विरोधमा थियो, युद्धकामीहरू पराजित भए र युद्धविरोधीहरू विजयी भए । जार (रुसी प्रतिगामीहरू) पराजित भए र बोल्सेविक पार्टी र सर्वहारावर्ग विजयी भए या समाजवाद विजय भयो । युरोपका विभिन्न देशमा शोषणविरोधी मजदुर आन्दोलन अगाडि बढ्यो र एसियाली र अफ्रिकी देशहरूमा स्वतन्त्रता र मुक्ति आन्दोलन अगाडि बढ्यो ।

पछि दोस्रो विश्व युद्ध भयो । शोषणका समर्थक र युद्धकामी शक्तिहरू हिटलर, मुसोलिनी र जापानी सैन्यवाद पराजित भए । सोभियत सङ्घ संसारको एक शक्तिको उदय भएसँगै पूर्वी जर्मनी, पोल्यान्ड, चेकोस्लाभाकिया, हङ्गेरी, युगोस्लाभिया, बुल्गेरिया, रोमानिया र अल्बानिया मुक्त भए । कोरिया युद्धले प्रजग कोरिया मुक्त भयो, मङ्गोलिया पनि समाजवादी शिविरमा पुग्यो र सन् १९४९ मा चीनमा जनवादी गणतन्त्र स्थापना भयो । यसरी शोषक, अत्याचारका समर्थक र युद्धपिपासु प्रतिगामीहरू साँगुरिँदै गए र एसिया र अफ्रिकी देशहरू एकपछि अर्को देश स्वतन्त्र हुँदै गए ।

अहिले अमेरिकी साम्राज्यवादको नेतृत्वमा नाटो देशहरू युद्धको तयारी गर्दै संसारलाई शोषण र युद्धबाट खरानी बनाउन चाहन्छन् जसरी इजरायल र अमेरिकाले प्यालेस्टिनी जनतालाई तीन महिनाभित्र लाखभन्दा बढी जनतालाई हताहत गरे ।

भारतीय दक्षिणपन्थी मोदी सरकार संसारको प्रवाहलाई बेवास्ता गर्दै अमेरिकी साम्राज्यवादको पछि लाग्दै गयो भने संसारका सबै प्रगतिशील पक्ष भारतीय र अमेरिकी प्रतिगमनको विरोधमा लाग्नेछन् । दक्षिणपूर्वी एसियाका जनता पनि अमेरिकी शिविरको विपक्षमा लाग्नेछन् किनभने दक्षिणपूर्वी एसियाली देशहरू पहिले पनि उपनिवेशवादी देशहरूबाट पीडित थिए । भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेश पनि बेलायती उपनिवेश र अमेरिकी साम्राज्यवादबाटै पिल्सिएका थिए । बर्मा, मलेसिया, सिङ्गापुर, इन्डोनेसिया पनि अमेरिकी साम्राज्यवाद, युरोपेली उपनिवेशवाद र जापानी सैन्यवादबाट पीडित थिए । भियतनाम, कम्बोडिया र लावस फ्रान्सेली उपनिवेशवाद, जापानी सैन्यवाद र अमेरिकी आक्रमणबाट पीडित थिए । फिलिपिन्स पनि अमेरिकी साम्राज्यवादको उपनिवेश थियो ।

जसरी कुकुरले हाडको टुक्रालाई छोड्दैन र बाँदरले धरापमा राखेको फलफूल छोड्दैन र मार खान्छ त्यस्तै अमेरिकी, बेलायती र अन्य नाटो साम्राज्यवादी र उपनिवेशवादीहरूले आ-आफ्नो पुराना उपनिवेशहरूलाई छोड्ने छैनन् र तिनीहरूको अन्त पनि त्यही हुनेछ ।

भारत जसरी माल्दिभ्सबाट फर्कन चाहँदैन, त्यस्तै ऊ नेपालमाथिको हस्तक्षेपबाट अलग हुन चाहँदैन । 'आर्थिक विकासमा सहयोग र संवादबाट समस्या समाधान गर्न भारत तयार' भन्दै भारत नेपालमा थिचोमिचो कायम राख्न चाहन्छ ('नयाँ पत्रिका, २१ माघ २०८०) ।

माल्दिभ्सका राष्ट्रपतिको भारतविरोधी बयान' ('नयाँ पत्रिका', २२ माघ २०८०) ले पनि दक्षिण एसियाली देशहरू भारतको थिचोमिचो र हस्तक्षेपको विरोधमा छन् भन्ने थाहा हुन्छ ।

अमेरिकी साम्राज्यवादले गएको हप्तामा इरान, सिरिया र इराकका सीमामा आक्रमण गरेको थियो भने मध्यपूर्वकै एक देश यमनमा 'रातो सागर' को बन्दरगाहमा अमेरिका र बेलायती लडाकु विमानद्वारा १६ वटा आक्रमण गरियो ।

यसरी अमेरिकी र बेलायती साम्राज्यवादले मध्यपूर्वमा एकपछि अर्को देशमा सैनिक हस्तक्षेप गर्दै नयाँ युद्ध भड्काउँदै छन् । तर, तिनीहरूलाई समयले प्रतिगामी र पराजयको भागी बनाउने पक्का छ ।

# सामाजिक सञ्जालको मिडियामा प्रभावबारे सम्पादक संवाद कार्यक्रम

काठमाडौं । स्वस्थ, स्वच्छ, स्वतन्त्र र मर्यादित पत्रिका भन्ने अवधारणाअनुसार काम गरिरहेको प्रेस काउन्सिल नेपालले शुक्रबार 'युट्युबसहित सामाजिक सञ्जालको मिडियामा प्रभाव' विषयक सम्पादक संवाद कार्यक्रमको आयोजना गऱ्यो ।

गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, विज्ञापन बोर्ड, देशका मुख्य मुख्य पत्रिकाका सम्पादक, फेसबुक, युट्युब, टिकटकजस्ता सामाजिक सञ्जालका सञ्चालक र त्यसमा आबद्ध व्यक्तिहरू, टीभीका विभिन्न च्यानलमा संलग्न सञ्चालक तथा अन्य विभिन्न सञ्चारकर्मीहरूको उपस्थितिमा भएको सो कार्यक्रम काउन्सिल नेपालको दोस्रो सृङ्खला हो ।

कार्यक्रमको प्रारम्भमा 'सेतो पाटी'का विनु सुवेदीले न्यु मिडियाको बेसिकबारे प्रस्तुतीकरण गर्नुभयो ।

सो अवसरमा उहाँले स-साना विषय पनि युट्युबमा आउनु र अश्लील र अपमानित शब्दको प्रयोग भइरहेकोमा चिन्ता व्यक्त गर्दै पुरानो र नयाँ कुरा समयले निर्धारण गर्ने विचार व्यक्त गर्नुभयो ।

रूचि श्रेष्ठले 'सामाजिक सञ्जाल र पत्रकारिता' बारे आफ्नो प्रस्तुति राख्दै प्रविधिको विकासलाई दुरूपयोग गर्न नहुने, विकासशील र शान्तिको देशमा युद्ध बाधक हुने र लोकतन्त्रको पक्षमा पत्रकारिताको उपयोग नभएको उल्लेख गर्नुभयो ।

प्रस्तुतीकरणको टिप्पणी गर्दै वसन्ती बास्कोटाले सामाजिक सञ्जाल र पत्रकारितालाई फरक ढङ्गले हेर्नुपर्ने, समस्याको समाधान खोज्नुपर्ने, सामाजिक सञ्जालमात्र होइन अन्य मिडियामा देखिएको समस्याको नियन्त्रण गर्नुपर्ने र समाचार सत्य र तथ्यपूर्ण हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

सम्पादक संवाद कार्यक्रममा वरिष्ठ पत्रकार किशोर नेपालले सामाजिक सञ्जालबारे सरकार नै स्पष्ट नभएको विचार राख्दै राज्य संयन्त्र माफियाको हातमा पुगेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

न्यायाधीशहरू नै भ्रष्टाचारमा फसेपछि न्याय कहाँ खोज्न जाने भन्ने प्रश्न गर्दै उहाँले सबै जना जिम्मेवार नहुँदा विसङ्गति बढेको उल्लेख गर्नुभयो ।

पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले फरक फरक दृष्टिकोणका सञ्चारकर्मीहरूको सैद्धान्तिक र बुझाइ पनि फरक फरक हुने विचार व्यक्त गर्दै अभिव्यक्ति स्वतन्त्रता पत्रकारिताको पेवा होइन, आलोचना सहन सक्ने क्षमताको विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पत्रपत्रिकामा विज्ञापन छापेबापत पाउने आर्थिक सहयोगमा चुहावट भए नियन्त्रण गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विज्ञापन चन्दा होइन, न त्यो बक्सिस नै हो भन्नुभयो ।

'मजदुर' दैनिकका सम्पादक उद्धव सुजखुले स्वतन्त्रता र प्रजातन्त्रको नाउँमा सामाजिक सञ्जालमा सामाजिक पक्षभन्दा व्यक्तिवादी चरित्र हावी भइरहेकोमा चिन्ता व्यक्त गर्दै सञ्चार क्षेत्र र स-साना कुरामा नअल्झी देशभक्तिपूर्ण कुराको प्रचार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सञ्चारकर्मीहरूले समाजवादउन्मुख संविधान लागु गर्नेतर्फ ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले अभिव्यक्ति स्वतन्त्रता भनेर जे पनि गर्ने र बोल्ने होइन, देश र जनताप्रति समर्पित भएर प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विज्ञापन बोर्डका लक्ष्मण हुमागाईंले राज्यले सञ्चालन गरेका पत्रपत्रिकाले नै कर तिर्नुपर्छ भने व्यापारी, व्यवसायी र निजीले सञ्चालन गरेको सामाजिक सञ्जाललाई कर कसरी फ्रि हुन्छ भनी प्रश्न गर्नुभयो ।

सामाजिक सञ्जालमा जाने विज्ञापन रोकेपछि देशको अरबौं रकम बचेको पनि उहाँले जानकारी दिनुभयो ।

यसरी नै बद्री सिङ्देल, दामोदर दवाडी, प्रदीप, अरूण बराल, केपी ढुङ्गाना, विश्व मोहन, गजेन्द्र, जीवन, एकराज पाठक, मिलन, पद्मराज जोशी, कल्पना आचार्य, ज्योति जोशी लगायतले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण भट्टराईले युट्युब, टिकटक र सामाजिक सञ्जाललाई कसरी ग्रहण गर्ने, अनुगमन र सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

काउन्सिलका प्रवक्ता दीपक खनालले सम्पादक संवादको आवश्यकताबारे चर्चा गर्नुभयो ।

# सिकाइ केन्द्रले सांस्कृतिक आचरण पनि सिकाउनुपर्ने

भक्तपुर । छालिङ सामुदायिक सिकाइ केन्द्रको दसौं साधारणसभा नेपाल मजदुर किसान पार्टीका सचिव तथा सङ्घीय सांसद प्रेम सुवालको आतिथ्यतामा शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा समुदायलाई जिउन सिकाउने सिकाइ केन्द्रले आर्थिक, सामाजिक, राजनीतिक र देशविदेशका घटनाक्रम सिकाउनुपर्ने, घरपरिवारमा सांस्कृतिक आचरण सिकाउनुपर्ने साथै सङ्गत गलत भएमा गलत बाटोमा लाग्ने र कुलतमा फस्ने कुरा बताउनुभयो ।

उहाँले संसद् सदस्यलाई भारतको लगानीमा विदेश भ्रमण कार्यक्रम राखेको कुरा हस्तक्षेपकारी कदम हो भन्नुभयो । संसद् सदस्य देशको सिमाना, प्राकृतिक स्रोत साधन विषयमा सजग हुनुपर्ने औँल्याउँदै उहाँले सिक्किमका लेन्डुप दोर्जेलाई भारतमा रातो कार्पेट ओछ्याएर पटक पटक स्वागत गरी लोभ्याएर सिक्किम भारतमा विलय भएको प्रसङ्ग बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले सिकाइ केन्द्रले समाजमा व्याप्त कुरीति, कुप्रथा तथा विभिन्न रोगहरूबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

सानुमाया लागेजूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सिकाइ केन्द्रका पूर्वअध्यक्ष सूर्यबहादुर फोजु, कोषाध्यक्ष कृष्णहरि फोजु र जीना चाकुतले पनि बोल्नुभएको थियो । कार्यक्रममा भावी योजना तथा आ.व. २०७९/८० को आयव्यय प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

# पातरासी गाउँपालिकामा कोणसभा

## जनताको प्रजातन्त्र प्राप्त गर्न नेमकिपा सङ्घर्षरत

जुम्ला । नेमकिपा जिल्ला समिति जुम्लाको आयोजनामा पातरासी गाउँपालिका वडा नं. ६ स्थित उर्थु बजारमा कोणसभा भयो ।

उक्त कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य दिल्लीप्रसाद काफ्लेले नेमकिपाको हालै बसेको केन्द्रीय परिषद्ले पारित गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावबारे जानकारी दिँदै नेमकिपा जनताको प्रजातन्त्र प्राप्तिको निम्ति सङ्घर्षरत छ भन्नुभयो ।

साम्राज्यवादी देश अमेरिकाले संसारका दर्जनौं देशहरूमा आक्रमण गरी ठूलो धनजनको क्षति पुऱ्याइरहेको चर्चा गर्दै उहाँले शासकहरू देशघाती एमसीसी पारित गरेर देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुऱ्याइरहेको विचार व्यक्त गर्नुभयो ।

नेपालको प्राकृतिक स्रोत र साधनमाथि भारतीय विस्तारवादले एकपछि अर्को हातमा लिई देशलाई पराधीन बनाउने कामको उहाँले निन्दा गर्नुभयो ।

नेमकिपा जिल्ला समिति जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले नेमकिपा देशलाई जोगाउन र बनाउन निरन्तर लागिरहेको बताउनुभयो । सभामा राजेश्वर देवकोटा, यज्ञबहादुर बुढ्थापा, देवीबहादुर बुढ्थापा, डब्बलबहादुर महाताराले जनताको माग र आवश्यकता समाजवादी व्यवस्था हो भन्नुभयो ।

# शासकहरू विदेशी दलालबाट प्रभावित

ललितपुर । नेपाल मजदुर किसान पार्टी ललितपुरको आयोजनामा शनिबार पार्टी स्थापना दिवस मनाइयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले समाजवादी व्यवस्थामा योग्यताअनुसार काम, कामअनुसारको ज्याला, उत्पादनका मुख्य मुख्य साधन सामाजिकीकरण, शोषणविरुद्धको हक र कामदारवर्गको सरकार हुन्छ भन्नुभयो ।

नेपालको कम्युनिस्ट पार्टीभित्र देखिएको संशोधनवाद र अवसरवादको विरोधमा नेमकिपा स्थापना भएको उल्लेख गर्दै उहाँले नेपालका शासकहरू भारतीय एकाधिकार पुँजी र विदेशी दलालबाट प्रभावित भएको चर्चा गर्नुभयो ।

अमेरिकी सेनाको सहयोगमा इजरायलले प्यालिस्टिनमा जातीय नरसंहार गरी देशै लोप हुने गरी भइरहेको बर्बर आक्रमणको निन्दा संसारका न्यायप्रेमी जनताले गरिरहेको उहाँले बताउनुभयो ।

राजवीर डंगोलको सभापतित्वमा भएको सो कार्यक्रममा अशोक महर्जन, सुवर्ण शाक्य, एस. दुवाल, एस. माक, महन्त महर्जन र नरेश महर्जनले पुँजीवाद र समाजवादको भेदबारे जनतालाई सुसूचित पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

# सिद्धान्तच्युत पार्टीको पतन निश्चित



**सरकारसँग सम्पत्ति शुद्धीकरणको कुनै एजेन्डा नै भएन । प्रधानमन्त्री र मन्त्रीहरूसँग यस्तो एजेन्डा हुनुपर्ने हो तर छैन । आ–आफ्नो जिल्लाबाहेक अन्यत्र घरजग्गा किन्न नपाउने बन्दोबस्त गर्नु जरुरी छ । देशको सन्तुलित विकास गर्नको लागि प्रधानमन्त्री, मन्त्री, सांसद र मुख्य मुख्य अधिकारीहरू आ–आफ्नो जिल्लामा बस्नुपर्ने कानुन आवश्यक छ । हिमाल र पहाड खाली हुने गरी भइरहेको आन्तरिक बसाइँसराइ रोक्नु जरुरी छ । पहाडमा खर्बौं रुपैयाँको पूर्वाधार बनाइयो तर अहिले बसोबास कम हुँदै छ, यसको क्षतिपूर्ति कसले तिर्ने ?**

प्रतिनिधिसभाको यो तेस्रो अधिवेशनमा देशको सार्वभौमिकताको पक्षमा र कामदारवर्गको हितमा विधेयक पारित हुने र सरकारलाई आवश्यक निर्देशन तथा सो निर्देशन कार्यान्वयनको लागि अनुगमनसमेत हुने अपेक्षा गर्दछु ।

नेपाल मजदुर किसान पार्टीको स्थापना २०३१ माघ १० गते भएको हो । हाम्रो पार्टी स्थापनाको पचास वर्षको सुअवसरमा नेपाली जनता सम्पूर्णमा सत्य र न्यायको पक्षमा उभिने शक्ति प्राप्त होस् भन्ने शुभकामना दिन चाहन्छु ।

नेपाल मजदुर किसान पार्टी स्थापना भइसकेपछि पुष्पलालजीले अध्यक्ष नारायणमान बिजुक्छेँजीसँग आफू पनि भक्तपुर आउने बताउनुभएको यहाँ उल्लेख गर्न चाहन्छु ।

२०४६ सालको जनआन्दोलन र २०६२/०६३ सालको प्रतिगमनविरोधी जनआन्दोलनमा नेपाल मजदुर किसान पार्टी राष्ट्रिय पार्टी हो । २०६३ सालको अन्तरिम संविधानमा नेपाल मजदुर किसान पार्टी, नेका, एमालेसमेत सात पार्टीको नाम राष्ट्रिय पार्टीको रुपमा उल्लेख भएको हो । अहिले चुनावमा तीन प्रतिशत मत नआएको भनी नेपाल मजदुर किसान पार्टीलाई राष्ट्रिय पार्टी नठान्नु र कार्यव्यवस्था समिति एवम् सुनवाइ समितिको सदस्यमा नराख्नु निर्दलीयताजस्तै हो ।

चुनावमा माफियासँग पैसा लिएर धेरै स्थान जित्नु र परीक्षामा नक्कल गरेर पास हुनु उस्तै हो । नेपाल मजदुर किसान पार्टी यस्तो गलत काम गर्दैन । नेपाली जनता पुँजीवादी गणतन्त्र होइन समाजवादी गणतन्त्रको पक्षमा छन् ।

एक सिद्धान्तच्युत पार्टी सदस्य सङ्ख्या धेरै भएको, देशभरि फैलिएको र सरकारमा गएको भए पनि त्यो पार्टीको पतन निश्चित छ । विश्व कम्युनिस्ट आन्दोलनले कम्युनिस्टहरू पुँजीवादी सत्तामा जानु कामदारवर्गको विरोधमा शोषकवर्गसँग घुस खानुजस्तै हुने पुष्टि गरेको छ ।

सिन्धुपाल्चोक जिल्लाको लिसंखुपाखर सिक्रे र काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुरको सिपाघाटका स्थानीय किसानहरूले ८–१० पुस्तादेखि कमाउँदै आएको जग्गामा नापी रोकिएको हुँदा तत्काल नापी टोली पठाउन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

रसुवा जिल्लाका जनताले जिल्लामा आलु खेती, पशुपालन, पर्यटन र जलविद्युत् उत्पादनमा जोड दिनुपर्ने आवाज उठाएको तर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सिन्धुली जिल्लाको सदरमुकाममा ७ हजार परिवारलाई उठिवास नगराई पुरानो बस्तीका घरजग्गा भत्काएर मरिण पथ निर्माण गर्न नहुने र पुरानो बस्ती यथावत राखी सानोकर्करेदेखि खटारसम्म दायाँ वा बायाँबाट सडक अलाइनमेन्ट लानुपर्ने तथा रोक्का घरजग्गा फुकुवा गर्नुपर्ने स्थानीय जनताको आवाजतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

नुवाकोटको पिपलटारदेखि बटार हुँदै ढुङ्गेसम्मको घरजग्गाको उचित मुआब्जा दिएर सडक विस्तार गर्नुपर्ने स्थानीय जनताको आवाजतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । नुवाकोटको बटारस्थित आदर्श बहुमुखी क्याम्पसमा भएको अनियमितताबारे छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

उद्योगी व्यापारीको भेषमा चौधरी ग्रुपका अरुण चौधरीले तत्कालीन बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा आफ्नो नाममा हत्याएको र यसमा यो संसद्‌को नेकाका एक सदस्यसमेतको संलग्नता भएको समाचार प्रकाशित भएको हुँदा सम्बन्धित दल नेकाले यसबारे स्पष्ट गर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले माघ २४ गते संसदको तेस्रो अधिवेशन सुरु भएको प्रतिनिधिसभा दोस्रो बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार – सं.)*

**सम्पत्ति शुद्धीकरणको लागि स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्नु जरुरी**

सम्पत्ति शुद्धीकरणको लागि स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, नेपालीको सम्पत्तिको सीमा निर्धारण गर्नेलगायत प्रावधान सम्पत्ति शुद्धीकरण विधेयकमा समावेश गर्न हामीले संशोधन राखेका थियौं । यी कुनै पनि संशोधन विधेयकमा समावेश गरिएन । यसकारण, यो सम्पत्ति शुद्धीकरण विधेयकबाट सम्पत्ति शुद्धीकरण हुने छैन । सम्पत्ति शुद्धीकरणको लागि निजी बैङ्कहरू राष्ट्रियकरण गर्नुपर्छ, निजी बैङ्क सञ्चालकहरूले विदेशमा पैसा लगेकोतर्फ सरकार सचेत हुनुपर्दछ ।

नेपाल विद्युत् प्राधिकरणको शेयर बिक्रीको समाचार आएको छ । नेपाल वायु सेवा निगम व्यवस्थापन करारको नाममा बिक्री गर्ने तयारी गरिएको छ । यसले सम्पत्ति शुद्धीकरण हुनेछैन । युवालाई वैदेशिक रोजगारीको नाममा ठगी गर्नेहरूले पनि सम्पत्ति लुकाएका छन् । राणा शासनको बेला गोर्खा भर्तीको नाममा बेलायती सेनामा नेपाली युवालाई पठाएबापत राणाहरूलाई बेलायती सरकारहरूले करोडौं पाउन्ड कमिसन पठाएका थिए । त्यही पैसाबाट राणा शासनका मुख्य मुख्य अधिकारवाला राणाहरूले भारतको सिमला, गोवा, राजस्थानमा घरजग्गा थुप्रै किनेका छन् । त्यो सम्पत्ति जफत गरेर नेपाल ल्याउनु जरुरी छ । भारतमा राखिएको राणाहरूको सम्पत्ति नेपाली युवाको रगत पसिना हो । यो विषय विधेयकमा समावेश गरिएमात्र सम्पत्ति शुद्धीकरणमा मद्दत पुग्नेछ ।

सरकारसँग सम्पत्ति शुद्धीकरणको कुनै एजेन्डा नै भएन । प्रधानमन्त्री र मन्त्रीहरूसँग यस्तो एजेन्डा हुनुपर्ने हो तर छैन । आ–आफ्नो जिल्लाबाहेक अन्यत्र घरजग्गा किन्न नपाउने बन्दोबस्त गर्नु जरुरी छ । देशको सन्तुलित विकास गर्नको लागि प्रधानमन्त्री, मन्त्री, सांसद र मुख्य मुख्य अधिकारीहरू आ–आफ्नो जिल्लामा बस्नुपर्ने कानुन आवश्यक छ । हिमाल र पहाड खाली हुने गरी भइरहेको आन्तरिक बसाइँसराइ रोक्नु जरुरी छ । पहाडमा खर्बौं रुपैयाँको पूर्वाधार बनाइयो तर अहिले बसोबास कम हुँदै छ, यसको क्षतिपूर्ति कसले तिर्ने ?

शासक दलहरूलाई कोसी, गण्डकलगायत भारतसँग भएको जलस्रोत सम्झौताबापत पैसा आएको हुनुपर्छ । यसपालि फुकोट कर्णाली भारतलाई दिँदा कति पैसा आयो ? सम्पत्ति शुद्धीकरण गर्ने भए यसबारे प्रम र मन्त्रीहरू बोल्नु जरुरी छ । प्रमले नेपालको नदी भारतलाई दिएबापत यति पैसा आएको बैङ्कमा राखेको छु भन्नु आवश्यक छ । त्यस्तो केही सार्वजनिक नहुने अनि कसरी सम्पत्ति शुद्धीकरण हुन्छ ? सेना र प्रहरीलाई विदेशमा पठाउने पनि रोक्नुपर्दछ । नेपाली सेना र प्रहरीलाई विदेशीबाट तालिम दिने रोक्नुपर्छ । नेपालीबाटै तालिमको व्यवस्था गर्नुपर्दछ ।

१८ वर्ष पुगेका युवालाई स्वास्थ्य र अनुशासनको निम्ति सैनिक तालिम दिनुपर्छ । सम्पत्ति शुद्धीकरणको लागि अनुशासित युवाहरू नै उठनेछन् । सम्पत्ति लुकाउनकै लागि सरकारहरूले युवालाई सैनिक तालिम नदिएका हुन् । यसकारण यो विधेयक जस्ताको तस्तै पारित भए सम्पत्ति शुद्धीकरण हुनेछैन ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० माघ २४ गते प्रतिनिधिसभा बैठकमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरी) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी विधेयकमा राख्नुभएको मन्तव्यको सार । उक्त विधेयक नेका, माओवादीलगायत सत्ता गठबन्धनको समर्थनमा बहुमतबाट पारित गरियो । नेपाल मजदुर किसान पार्टी, रास्वपा, राप्रपाले यो विधेयकको विपक्षमा मत दिए । प्रमुख प्रतिपक्षी एमाले तटस्थ बस्यो । एमसीसी सम्झौता बहुमतबाट पारित हुँदा पनि एमाले तटस्थ बसेको थियो । यो विधेयक पारितसँगै स्रोत नखुलेको सम्पत्ति कानुनी बनाउने बाटो खुल्यो । यो विधेयक पारित गर्नेहरू देशघाती नै हुनेछन् – सं.)*

# देश जोगाउन सबैले बुद्धि र बल लगाऔं

नेपालको वर्ग विश्लेषणअनुसार राष्ट्रिय पुँजीपतिवर्ग र दलाल पुँजीपतिवर्गको बिचमा भेद छुट्ट्याउन आवश्यक छ । राष्ट्रिय पुँजीपतिवर्गले आफ्नो देश र जनताको निम्ति आवश्यक उपभोग्य सामान र अन्य वस्तुको उत्पादन गरी उद्योगधन्धाको विकासमा सहयोग पुऱ्याउँछ, नेपाली कच्चा मालको उपयोग गर्छ र नेपाली युवाहरूलाई रोजगारी जुटाउँछ, देश र जनताको आर्थिक हित गर्छ ।

विदेशी पुँजी नेपालमा लगानी गर्दा विदेशी पुँजीबाट दिने फाइदाबाट बाँच्ने वा केही प्रतिशत दिएको छुवाए खाने वर्गलाई दलाल पुँजीपतिवर्ग भनिन्छ । नागरिकताको हिसाबले ऊ नेपाली नागरिक हुन सक्छ तर आर्थिक हित विदेशी पुँजीबाट लिन्छ । यसकारण, उसको भक्ति विदेशी पुँजीप्रति हुन्छ ।

नेपालका उद्योगहरूलाई एकएक निजीकरण गर्दै विदेशी पुँजीको हातमा बेच्न बुद्धि दिनेहरू विदेशी पुँजीकै भक्त हुन् भने त्यस विचारलाई लागु गर्ने नेता, सांसद र सरकार (मन्त्री र माथिल्ला कर्मचारी) विदेशी पुँजीका दलाल मानिन्छन् । पश्चिमी देशहरूमा उद्योगहरूको विकास गर्दा त्यहाँका पुँजीपतिवर्ग आफैं लागे भने दलाल पुँजीपतिवर्गमार्फत उपनिवेशवादीहरूले उपनिवेशहरूमा पुँजी लगानी गरे ।

नेपालमा सरकारकै सम्पत्तिको रूपमा रहेका छाला तथा जुत्ता कारखाना, भृकुटी कागज कारखाना, सिमेन्ट कारखाना, चिनी कारखाना, कृषिऔजार कारखाना, जनकपुर चुरोट कारखाना रबर तथा टरपेन्टाइन उद्योग, ईँटा उद्योगहरू तथा ट्रलीबस सेवा जनताले झलझली सम्झँदै छन् । देशका चलिरहेका कलकारखानाहरू कौडीको मोलमा बेच्ने सरकारहरू जुनसुकै नामका पार्टी भए पनि ती शासक दलहरूले विदेशी पुँजीको सेवा गरेकै हुन् ।

देशको आर्थिक विकासको निम्ति भूमिसुधारले हदबन्दीभन्दा बाहिरको जग्गालाई उद्योगको विकास गर्न भूमि प्रदान गरी चिया खेती, कपास, चिनी, रबर आदि उद्योगको निम्ति जग्गाको बन्दोबस्त गरेको थियो । तर, त्यस्ता चिया खेतीको जग्गालाई २०७२–७३ सालमा ओली सरकारले 'गिरिबन्धु स्टेटलाई हदबन्दीभन्दा धेरै राखेको न्यूनतम रु. ३३ अर्बको जग्गा बिक्री गर्न मन्त्रीपरिषद्‌बाट अनुमति' दिएको थियो । त्यस्तै 'पूर्वराजा ज्ञानेन्द्रको हिमालयन चिया बगानले पनि सट्टापट्टाको निवेदन' दिएको थियो । 'अदालतले सच्यायो मन्त्रिपरिषद्‌को नीतिगत भ्रष्टाचार', 'गिरीबन्धु टी स्टेटको ३४४ बिघा जग्गा प्लटिङ गरेर बेच्ने प्रयास सर्वोच्चद्वारा बदर' शीर्षकको समाचार माघ २५ को नयाँ पत्रिकामा छापियो ।

यसरी देशको औद्योगिक विकासको निम्ति गरिएका अनेक ऐन कानुनलाई संशोधन गरी विदेशी पुँजीको हित गर्ने प्रवृत्तिको विरोधमा जनतालाई सजग गराउन जरुरी छ ।

'लगानी सम्मेलनको लागि १० ऐन र दुई विनियमावली संशोधन गर्न प्रस्ताव' शीर्षकमा २६ माघ २०८० को 'नयाँ पत्रिका' (अर्थपत्रिका) मा 'लगानी आकर्षण गर्ने अभूतपूर्व अवसर छ' भन्दै अर्थमन्त्री प्रकाशशरण महतले देशमा चलिआएका १२ वटा ऐन तथा नियमावली संशोधन गरी देशलाई कुन भड्खालोमा पुऱ्याउने हुन् ? चिन्ताको विषय छ ।

हिजो अर्थमन्त्री डा. रामशरण महतले देशका युवाहरूलाई विदेशमा श्रमिक पठाउने निर्णय गर्दा देश आज युवाविहीन भएको छ । अब भाइ प्रकाशशरण महतले देशमा विदेशी लगानी लगाउने नाममा देशलाई कहाँ पुऱ्याउने हुन् ? देशव्यापी छलफलको विषय बन्नु आवश्यक छ ।

एक दुई जना अर्थशास्त्री र अर्थमन्त्रीको सनक वा विदेशीहरूको सल्लाहको भरमा नेपाललाई नयाँ उपनिवेश बनाउने खतराबाट जोगाउन बुद्धिजीवी, साहित्यकार, गीतकार र सबै कामदार जनता मिलेर आफ्नो बल र बुद्धि लगाउने समय आएको छ ।

# शासक दलहरूले किन बेचे आफ्ना उद्योगहरू

केहीले भने, निर्वाचन जित्नको लागि शासक दलहरूले उद्योग र कलकारखानाहरू मारवाडी र भारतीय मूलका पुँजीपतिहरूलाई बेचे । केहीले भने, सोभियत सङ्घको नक्कल गरी देशको कलकारखाना वा उद्योगहरू निजीकरण गरी मजदुर र कम्युनिस्टहरूलाई कमजोर बनाउन गरेका हुन् । केहीले भने, भारतीय एकाधिकार पुँजीले समाजवादी देशहरूले दिएका उद्योग र कलकारखानाहरूको नयाँ नयाँ यन्त्रहरू र नयाँ नयाँ जानकारी लिन बेचेका हुन् ।

सन् १७७५ मा बेलायतमा औद्योगिक क्रान्ति हुँदै थियो । बेलायतले आफ्ना आधुनिक कलकारखानाका यन्त्रहरू, त्यसका नमुना र नक्कलहरू देश बाहिर जान रोक लगायो । त्यसबारे जानकार मजदुर कालीगडहरूलाई विदेशीलाई सिकाउलान् भनी देश छोड्न दिँदैनथ्यो ।

पूर्वको झ्याल ढोका बन्द गरेर प्रकाशलाई छेक्न खोजे पश्चिम दिशाको झ्याल–ढोकाको कापकापबाट प्रकाश छिरेजस्तै बेलायतका जानकार कालीगडहरू अमेरिका भागे र आफ्नै धागो काट्ने कारखाना र कपडा बुन्ने तानहरू सञ्चालन गरे । यसरी अमेरिकीहरूले १८१२–१४ सम्ममा सयौं भापले चल्ने धागो काट्ने र लुगा बुन्ने कारखानाहरू स्थापना गरे । पछि एक एक पाइला चालेर अमेरिकाले पहिलो पुँजीवादी देश बेलायतलाई पछाऱ्यो ।

सोभियत सङ्घमा स्तालिनको मृत्युपछि युवा नेताहरूको नाममा गोर्बाचोभजस्ता सिद्धान्तहीन, विश्वासघाती र देशद्रोहीहरू सत्तामा पुगे । वर्षौंदेखि मेहनत र अध्ययनबाट प्राप्त अन्तरीक्ष, उद्योग, आणविक क्षेत्र र अन्य रणनीतिक महत्त्वका गुप्त जानकारीहरूलाई 'ग्लासनोस्ट' (पारदर्शिता) र 'पेरेस्त्रोइका' (पुनःसंरचना) को नाउँमा उनीहरूले सबै गोप्य र उपलब्धिहरूलाई आफ्नो राजनैतिक शत्रु संसार अमेरिकालाई सुम्पे । यसबारे सुन्नमा आएअनुसार धेरै धेरै वैज्ञानिक र प्राविधिकहरूले निराश भएर आत्महत्या गरे, कति पागल भए तथा विदेशमा शरण लिए ।

आखिर शत्रुहरूको तारिफ र चिप्लो घसाइबाट फसाइएका अनुभवहीन र भावुक युवाहरूको नेतृत्वले एक महाशक्ति सोभियत सङ्घलाई रसातलमा पुऱ्याएरै छोडे । यसबारे गोर्बाचोभलाई टर्कीमा एक पत्रकारले 'सोभियत विघटन र समाजवादको पतनबाट दुःख लागेन' भन्ने प्रश्नको उत्तरमा उनले भने, "मेरो जीवनको उद्देश्य नै यही हो, मलाई केको दुःख !?"

पछि चर्चामा आयो – गोर्बाचोभकी पत्नी रोजीयाको बाजेले दोस्रो विश्वयुद्धमा जर्मनीलाई गुप्त सूचना चुहाएको हुँदा उनलाई ज्यान सजाय दिएको थियो ।

देश जस्तोसुकै ठूलो भए पनि, प्राकृतिक स्रोत र साधन अथाह भए पनि, विज्ञान र प्रविधि विकास अयोग्य र दुष्टहरूको हातमा गएमा एउटा पुस्ताभित्रै देश पातालमा पुग्ने उदाहरण सोभियत सङ्घ वा आजको रूस हो ।

नेपालका उद्योगहरू भृकुटी कागज कारखाना, बाँसबारी छाला तथा जुत्ता कारखाना, कृषिऔजार कारखाना, जनकपुर चुरोट कारखाना, चिनी कारखाना, नेपाल रोजिन र तारपेन्टाइन कारखाना र अन्य धेरै कारखानाहरू साह्रै सस्तोमा निजीकरण गर्दै ती कारखानाहरू विदेश पुऱ्याइए । माथि उल्लेख भइसकेको छ – बेलायतले आफ्नो कारखानाबारे जानकारीसमेत दिँदैनथ्यो र जानकारहरूलाई समेत विदेश पठाउन्नथ्यो – आफ्नो उद्योग र व्यापारको विकासको निम्ति । तर, देशको आर्थिक विदेशी लगानीको निम्ति बिन्तीभाउ गर्दै छन् । दुई प्रतिशत फाइदा लिएर ९८ प्रतिशत अरूको हितको निम्ति किन विदेशी लगानी नेपालमा गराउने ?

उद्योग र सेवा होस् वा व्यापार होस् आ–आफ्नो हित प्राथमिकतामा रहन्छ । 'चीनविरुद्ध संरा अमेरिकी व्यापार युद्धबारे' ६० पृष्ठको पुस्तिका फागुन २०७५ मा नेपालीमा प्रकाशित भयो । 'चीन–संरा अमेरिका व्यापार युद्धबारे – चीनको श्वेतपत्र', स्रष्टा समाज नेपालबाट वैशाख २०७९ मा पृष्ठ १११ को पुस्तक प्रकाशित भएको थियो । यी दुई स–साना पुस्तकले नेपाली जनतालाई आ–आफ्नो देशको उद्योग र व्यापारबारे कस्तो अडान लिनुपर्ने रहेछ, प्रस्ट हुनेछ ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-३

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो। यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ। यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्यङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जीएसआई) बाट लिइएको हो। यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्र्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो। दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ। पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन। अनुवादक)*

### संरा अमेरिका र बेलायती सैन्य अखडाहरू

'मन्थ्ली रिभ्यू' को २००२ मार्च अङ्कमा विश्वभरि फैलेका अमेरिकी सैन्य अखडायुक्त देशको सूची र नक्सा राखेर एउटा लेख प्रकाशित भयो। अमेरिकी साम्राज्यको सिमाना उसका अखडाहरूबाट थाहा पाउन सकिने लेखको तर्क थियो।

यस लेखले अमेरिकी सैन्य वृत्तमा ठूलो सनसनी फैलियो। त्यसपछिका वर्षहरूमा धेरैले सो विषयमा थप अध्ययन गरे। ती अध्येतामध्ये एक डेभिड भाइन हुन्। 'वर्ल्ड बियोन्ड वार' (युद्धपरीको संसार) नामक संस्थाले अमेरिकी अखडाहरूका आकर्षक नक्साहरू उपलब्ध गराएको छ।

यी अखडाको अवस्थितिबारे सूचनाहरू बाहिर आउन थालेपछि अमेरिकी सैन्य प्रभुत्वको फैलिँदो स्वभावमा मान्छेको आँखा पर्दै गयो। साम्राज्यवादको आकार र यात्रा बुझ्न उसका सैन्य अखडाको अवस्थिति र सङ्ख्या मूल्यवान छन्। यो जानकारीले साम्राज्यवादको सरहद देखाउँछ र त्यसको पहरेदारी गर्न उसले खेल्ने भूमिकामा प्रकाश पार्छ।

संसारभरि अमेरिकी सेनाका ९०२ सैन्य अखडा छन् भने विदेशमा बेलायतका १४५ सैन्य अखडा भएको ठहर छ।

अमेरिकी सेना र सरकारको काम गुप्त हुन्छ। तसर्थ, यी अखडामा अमेरिकी सेनाले केकस्ता कार्य गर्छ र त्यहाँ बस्ने अमेरिकी सैन्य दस्ताले कस्ता गतिविधि गर्छ भन्ने विषयमा जानकारीको कमी छ। यसले गर्दा अमेरिकाले विदेशी भूमिमा गर्ने सैन्य गतिविधिहरूको पूर्ण गुणात्मक विश्लेषण पूरा हुन सकेको छैन। केही अपूरा विश्लेषण निम्न हुन् :

१. सैन्य अखडाहरूको सूचीमा विगत ४० वर्षयता अमेरिकाले निर्माण गरेका धेरै निजी सैन्य कार्यहरूको संरचना र स्थानबारे उल्लेख छैन। डिनकोर इन्टरनेसनल, फ्लुअर कर्पोरेसन, एइकोम र केबिआर इन्कजस्ता कम्पनीहरूले विश्वभर अपरेसन सञ्चालन गर्छन्। यिनीहरूले कुवेत, साउदी अरब र इन्डोनेसियामा सैन्य कारबाही सञ्चालन गरेको जानकारीमा छ।

२. अमेरिकी सेनाले सञ्चालन गर्ने 'अनौपचारिक' आयोजनाहरूबारे माथिको सूचीमा केही उल्लेख छैन। जस्तो, घानाको राजधानीमा रहेको कोटोका अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल १ अमेरिकी सेनाको नियन्त्रणमा छ र उसले त्यहाँ के गर्छ भन्ने कुरा बाहिर आएको छैन। यो विमानस्थलमा पस्न अमेरिकी सैनिकहरूलाई पासपोर्ट वा भिजा केही पनि चाहिन्न। मात्र अमेरिकी सेनाको परिचयपत्र भए पुग्छ। अमेरिकी सैन्य विमानहरू त्यहाँ 'निर्बाध बस्न पाउँछन् र त्यसमा कसैले निगरानी गर्न पाउँदैन'।

यसकारण व्यवहारिक रूपमा टर्मिनल १ अमेरिकी सैन्य अखडा हो। त्यहाँ घानाले आफ्नो सार्वभौमिकता अमेरिकासामु परित्याग गरेको छ।

३. माथिको सूचीमा अमेरिकाको सेना-उद्योग-डिजिटल सम्पर्कको साँठगाँठमा चलाइने महत्त्वपूर्ण परियोजना पनि समावेश छैन। समुद्रमुनि बिच्छ्याइएका धेरै केबललाइनहरू अमेरिकी गुप्तचर निकायबाट मान्यताप्राप्त अधिकारीहरूको नियन्त्रणमा छन्। विश्वको अन्तरसमुद्री केबल सञ्चारको नियन्त्रण अमेरिकी गुप्तचर निकायको प्राथमिकतामा पर्दै आएको छ।

यो वैज्ञानिक संस्था 'नासा' को 'कल इट अल' कार्यक्रमकै एउटा हिस्सा हो। यस कार्यक्रम अन्तर्गत विश्वमा हुने सम्पूर्ण सञ्चार जम्मा गरिन्छ र त्यसलाई ब्लफ उटाह डेटा सेन्टर ( गुप्तनाम 'बम्बलहाइभ') जस्ता ठाउँमा भण्डारण गरिन्छ। यो विश्वको पहिलो गुप्तचरीका सूचना सङ्कलन गर्ने केन्द्र हो। यसको पूरा नाम 'इन्टेलिजेन्स कम्युनिटी कम्प्रिहेन्सिभ नेसनल साइबरसिक्योरिटी इनिसिएटिभ' हो।

४. माथिको सूचीमा गुप्त सैन्य परियोजना र त्यसको अवस्थिति पनि समावेश छैन। कतिपय देशमा 'लिलिप्याड' जस्ता अमेरिकी सेनाका साना अखडा वा संरचना छन्। तीमध्ये केही मात्र पत्ता लागेका छन् र तिनलाई माथिको सूचीमा समावेश गरिएको छ।


५. सैन्य अखडाबीचको अमेरिकी सेनाको आवागमन, (सैन्य परिचालन वा नियोजित हत्यालगायत) गतिविधिको प्रकृति तथा तिनको मालमत्ता, विमान र जलबेडा आदिको विषयमा कमै जानकारी छ।


६. सबै अखडाहरू आकार वा कार्यका हिसाबले बराबर छैनन्। तिनीहरूको तुलनात्मक महत्त्वबारे जानकारी पाउन असम्भवप्राय: छ। कहिलेकाहीँ एउटै भवन पनि अखडा हुन सक्छ किनभने त्यसको झन्डै एक किलोमिटर आसपासअरू भवन हुनसक्छन्। केही अखडा यामानका छन् र वरपरका सबथोक ध्वस्त गर्नसक्ने खालका छन्। गुआमको सैन्य अखडा यसैप्रकारको अखडा हो। यसखाले अखडाले प्राकृतिक वातावरण र त्यहाँका रैथाने जनतालाई तहसनहस पार्छन्। अन्य अखडाहरू ससाना गुप्तचरी संरचनासम्म हुनसक्छन्।


यी सीमाहरूबारे बताउनुको अर्थ के मापनयोग्य छन् र नभएका पनि कति रणनीतिक हुनसक्छन् भनी जानकारी गराउनु हो।

**बाँकी पृष्ठ ७ मा**









# विश्वको 'एकमात्र उत्पादक महाशक्ति' चीन

✍ बेन नोर्टन

सरकारी अगुवाइको विकास मोडलमार्फत चीनले विश्व इतिहासमै अद्भूत आर्थिक प्रगति गरेको छ। चीनमा सरकारी निकायहरूले नै स्वाभाविक एकाधिकार तथा अर्थतन्त्रका 'हकुमी चुली' मा लगाम लगाउँछन्। रणनीतिक उद्योगलाई सरकारी बैङ्कले नै उपयुक्त ऋण दिन्छन्। राज्यको सबल औद्योगिक नीतिले देशको मूल्य चक्रलाई उच्च मूल्ययुक्त उत्पादनतिर अग्रसर गराउन मद्दत गर्छ। *(मूल्य चक्र भन्नाले वस्तुमा प्रयोग भएको कच्चा पदार्थ, उत्पादन, उपभोग र बिसर्जन वा पुनः प्रयोग सबै समेटिन्छ। उच्च मूल्ययुक्त उत्पादन भन्नाले वस्तुको गुणस्तरमा वृद्धि गरेर त्यसलाई थप मूल्यवान बनाउनु भन्ने बुझिन्छ। अनु.)*



**सरकारी अगुवाइको विकास मोडलमार्फत चीनमा तीव्रगतिमा औद्योगीकरण हुँदै गर्दा संरा अमेरिका तुलनात्मकरूपमा औद्योगीकरणबाट बाहिरिँदै थियो। यो बहिर्गमन निजीकरण, उदारीकरण, विनियमन, वित्तीयकरण र अनुत्पादक सट्टाबाजीमा आधारित नवउदारवादी आर्थिक मोडलमार्फत हुँदै थियो। चीनको उदयलाई रोक्ने नियतसाथ अमेरिकी सरकारले धेरै खेप एकतर्फी आर्थिक प्रतिबन्ध लगाइसकेको छ। यसै सिलसिलामा वासिङ्टनले चीनविरुद्ध 'प्राविधिक युद्ध' गऱ्यो। यस युद्धको क्रममा उसले ५ जी, सेमिकन्डक्टर, क्वान्टम कम्प्युटिङ र कृत्रिम बौद्धिकताजस्ता सङ्गीन क्षेत्रसँग सम्बन्धित वस्तुको निर्यातमा प्रतिबन्ध लगायो।**

पेइचिङले आफ्नो आर्थिक मोडललाई आधिकारिकरूपमै समाजवादी बजार अर्थतन्त्र भनेको छ। यो मोडल कति सफल छ भने युरोपको एक प्रतिष्ठित थिङ्क ट्याङ्क समूहले दाबीका साथ भन्यो, "अब चीन विश्वको एकमात्र उत्पादक महाशक्ति हो।"

सन् २०२० मा चीनले विश्वकै कुल ( तयारी मालसामान) उत्पादनको ३५ प्रतिशत उत्पादन गऱ्यो। संरा अमेरिका (१२ प्रतिशत), जापान (६ प्रतिशत), जर्मनी (४ प्रतिशत), भारत (३ प्रतिशत), दक्षिण कोरिया (३ प्रतिशत), इटाली (२ प्रतिशत), फ्रान्स (२ प्रतिशत) र बेलायतको मिलाउँदा पनि चीनको जत्ति उत्पादन भएन।

यो तथ्य स्वीजरल्यान्डको लाउजेनस्थित आइएमडी वाणिज्य स्कूलमा अन्तर्राष्ट्रिय अर्थशास्त्रका प्राध्यापक रिचर्ड बाल्डविनको अनुसन्धानले देखाएको हो। बाल्डविन 'भोक्सइयू' का प्रधान सम्पादक पनि हुन्। यो पत्रिका युरोपको अर्थनीति अनुसन्धान केन्द्र (सीईपीआर) ले प्रकाशित गर्छ।

सीईपीआर युरोपेली नीतिनिर्माण वृत्तमा निकै प्रभावशाली संस्था हो। उसले फ्रान्सको केन्द्रीय बैङ्क र वित्तीय मन्त्रालयबाट आर्थिक सहयोग पाउँछ। यसले युरोपेली केन्द्रीय बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष तथा युरोपका विभिन्न निजी बैङ्कबाट पनि आर्थिक सहयोग पाउँछ।

यस थिङ्क ट्याङ्क समूहले युरोपको राजनीतिक मूलधारलाई प्रतिनिधित्व गर्छ। त्यसकारण, यसलाई कुनै पनि कोणबाट 'चीनपक्षधर' संस्था भन्न मिल्दैन।

यो जनवरीमा भोक्सइयूमा प्रकाशित एक अध्ययनपत्रको शीर्षक थियो - चीन (तयारी मालसामानमा) विश्वको एकमात्र उत्पादक महाशक्ति हो। त्यसमा बाल्डविनले लेखे, "संरा अमेरिका विश्वको एकमात्र सैन्य महाशक्ति हो। उसले सैन्य खर्चको हिसाबले शीर्ष १० देशमा पर्ने अन्य देशहरूभन्दा पनि बढी खर्च गर्छ। चीन अहिले विश्वको एकमात्र उत्पादक महाशक्ति हो। शीर्ष १० उत्पादक देशको उत्पादनलाई जोड्दा पनि उसको उत्पादनले उछिनेको छ।"

बाल्डविन व्याख्या गर्छन् - उच्च मूल्ययुक्त मालसामानको हिसाबले जोड्दा पनि चीनले विश्व बजारको २९ प्रतिशत ओगट्छ। जब कि यसरी हेर्दा अमेरिकी उत्पादन १६ प्रतिशत, जापानी ७ प्रतिशत, जर्मन ५ प्रतिशत, दक्षिण कोरियाली ३ प्रतिशत, भारतीय ३ प्रतिशत, इटालीको २ प्रतिशत, फ्रान्सेली २ प्रतिशत र बेलायतको २ प्रतिशत मात्र हुन्छ।

बाल्डविनले लेखे, "चीनको औद्योगीकरण अभूतपूर्व छ। यसअघि 'उत्पादन चुचुरोको राजा" त्यतिबेला खसालिएको थियो जब अमेरिकाले पहिलो विश्वयुद्धभन्दा ठीक अघि बेलायतको मुकुट खोसेको थियो। त्यो चुचुरोमा पुगेर अडिन अमेरिकालाई लगभग सय वर्ष लाग्यो। तर, झन्डै १५-२० वर्षमै चीनले अमेरिकाको स्थान लियो। त्यसैले चीनको औद्योगीकरण अतुल्य छ।"

बाल्डविन थप्छन्, "यस तथ्यबाट हामी अमेरिका-चीनबिच चालु व्यापारिक तनावलाई राम्ररी बुझ्न सक्छौं।"

सरकारी अगुवाइको विकास मोडलमार्फत चीनमा तीव्रगतिमा औद्योगीकरण हुँदै गर्दा संरा अमेरिका तुलनात्मकरूपमा औद्योगीकरणबाट बाहिरिँदै थियो। यो बहिर्गमन निजीकरण, उदारीकरण, विनियमन, वित्तीयकरण र अनुत्पादक सट्टाबाजीमा आधारित नवउदारवादी आर्थिक मोडलमार्फत हुँदै थियो। चीनको उदयलाई रोक्ने नियतसाथ अमेरिकी सरकारले धेरै खेप एकतर्फी आर्थिक प्रतिबन्ध लगाइसकेको छ। यसै सिलसिलामा वासिङ्टनले चीनविरुद्ध 'प्राविधिक युद्ध' गऱ्यो। यस युद्धको क्रममा उसले ५ जी, सेमिकन्डक्टर, क्वान्टम कम्प्युटिङ र कृत्रिम बौद्धिकताजस्ता सङ्गीन क्षेत्रसँग सम्बन्धित वस्तुको निर्यातमा प्रतिबन्ध लगायो। पश्चिमी देशका सरकारहरूले चिनियाँ अर्थतन्त्रसँग 'विच्छेद' गर्ने र सामरिक महत्त्वका उद्योगलाई 'जोखिममुक्त' गर्ने प्रतिज्ञा गरेका छन्।

यद्यपि, आफ्नो अध्ययनपत्रमा बाल्डविनले तयारी मालसामानका हिसाबले संरा अमेरिका चिनियाँ उत्पादनमा अचाक्ली निर्भर भएको तथ्यमा जोड दिए। यो निर्भरताको दाँजोमा सामान निर्यातका हिसाबले चीन अमेरिकी बजारमा कम निर्भर छ। "सन् २०२० मा संरा अमेरिका चिनियाँ मालसामानमाथि (चीन अमेरिकामाथि भन्दा) तीन गुना बढी निर्भर थियो।" यसलाई बाल्डविनले 'चक्माकारी अनुपात' भने।

सबैलाई सतर्क पार्दै बाल्डविनले भने, "राजनीतिज्ञहरू चीनबाट आफ्नो अर्थतन्त्रलाई विच्छेद गर्ने चाहना राख्न सक्छन्। यी तथ्यतथ्याङ्कले भने त्यो विच्छेदीकरण असाध्यै जटिल, सुस्त, महँगो र हानिकारक हुने देखाउँछ। खासगरी जी७ उत्पादकहरू मारमा पर्नेछन्।"

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

---

**उग्र...**

पहिले हामी 'वर्ल्ड बियोन्ड वार' को तथ्याङ्क राखेर एउटा नक्सा देखाउँछौँ। यो नक्सामा विश्वका कुन-कुन देशमा अमेरिकी सैन्य अखडा छन् भन्ने देखाउँछ। यसमा सैन्य अखडाको सङ्ख्या छैन। तुलनामा सम्भावित गल्ती हटाउन यसो गरिएको हो। कुनै देशमा अमेरिकाको एउटा पनि सैन्य अखडा छ भने त्यस देशले अलिकति सार्वभौमिकता अमेरिकासामु परित्याग गरिसकेको अर्थ लाग्छ। दोस्रो चरणमा जानकारीको पूर्णताका निम्ति हामीले दुइटा तालिका दिनेछौँ। एउटा उत्तरी गोलार्द्धका लागि र दोस्रो दक्षिणी गोलार्द्धका लागि। यी तालिकामा ज्ञात अमेरिकी अखडा भएका देशहरूको सूची छ। यो सूची 'वर्ल्ड बियोन्ड वार' बाट लिइएको हो।

चित्र ६ ले संरा अमेरिकाले विदेशी भूमिमा कम्तीमा ९०२ सैन्य अखडा राखेको देखाउँछ। यी अखडामध्ये धेरैजसो चीनकोसिमाना वा बफर क्षेत्रवरपर छन्। धेरै अखडाले दक्षिणी गोलार्द्धका देशहरूको सार्वभौम अधिकार मिचेका छन्।

अमेरिकी सैन्य अखडाहरू दक्षिणी गोलार्द्धमा मात्र छैनन्, उत्तरी गोलार्द्धमा पनि तिनको उल्लेख्य उपस्थिति छ। (हेर्नुस् चित्र ७) ज्ञात सैन्य अखडामध्ये दुइतिहाई अखडा दोस्रो विश्वयुद्धमा पराजित दुई देश जर्मनी र जापानमा छन्।

चित्र ८ मा उत्तरी गोलार्द्धका देश र भूभागमा अमेरिकी सैन्य अखडाको अवस्थितिको सूची छ। दक्षिण कोरियामा अमेरिकाका ६२ वटा स्थायी सैन्य अखडा छन्।

चित्र ९ माअमेरिकी सैन्य उपस्थितिको व्यापकता देख्न सकिन्छ : २ लाख ४५ हजार हेक्टर जमिनमा २ करोड ६० वर्गमिटर ओगट्ने ४९ हजार भवन छन्। भवन सङ्ख्याका हिसाबले देशहरूलाई माथिदेखि तल राखिएको छ। माथिल्ला चार देश दोस्रो विश्वयुद्धका धुरी शक्ति हुन्।

हुन त अहिले बेलायती साम्राज्यमा सूर्य अस्ताइसकेको छ। तर पनि चित्र १० ले बेलायती सैन्य अखडाहरूको फैलावट देखाउँछ। उसका अखडाहरू मुख्यगरी पश्चिम एसिया र अफ्रिकामा फैलिएका छन्।

## अमेरिकी र बेलायती सैन्य आक्रमण, हस्तक्षेप र "परिचालन"

नेटो देशहरूले विश्वभरि नै भारी मात्रामा सैन्य परिचालन र हस्तक्षेप गर्दै आएका छन्। विश्वभरि फैलेका सैन्य अखडाहरूको विस्तृत सञ्जालका आधारमा तिनले यस्तो परिचालन र हस्तक्षेप गर्छन्।

चित्र ११ र १२ सन् २०२२ को लागि मात्र हुन्। त्यो वर्ष साम्राज्यवादी सेनाले दक्षिणी गोलार्द्धका देशमा ३१७ सैन्य कारबाही गरे भने उत्तरी गोलार्द्धका मित्र देशहरूमा १३७ सैन्य कारबाही गरे। यसरी जम्मा ४५४ कारबाही भए। यी कारबाहीमध्ये ४५ वटा राष्ट्रसङ्घबाहिरका देशमा गरिएका थिए। उच्च सैन्य परिचालन गर्ने साम्राज्यवादी देशमा संरा अमेरिका (५६), बेलायत (३२), फ्रान्स (३१), इटाली (२०), जर्मनी (१७), स्पेन (१५), क्यानडा (१३) र नेदरल्यान्ड (१३)पर्छन्। (चित्र ११)

चित्र १२ ले अफ्रिका र पश्चिम एसिया कसरी पश्चिमा देशहरूको चासोको केन्द्र बन्दै छन् भन्ने देखाउँछ। सन् २०२२ मा मात्र पश्चिमा सैन्य परिचालनको केन्द्र बनेका अफ्रिकी र पश्चिम एसियाली देश यसप्रकार छन् : माली (३१), इराक (३०), लेबनन (१८), मध्य अफ्रिकी गणतन्त्र (१३) र दक्षिण सुडान (१३)।

अमेरिकी र बेलायती सैन्य अखडा र उत्तरी गोलार्द्धमा भएका सैन्य परिचालन हेर्दा अमेरिकी पहरेदारीका मोर्चा कहाँ-कहाँ छन् भन्ने स्पष्ट हुन्छ। साथै ती मोर्चा आसपास पर्ने युरेसियालगायत क्षेत्र हाम्रो युगका रणमैदान कसरी बने भन्ने विषय पनि खुल्न आउँछ।

संरा अमेरिका र उत्तरी गोलार्द्धका खासगरी बेलायतजस्ता उसका मित्र देशहरूले सयौँ वर्षसम्म विदेशी मुलुकमा हस्तक्षेप गर्दै आएका छन्। यो तथ्य चित्र १३ र १४ मा उल्लेख गरिएको छ। संसदीय अनुसन्धान सेवा (सीआरएस) अमेरिका सरकारको आधिकारिक प्रकाशन संस्था हो। अमेरिकी सैन्य हस्तक्षेपको प्राथमिक तथ्याङ्क यहीबाट आउँछ। यी तथ्याङ्कलाई यहाँ अमेरिकी सैन्य हस्तक्षेपको मात्रा र लामो इतिहास जनाउन प्रयोग गरिएको छ। यद्यपि 'सिआरएस' मा गोप्य मिसन समावेश गरिन्न। यसले अमेरिकी सेनाले देशबाहिर गर्ने हस्तक्षेपहरूका विभिन्न प्रकृति अनुसार तथ्याङ्कको वर्गीकरण पनि गर्दैन। घटनाको गुणात्मक र मात्रात्मक प्रकृति वा स्तरअनुसार तथ्याङ्कलाई व्यवस्थित गरिन्न। यहाँ दिइएका घटना (४८० भन्दा बढी) आकार, अवधि, वैधानिकता र महत्त्वका दृष्टिले विविधतापूर्ण छन्।

| Country/te | Building In | Buildingstc | Areahectai | Military Basestotal number |
|---|---|---|---|---|
| Japan | 10339000 | 12079 | 41715 | 76 |
| Germany | 9135000 | 12537 | 2682 | 93 |
| Rep. Korea | 5631000 | 5832 | 12262 | 62 |
| Italy | 2011000 | 2032 | 945 | 31 |
| Guam | 1382000 | 2807 | 25322 | 45 |
| United Kin | 1364000 | 2883 | 3253 | 14 |
| Kuwait | 676000 | 1503 | 2549 | 6 |
| Qatar | 661000 | 663 | | 2 |
| Cuba | 588000 | 1540 | 11662 | 1 |
| Turkey | 478000 | 817 | 1356 | 8 |
| Spain | 419000 | 889 | 3802 | 2 |
| Puerto Ric | 411000 | 794 | 7042 | 29 |
| Bahrain | 390000 | 468 | 83 | 9 |
| Belgium | 362000 | 479 | | 10 |
| Marshall Is | 286000 | 633 | 551 | 6 |
| Greenland | 220000 | 197 | 94306 | 1 |
| Djibouti | 171000 | 379 | 459 | 2 |
| Netherlanc | 151000 | 150 | | 5 |
| United Ara | 128000 | 400 | 5059 | 3 |
| Portugal | 114000 | 170 | 532 | 6 |
| Honduras | 92000 | 336 | | 1 |
| Singapore | 86000 | 120 | | 3 |
| Romania | 70000 | 179 | 177 | 4 |
| Bahamas | 62000 | 179 | 219 | 6 |
| Greece | 61000 | 85 | 41 | 4 |
| Saint Heler | 43000 | 124 | 1402 | 1 |
| Australia | 41000 | 83 | 8124 | 5 |
| Bulgaria | 39000 | 93 | | 2 |
| Virgin Islan | 26000 | 29 | 5964 | 5 |
| Jordan | 17000 | 31 | 3978 | 1 |
| Cyprus | 16000 | 38 | | 1 |
| Israel | 13000 | 19 | | 2 |
| American S | 11000 | 10 | 2 | 1 |
| Niger | 11000 | 45 | | 1 |
| Poland | 11000 | 20 | | 3 |
| Curaçao | 9000 | 15 | 17 | 1 |
| El Salvador | 6000 | 14 | 14 | 1 |
| Northern M | 5000 | 17 | 6499 | 10 |
| Peru | 5000 | 7 | | 1 |
| Norway | 3000 | 4 | | 1 |
| Iceland | 2000 | 7 | 425 | 1 |
| Kenya | 2000 | 5 | | 1 |
| Canada | | | 91 | 1 |
| Total | 35548000 | 48712 | 240533 | 468 |

Source: Global South Insights elaboration based on the

'सैन्य हस्तक्षेप आयोजना' (मिप) नामक संस्थाले सैन्य हस्तक्षेपको अलि स्पष्ट परिभाषा दिएको छ। उसका अनुसार अमेरिकी सैन्य हस्तक्षेप 'सामान्य शान्तिकालको गतिविधिभन्दा फरक अन्तर्राष्ट्रिय द्वन्द्व वा सम्भावित द्वन्द्वका बेला हुने एकमुष्ट घटना हो जसमा अमेरिकी सरकारका विभिन्न आधिकारिक निकायबाट अन्य देशका सरकार, उच्च अधिकारी, आधिकारिक सेना, सम्पत्ति वा भूभागप्रति लक्षित नियोजित धम्की, शक्ति प्रदर्शन वा सैन्य दस्ताको प्रयोग गरिन्छ।'

'मिप' ले आफ्नो जानकारी सार्वजनिक गरेको छैन। त्यसैले उसले पहिचान गरेका सम्पूर्ण सैन्य हस्तक्षेपको वास्तविक विवरण बाहिर आएको छैन। यद्यपि सन् २०२३ मा प्रकाशित उसको 'सैन्य हस्तक्षेप परियोजनाको चिनारी' मा यसबारे सङ्क्षिप्त चर्चा छ। तर, यसबाट नक्सा नै भने बनाउन सकिएन।

चित्र १३ सन् २०२३ जून महिनाको हो। यसमा अमेरिकाको सरकारी संस्था 'सीआरएस' को तथ्याङ्क प्रयोग गरिएको छ। चित्रबाट सन् १७९८ देखि सन् २०२३ सम्म अमेरिकी सेनालाई १०१ देशमा परिचालन गरिएको स्पष्ट हुन्छ।

चित्र १४ बाट सन् ११६९ देखि सन् २०१२ सम्म बेलायतले १७० देशमा सैन्य आक्रमण गरेको उदाङ्गो हुन्छ।

'मिप' का अनुसार सन् १७७६ देखि सन् २०१९ सम्म संरा अमेरिकाले विश्वभरि ३९२ वटा सैन्य हस्तक्षेप गरेको थियो। यीमध्ये आधा कारबाहीहरू सन् १९५० देखि सन् २०१९ बीच गरिएका थिए। तीमध्ये २५ प्रतिशत सैन्य कारबाही शीतयुद्ध टुङ्गिएपछि भएका थिए। यसको अर्थ सन् १९९१ यता अमेरिकी सैन्य हस्तक्षेपको तीव्रता बढ्दो छ।

सन् १९५० को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन क्लाउडिया जोन्सले संरा अमेरिकामा आयोजित अभियन्ताहरूको एउटा जुलुसलाई सम्बोधन गरेकी थिइन्। उनी कम्युनिस्ट थिइन्; आप्रवासी अश्वेत महिला थिइन्। फरक सन्दर्भमा तर जोन्सको उही मर्मका साथ हामी यी तथ्याङ्क अघि सार्नुको उद्देश्य बताउँछौँ। जोन्सको भनाइ राख्दै हामी भन्छौँ यस दस्तावेजको उद्देश्य "आजका जल्दाबल्दा माग राखेर जुझारु र एकीकृत अभियान चलाउनुपर्छ भन्ने चेतना बढाउनु हो; एकाधिकार पुँजीको दमनविरुद्ध, युद्ध एवम् फासीवादका विरुद्ध मोर्चाबद्ध हुनैपर्छ।"

***(स्रोत : एमआर अनलाइन। सम्यक)***

# संशोधनवाद र अवसरवादबाट बचाउन नेमकिपाको स्थापना




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाज, भनपा ९ नं. वडा एकाइ समितिको आयोजनामा बिहीबार कर्मचारी भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले नेमकिपाको स्थापनाका आधारहरूबारे चर्चा गर्दै संशोधनवाद र अवसरवादबाट बचाउन नेमकिपा स्थापना भएको हो भन्नुभयो ।

मार्क्सको सिद्धान्त हेरफेर गर्ने काम संशोधनवाद भएको स्पष्ट पार्दै उहाँले पुँजीवादको उत्थान, विकास र पतनको नियम मार्क्सवाद भएको बताउनुभयो ।

मजदुर आन्दोलन बढेपछि पुँजीवादको अन्त्य अवश्यम्भावी भएको मार्क्सले बताउनुभएको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, “ठुलो स्वार्थलाई त्यागी सानो स्वार्थमा लाग्नु अवसरवाद हो । जनतालाई सङ्गठित नगरी क्रान्तिको आह्वान गर्नु अराजकतावाद हो ।”

कम्युनिस्टहरू पटकपटक सरकारमा गए पनि मौलिक परिवर्तन नभएको उल्लेख गर्दै उहाँले पुँजीवादी सरकारमा गएकाहरू कम्युनिस्ट नभएको बताउनुभयो ।


उहाँले सिद्धान्त छोड्नु भनेको हिमालमा चिप्लेटी खेल्नुसरह हो भन्नुभयो ।

उहाँले कर्मचारीहरूमा नागरिक भावना हुनुपर्ने, भ्रष्टाचार नगर्ने हुनुपर्ने स्पष्ट पार्दै उदारवादको विरोध गर्नुपर्छ भन्नुभयो ।

भेलामा नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारी समाजको राष्ट्रिय सम्मेलन आगामी फागुन २६ गते हुने जानकारी दिँदै सम्मेलन सफल पार्न सबैबाट सहयोग गर्न आग्रह गर्नुभयो ।

आयोजक समाजका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा कर्मचारी सञ्जय मानन्धर र विकास प्रजापतिले पनि बोल्नुभएको थियो ।

# भैरहवा बहुमुखी क्याम्पसमा पुस्तक प्रदर्शनी



भैरहवा । नेपाल मजदुर किसान पार्टी स्थापनाको स्वर्ण वर्षको अवसरमा मङ्गलबार भैरहवा बहुमुखी क्याम्पसमा पुस्तक प्रदर्शनी भयो ।

नेपाल मजदुर किसान पार्टी, जनवर्गीय सङ्गठन र पार्टी आबद्ध प्रकाशकहरूले प्रकाशन गरेका ४५ प्रकारका पुस्तक प्रदर्शनीमा राखिएको नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भैरहवा क्याम्पस प्रारम्भिक समितिका अध्यक्ष सुग्रीम साहनीले बताउनुभयो ।

क्याम्पसका विद्यार्थीहरूले अभिरूचिपूर्वक अवलोकन गरिएको उक्त प्रदर्शनीमा मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी, समाज विकासको एक झलक, मार्क्स र एङ्गेल्सको जीवनी, स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा, जेलका चिठीहरू, हजुरबाका चिठीहरू, नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटो विचार, सय वर्षपछिको भक्तपुर, रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन, नेपाल - भारत सम्बन्ध र भारत, शिक्षामा नवउदारवाद, फिडेल क्यास्ट्रोको जीवनीलगायतका पुस्तकहरू अधिक बिक्री भएको जनाइएको छ ।

# नेक्राकिसङ्घ भक्तपुर नगरको सातौँ नगर सम्मेलन चैतमा हुने

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा पुस २७ र २८ गते सम्पन पार्टी केन्द्रीय समितिको परिषद्बाट पारित राष्ट्रिय अन्तर्राष्ट्रिय प्रस्ताव र निर्णयबारे किसान भेला गरी प्रशिक्षण गरियो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवं भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले नेमकिपा जनताको समस्या समाधान गर्न सधैँ सङ्घर्षरत छ, जनताको निःस्वार्थरूपले सेवा गर्नु नै यस पार्टीको उद्देश्य हो भन्नुभयो ।

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको थिचोमिचोविरुद्ध शासक दलहरूले नबोलेकोमा चिन्ता व्यक्त गर्दै उहाँले साम्राज्यवादी र विस्तारवादी नीति एकपछि अर्को विफल हुँदै छ भन्नुभयो ।

उहाँले विश्वका नेताहरूको त्याग, तपस्या र सङ्घर्षशील भावनाबाट हामीले शिक्षा लिनुपर्छ भन्नुभयो ।

नेक्राकिसङ्घ भक्तपुर जिल्लाका अध्यक्ष गोविन्द दुवालले विगतको किसान आन्दोलनबाट सिकेर नयाँ पुस्ता अघि बढ्नुपर्ने र कार्यकर्ताहरू लोभलालचमा फस्नु हुन्न भन्नुभयो । उहाँले भारतीय विस्तारवादले नेपालमा बिनायोजना रू.२० करोड खर्च गर्न पाउने अधिकार दिनु भनेको भारतीय हस्तक्षेप हो, देशभक्त नेपालीलाई यो सह्य हुँदैन र नेपालको हितविपरीत बनाएका बाँध तथा तटबन्धहरू भत्काउनुपर्छ, अतिक्रमित भूमि फिर्ता गर्नुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याखवको सभापतित्वमा भएको कार्यक्रममा सदस्यद्वय आर. प्रजापति र पूर्णगोपाल राजचलले पनि बोल्नुभयो ।

उक्त भेलाले गंगाराम ज्याख्वको संयोजकत्वमा २१ सदस्यीय नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगरको सातौँ नगर सम्मेलन तयारी समिति गठन गरेको छ । बैठकले चैतको पहिलो हप्तामा सम्मेलन गर्ने निर्णय गरेको छ ।

# पार्टी स्थापना दिवसमा ‘किसान सङ्घर्ष’ को अन्तरक्रिया

सुर्खेत । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस (माघ १०) को अवसरमा नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतको आयोजनामा ‘किसान सङ्घर्ष’ पुस्तक वर्ष ७ अङ्क १ को अन्तरक्रिया कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले पुँजीवादी शासकहरूले देशको उर्वर कृषियोग्य जमीन बाँझो राखी गुणस्तरहीन खाद्यान्न आयात गरी देशलाई परनिर्भरतातर्फ धकेलिरहेका छन् भन्नुभयो ।

समाजवादी व्यवस्था स्थापना नभएसम्म आमूल परिवर्तन सम्भव नहुने चर्चा गर्दै उहाँले कामदार जनताको भविष्य उज्ज्वल बनाउन समाजवादी व्यवस्था स्थापना गर्नु अपरिहार्य छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष पुष्पराज रानाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल कान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापा, नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेमकुमार थापा, नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य बिजुकला राना, चेतन पौडेल, गोविन्दनाथ योगी, देवीराम सिजापती, गङ्गानाथ योगी र तिलक आचार्यले बोल्नुभएको थियो ।

# कीर्तिपुरमा ‘श्रमिक’ पत्रिकाको अध्ययन गोष्ठी

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा बुधबार ‘श्रमिक’ साप्ताहिकको अध्ययन गोष्ठी सम्पन्न भयो ।




गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विचारप्रधान श्रमिक पत्रिकाको अध्ययनले व्यक्तिको बौद्धिक स्तर वृद्धि र विकासमा महत्त्वपूर्ण योगदान गरेको बताउनुभयो ।

उहाँले पत्रिकामा प्रकाशित आलेख, विभिन्न समाचार तथ्यपरक, ज्ञानवर्द्धक भएको भन्दै पत्रिका सङ्ग्रह गर्न पनि आग्रह गर्नुभयो ।

पत्रिकामा राष्ट्रिय र अन्तर्राष्ट्रिय लेखले पाठकमा थप ऊर्जा दिएको भन्दै ‘श्रमिक’ अध्ययनमा उहाँले जोड दिनुभयो ।

उहाँले पत्रिका अध्ययनपछि थप स्पष्टताको लागि बुझेको कुरालाई अन्तरक्रिया गरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुर नगर समितिका सदस्य सर्जु महर्जनले पत्रिका अध्ययन गोष्ठीले साथीहरूमा प्रस्तुतीकरण शैलीको विकास भएकोले गहिरिएर अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

अविरमान महर्जनले ‘मजदुर’ पत्रिकामा प्रकाशित समाचार र विधेयक अधिवेशन सुरु भएको जानकारी दिँदै यो संसद्मा पनि नेमकिपाले देश र जनताको हितमा आवाज उठाउने विश्वास व्यक्त गनुभयो ।

बिन्दा महर्जनले देशभक्ति भावनाको कविता सुनाउनुभएको थियो । कार्यक्रम नन्दकुमार महर्जनको सभापतित्वमा भएको थियो ।

# नेमकिपा अन्धराष्ट्रवादविरुद्ध सङ्घर्षरत

बाँके । नेपाल मजदुर किसान पार्टी बाँकेको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा मङ्गलबार कोहलपुरमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले नेमकिपा अन्धराष्ट्रवादविरुद्ध सङ्घर्षरत सर्वहारा अन्तर्राष्ट्रवादी पार्टी हो भन्नुभयो ।

विदेशी हस्तक्षेप र एमसीसीलगायत गलत सम्झौताबाट नेपालको सार्वभौमिकता नै जोखिममा परेको बेलामा सम्पूर्ण देशभक्तहरू एक हुनुपर्नेमा जोड दिँदै केन्द्रीय सदस्य गोसाईंले राष्ट्रिय पुँजीपतिवर्गलाई समेत समेटेर सङ्घर्ष गर्न नेमकिपाले जनताको प्रजातन्त्र कार्यक्रम ल्याएको स्पष्ट पार्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर वासीले रुसी संशोधनवादीहरू सामाजिक साम्राज्यवादमा पतन भएको तथ्य जनतालाई बताउन नचाहने नक्कली कम्युनिस्टहरूले नेपाली जनतालाई ठगिरहेका छन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य दिनेश खड्गीले मजदुरवर्गको शत्रु मेसिन होइन पुँजीपति वर्ग नै शत्रु हो भन्ने मजदुर आन्दोलनबाट सिकेको बताउँदै विश्वका प्रसिद्ध मजदुर आन्दोलनबारे प्रशिक्षण दिनुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष बखत थापाको सभापतित्वमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो ।

# शिक्षकहरूलाई सङ्गठित गर्दै अगाडि बढ्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ सूर्यविनायक नगर समितिको आयोजनामा ज्योति मावि गुण्डुमा शिक्षक भेला भयो ।

भेलामा नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले नेमकिपा स्थापनाका आधारहरूबारे स्पष्ट पार्नुभयो । उहाँले कामदारवर्गका छोराछोरीहरूलाई वर्गीय चेतना दिएर देशमा समाजवादी व्यवस्था स्थापनाको लागि आधार तयार गर्दै वर्गविहीन समाज स्थापना गर्नु नेमकिपाको लक्ष्य रहेको बताउनुभयो ।

उहाँले शिक्षकहरूलाई सङ्गठित गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

ज्योति माविका पूर्वप्रधानाध्यापक कृष्णलाल न्हेम्हाफुकीले पार्टीकै निर्देशनअनुसार स्थानीय टोलवासीलाई शिक्षित र सचेत बनाउन विद्यालय स्थापना भएको स्मरण गराउनुभयो ।

उहाँले पार्टीले शिक्षा र स्वास्थ्य क्षेत्रमा समाजवादी आचरणअनुसार काम गर्दै आएको बताउनुभयो ।

ज्योति माविका प्रअ मिलन कायष्ठको सभापतित्वमा भएको उक्त भेलामा केपी छुस्याकी र सुरेश बखुन्छेले पनि बोल्नुभएको थियो ।

# ओली सरकारको जग्गा काण्ड : गिरीबन्धु टि स्टेटको ३४३ बिगाहा जग्गा प्रकरण

# दलाल, तस्कर र पुँजीवादी सरकारको मागी खाने भाँडो



✍ रामप्रसाद प्रजापति

**जग्गावालाको अधिकतम हद :**

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ ले जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद तोकेको छ । दफा ७ को उपदफा (१) ले जग्गावालाले भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा १० बिगाहा, काठमाडौँ उपत्यकामा २५ रोपनी र काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीसम्म मात्र जग्गा राख्न पाउने व्यवस्था गरेको पाइन्छ ।

उपदफा (२) ले घरबारीको प्रयोजनको निमित्त आवश्यक भएजति जग्गा थप राख्न सक्ने गरी भित्री मधेशसमेत सम्पूर्ण तराई क्षेत्रमा १ बिगाहा, काठमाडौँ उपत्यकामा ५ रोपनी र काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ५ रोपनी थप जग्गा राख्न सकिने व्यवस्था गरेको पाइन्छ ।

भूमिसम्बन्धी ऐनमा हदबन्दीसम्बन्धी व्यवस्थामा पछिल्लो संशोधन हुनुपूर्व भने तराईमा २८ बिगाहा, काठमाडौँ उपत्यकामा ५८ रोपनी र पहाडी क्षेत्रमा ९६ रोपनी जग्गा राख्न पाउने व्यवस्था थियो ।

दफा १० मा अंश वा अपुताली परेकोमा बाहेक कसैले जग्गावालाको हैसियतले दफा ७ मा तोकिएको अधिकतम हदमा बढ्ने गरी आफ्नो वा अरू कसैको नाउँमा कुनै तवरले कुनै जग्गा प्राप्त गर्न नहुने व्यवस्था गरेको छ ।

हदबन्दी भन्दा बढी जग्गा राखिएको पाइएमा नेपाल सरकारले बढी भएको जग्गा जफत गरी सरकारको हुने कानुनी व्यवस्था दफा ११ ले गरेको पाइन्छ ।

दफा १२ ले भने अधिकतम हदबन्दीमा छुट पाउने व्यवस्था गरेको पाइन्छ । दफा ७ र दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको भोग चलनमा रहेको जग्गा, प्रदेश सरकार र स्थानीय तहको भोगचलनमा रहेको जग्गा, नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका सार्वजनिक संस्थाले भोगचलन गरेको वा प्राप्त गर्ने जग्गा, नेपाल सरकारले सूचित आदेश जारी गरी उल्लिखित हदबमोजिम सार्वजनिक संस्था, उद्योग प्रतिष्ठान, कम्पनी वा आयोजनाले खरिद गरी लिएका जग्गा, त्यस्तै नेपाल सरकारले शिक्षण वा स्वास्थ्य संस्थाहरूको भोग चलनमा रहेको, औद्योगिक काम, कृषि उद्योगको काममा तोकिएको शर्तअनुसार तोकिएको हदसम्मको जग्गा, त्यस्तो काममा रहेसम्म अधिकतम हदबन्दीमा छुट पाउन सकिने कानुनी व्यवस्था रहेको पाइन्छ । तर, त्यस्तो जग्गा तोकिएको प्रयोजनभन्दा अन्य काममा लगाउने नपाइने, सट्टापट्टा, बिक्री वितरण गर्न नपाइने व्यवस्था रहेको पाइन्छ ।

**सट्टापट्टा वा बिक्री गर्न बन्देज**

२०७६ माघ २८ मा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ पछि दफा १२ (क), दफा १२ (ख) र दफा १२ (ग) थप गरी हदबन्दी छुटलाई नियमन गर्ने विशेष व्यवस्था ल्याए । उक्त ऐनको आठौँ संशोधन विधेयक २०७५ माघ २८ गते मन्त्रीपरिषद्ले पारित गरेको थियो ।

अहिले गिरीबन्धु टि स्टेटको ३४३ बिगाहा जग्गाको विवाद चर्किएपछि उल्लिखित संशोधित कानुनी व्यवस्था गिरीबन्धु टि स्टेटले जस्तै हदबन्दीभन्दा बढी जग्गा उपभोग गरिरहेका दर्जनौँ उद्योग, कलकारखानाहरूलाई नै लक्षित गरी तिनीहरूले बिनास्वीकृति हदबन्दीभन्दा बढी राखिएको जग्गा चोख्याउन नै ल्याइएको चर्चा छ । त्यस बखत भूमिसुधार मन्त्री पद्मा अर्याल रहेको र १७ अर्ब रुपैयाँ चलखेल भएको चर्चा चलेको थियो ।

ऐनको दफा १२क. मा हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकको लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सकिने, आवश्यक छानबिन गरी व्यहोरा मनासिब देखिए तराईमा प्रतिबिगाहा एक लाख पचास हजार रुपैयाँ, काठमाडौँ उपत्यकामा प्रति रोपनी पचास हजार रुपैयाँ र अन्य पहाडी क्षेत्रमा प्रतिरोपनी दश हजार रुपैयाँ दस्तुर लिई स्वीकृति दिन सकिने व्यवस्था ल्याए । दफा १२ क को उपदफा (३) ले भने सञ्चालनमा नरहेको वा सञ्चालन हुन सक्ने अवस्था समेत नरहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति नदिने व्यवस्था गरेको पाइन्छ ।

यो व्यवस्था नै भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ र दफा १० विपरीत केही जग्गावालाहरूले कानुनविपरीत खरिद गरी राखेका हदबन्दीभन्दा बढी रहेको सरकारले जफत गर्न पर्ने जग्गालाई एक पटकको लागि भन्दै केही रकम दस्तुर लिई हदबन्दी भन्दा बढी जग्गा राख्न दिने कानुनी व्यवस्था हो ।

**के हो गिरीबन्धुको जग्गा विवाद**

२०१९ सालमा उद्योग मन्त्री रहेका तुलसी गिरीको पहलमा गिरीबन्धु टि स्टेट स्थापना भएको बताइन्छ । २०२९ पुस ११ मा प्रकाशित राजपत्रमा गिरीबन्धु टि स्टेटको ५०० बिगाहा जग्गा रहेको देखिन्छ । तर गिरी दाजुभाइहरूबिच २०३४ सालमा अंशबण्डा हुँदा ४ भाइले प्रतिदाजुभाइ १०२ बिगाहाका दरले ४०८ बिगाहा जग्गा अंश भागबण्डा गरेको बताइन्छ ।

साथै २०५४ देखि २०६० सालसम्म पहिलो पटक १९ बिगाहा र दोस्रो पटक ५१ बिगाहा जग्गा गिरीबन्धु टि स्टेटबाट अन्यत्र गएको बताइन्छ । यसपटक भने मालपोत कार्यालयमा बाँकी रहेको ३४३ बिगाहा १९ कट्ठा जग्गा सट्टापट्टा गरी बिक्री गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय सर्वोच्च अदालतले बदर हुने फैसला गरेको हो ।

गिरीबन्धु टि स्केट प्रा.लि.को जग्गासम्बन्धी विवादमा सर्वोच्च अदालतले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ ग. बमोजिम बिक्री वितरण गर्न वा सट्टापट्टा गर्न नहुने कानुनी व्यवस्थासँग सम्बन्धित छ ।

दफा १२ग. ले भूमिसम्बन्धी ऐनबमोजिम जारी भएको सूचित आदेशबमोजिम खरिद गरेका जग्गा सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै पनि संस्थाले कसैलाई पनि बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा सट्टापट्टा गर्न पाउने छैन भन्ने कानुनी व्यवस्था गरी हदबन्दीभन्दा बढी राख्न दिएको जग्गा हक हस्तान्तरण वा सट्टापट्टा गर्न बन्देज लगाएको छ ।

तर सोही दफा १२ग. मा दुई वटा प्रतिबन्धात्मक वाक्यांश समेत राखी नेपाल सरकारको स्वीकृतिमा बिक्री वितरण गर्न र नेपाल सरकारले तोकेको शर्तबमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणको लागि स्वीकृति दिन सक्ने कानुनी व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ मा भएको आठौँ संशोधनले गर्‍यो ।

केही समय अगाडि निजी गुठी सञ्चालनका लागि राखिएका काठमाडौँका मुख्य शहरभित्रका जग्गालाई साँखु लप्सीफेदी छेउछाउका जग्गासँग सट्टापट्टा गरी शहरभित्रका जग्गा बिक्री वितरण गरी खाएको सुनेका थियौं । त्यही विकृतिका कारण अहिले निजी गुठीका जग्गा न त सट्टापट्टा गर्न मिल्छ, न त त्यसबेला झैं अक्षयकोष राखी बिक्री गर्न नै मिल्छ । गुठी धर्म लोप हुन नदिन गुठी जग्गा संरक्षण गर्न यस्तो व्यवस्था गरेको हामी थाहा पाउँछौं ।

अहिले उस्तै उस्तै प्रकृतिको भूमिसम्बन्धी ऐनले हदबन्दी भन्दा बढी जग्गा राखेको पाइएमा जफत हुने, स्वीकृति लिएर बढी जग्गा खरिद गरेको भए त्यस्तो उद्योग कलकारखाना सञ्चालन भएसम्म मात्र राख्न पाइने, तत्पश्चात नेपाल सरकारको हुने जग्गालाई भूमिसम्बन्धी ऐनमा आठौँ संशोधन गराई उल्लिखितबमोजिमको दफा १२ ग. मा प्रतिबन्धात्मक व्यवस्था गरी नेपाल सरकारको स्वीकृतिमा बिक्री वितरण, सट्टापट्टा वा स्थानान्तरण गर्न सकिने व्यवस्था गराई सोही व्यवस्थाको आडमा केपी ओलीको सरकारले २०७८ वैशाख १३ गते गिरीबन्धुको ३४३ बिगाहा जग्गा सट्टापट्टा गरी बिक्री वितरण गर्न अनुमति दिने निर्णय गरेको थियो ।

भूमिसम्बन्धी ऐन, २०२१ को हदबन्दी भन्दा बढी जग्गा कुनै कम्पनी, उद्योग कलकारखाना, प्रतिष्ठानलाई आवश्यक छ भने सरकारको स्वीकृतिमा राख्न सकिने व्यवस्था भएकोले झापा बिर्तामोडस्थित गिरीबन्ध टि स्टेटको जग्गा राज्यले खोसेको थिएन ।

ऐनमा आठौँ संशोधन गरेपछि नियमावलीमा पनि संशोधन आवश्यक पर्‍यो । मन्त्रीपरिषद्को प्रशासन समितिमा छलफल हुँदा भूमिसुधार मन्त्रालयका अधिकारीले उल्लिखित संशोधन मौलिकरूपमै त्रुटिपूर्ण भएकोले मिल्दैन भनेपछि मन्त्रालयमा नक्कली भुटानी शरणार्थी काण्डमा हाल जेल परेका टेकनारायण पाण्डेलाई ल्याएपछि नियमावली संशोधन भएको र २०७८ वैशाख १३ गते ओली सरकारले गिरीबन्धुको जग्गा सट्टापट्टा गरी बिक्री गर्न स्वीकृति दिने निर्णय गरेको देखिन्छ ।

तत्पश्चात गिरीबन्धु टि स्टेटको जग्गा सट्टापट्टा गरी बिक्री वितरण गर्न स्वीकृति दिने मन्त्रीपरिषद्को निर्णय बदर गरी पाउँ भनी सर्वोच्च अदालतमा मुद्दा परेको हो ।

पुर्वपश्चिम राजमार्गसँग जोडिएको ३४३ बिगाहा जग्गाको अहिलेको बजार मूल्य करिब ४० अर्ब पुग्ने भएपछि टि स्टेट मासेर जग्गा प्लटिङ गरी बिक्री वितरण गर्ने र कुनै अनकन्टार ठाउँमा गिरीबन्धु टि स्टेटको लागि जग्गा सट्टाभर्ना गर्ने उद्देश्यले नै ऐनमा समेत संशोधन गराउने खेल भएको देखियो ।

**२०७५ सालमा असफल प्रयास**

यसरी संसदले ऐन र नियमावलीमा संशोधन गर्नु अघिदेखि नै गिरीबन्धु टि स्टेटको जग्गा खरिदबिक्री गर्ने गिरोहले जग्गा खरिद बिक्रीको सम्झौतापत्र समेत गरेको खुलेको छ । २०७३ पुस २७ गते नै जग्गा किनबेचका लागि गिरीबन्धुका अध्यक्ष छत्रबहादुर गिरी, सञ्चालकहरू भरतलाल गिरी र राजेश गिरी तथा झापाका राजेन्द्रकुमार थापा, टङ्कप्रसाद उप्रेती र मणिकुमार प्रसाईबिच करारनामा भएको र उक्त करारनामामा ३३९ बिगाहा १९ कट्ठा जग्गा सट्टापट्टाका लागि नेपाल सरकारसमक्ष कारबाही चलाइरहेको, सट्टापट्टाको स्वीकृति पाएपछि महेन्द्र राजमार्ग उत्तरतर्फको २५२ बिगाहा जग्गा बिक्री गर्ने र दोस्रो पक्षले गिरीबन्धु टि स्टेट प्रा.लि.को एसबीआई बैङ्क बिर्तामोड शाखाको खातामा रु. ३७,५०,००,०००।- जम्मा गर्नुपर्ने शर्त राखिएको रहेछ ।

यसरी गिरीबन्धुको जग्गा सट्टापट्टा प्रक्रिया सुरु गरेपछि झापाका भक्तराज भारतीले २०७५ माघ १४ मा सर्वोच्चमा मुद्दा गरी उक्त मुद्दामा न्यायाधीशहरू मीरा खड्का र हरिकृष्ण कार्कीले भूमिसम्बन्धी ऐन, २०२१ विपरीत भएको ठहर गर्दै २०७५ फागुण ६ गते अन्तरिम आदेश जारी गरेको रहेछ ।

त्यसपछि ऐन नियम नै संशोधन गर्ने प्रकृया अगाडि बढाएको र करिब ५ बर्षपछि केपी ओली नेतृत्वको सरकार (मन्त्रीपरिषद्) बाट जग्गा सट्टापट्टा गरी बिक्री गर्न स्वीकृति दिने निर्णय गराउन गिरोह सफल भएको देखिन्छ ।

**जग्गा बिक्री गर्न दिएको स्वीकृति बदर**



सोही केपी ओली सरकारको २०७८ वैशाख १३ गतेको गिरीबन्धु टि स्टेट प्रा.लि.लाई ३४३ विगाहा १९ कट्ठा जग्गा सट्टापट्टा गरी बिक्री गर्न स्वीकृति दिने निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ ग. लगायतका कानुनी व्यवस्था विपरीत हुनुका साथै अपरिपक्व प्रकृतिको देखिएको हुँदा उक्त निर्णय र सोबमोजिम भए गरेका सम्पूर्ण काम कारबाही बदर हुने सर्वोच्च अदालतको ५ जना न्यायाधीश सम्मिलित संवैधानिक इजलासको फैसला बुधबार जारी गरेको सङ्क्षिप्त आदेशमा उल्लेख छ ।

गिरीबन्धु टि स्टेट प्रा.लि.सँग अरू ३४/३५ उद्योग कलकारखाना, प्रतिष्ठानहरूले पनि भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ ग विपरीतको सुविधा लिएको चर्चा छ । अब नेपाल सरकारले गिरीबन्धु टि स्टेट प्रा.लि.लाई जस्तै कुन कुन उद्योग, कलकारखान, प्रतिष्ठानहरूलाई जग्गा सट्टापट्टा तथा बिक्री वितरण गर्ने सुविधा दिएको छ खोजीनीति गरी ती सम्पूर्ण हदबन्दी भन्दा बढी उपभोग गरिरहेको जग्गा नियमित गर्नु आवश्यक छ ।

सरकारी जग्गा संरक्षणमा उदासिन भई जग्गा दलाल, तस्कर, आपराधिक गिरोहको पक्षमा देशको ऐन, नियम नै संशोधन गरी सरकार आफै अग्रसर भई निर्णय गरेको देखिएकोले यस्तो ठूलो नीतिगत भ्रष्टाचार गर्ने सरकारी अधिकारीहरू, मन्त्री तथा प्रधानमन्त्रीहरू पनि प्रस्टसँग दोषी देखिएको हुँदा उनीहरूविरुद्ध कानुन बमोजिम दण्ड सजाय दिनु आवश्यक छ । साथै सचेत जनताले सुझबुझका साथ यस्ता देश र जनविरोधी काम गर्ने सत्ता स्वार्थका लागि जे पनि गर्ने नेता तथा राजनीतिक दलहरूलाई सजाय दिनु आवश्यक छ ।

*२०८० माघ २७*

# सन् २०२४ इतिहासकै सबभन्दा ठुलो चुनावी वर्ष

सन् २०२४ इतिहासकै सबभन्दा ठुलो चुनावी वर्ष हुँदै छ । विश्वका आधा जनसङ्ख्या बसोबास गर्ने दर्जनौँ देशमा यो वर्ष चुनाव हुँदै छ । यो सूचीमा भारत, संरा अमेरिका, इन्डोनेसिया, पाकिस्तान र बङ्गलादेश पनि पर्दछ । आधा अर्ब जनसङ्ख्या भएको र युरोपका २७ देश समावेश भएको युरोपेली सङ्घमा पनि यसै वर्ष संसदीय निर्वाचन हुँदै छ । (लोकरिझ्याइँद्वारा विस्थापित अर्थशास्त्र'-अन्तरा हन्डर-नागरिक- २१ माघ २०८०)

तर, भारत एकातर्फ हिन्दू अतिवादको झन्डा बोक्दै छ भने अर्कोतिर पाकिस्तान, बङ्गलादेश, इन्डोनेसिया आदि इस्लाम धर्म मान्ने देशहरू आफ्नो स्थानमा अडिग छन् । त्यस्तै संरा अमेरिका र युरोपेली देशका इसाइ धर्मालम्बीहरू अन्य धर्म, सभ्यता र तेस्रो विश्वको स्वतन्त्रता र मुक्तिको निम्ति लचक देखाउन तयार छैनन् । यस अर्थमा सन् २०२४ को निर्वाचन वर्षमा दक्षिणपन्थी राजनीति र परम्परावादी झन्डा बोक्नेहरू आफै विभाजित छन् । धर्म, सम्पदा, जातीय भेदभाव र नयाँ प्रजातन्त्रबारे एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशका जनता गम्भीररूपले जनताको प्रजातन्त्र र समाजवादतिर लाग्दै छन् ।

जहाँसम्म पश्चिमी देशको प्रजातन्त्र र राजनैतिक स्पष्टताको विषय छ । त्यस हिसाबले बेलायती प्रजातन्त्रमा उदारवाद र अनुदारवादको विषयमा राजा र सामन्तवर्गको प्रभावको अनुदारवादी दलको नारा दुई चुनावपछि उदारवादी दलसँग समानता हुन्छ । यसकारण, बेलायतीहरू ठट्टा गर्ने गर्छन्, हाम्रो दुई पार्टी बन्दोबस्त छ, एक उदारवाद र अर्को अनुदारवाद । उनीहरू पालैपालो शासन गर्छन् तर परिणाम एउटै हुन्छ ।

अमेरिकीहरू पनि निर्वाचनमा रिपब्लिकन पार्टी र डेमोक्रेटिक पार्टी बताउँछन् । तर, कामदारवर्ग र जातीय विभेदमा शब्द र शैली फरक भए पनि व्यवहार समान हुन्छ । यसकारण, भन्ने गर्छन्, रिपब्लिकन र डेमोक्रेटिक पार्टी एउटै ढ्याकको खुकुरी र त्रिशुलजस्तो । २ सय वर्षभन्दा लामो समयसम्म शासन गरेका अमेरिकी प्रजातन्त्रका दुई शासक दलहरूले फरक भाषा बोले पनि साम्राज्यवादी सोच र व्यवहारमा कुनै अन्तर छैन । यसकारण, दोस्रो विश्वयुद्धपछिको कोरिया युद्ध (१९५०-५३), भियतनाम युद्ध, अफगानिस्तान, क्युवा, इराक, लिबिया र सिरियामा दुवै पार्टीको एउटै दृष्टिकोण छ - दबाउने ।

यसकारण, धर्मको नाममा, सभ्यता र जातीय भेदभावको कारण संरा अमेरिका र भारतको दक्षिणपन्थी एकता टिक्नेछैन र आर्थिकरूपले भारत उठ्दो शक्ति हुनेछ भने संरा अमेरिका शोषण गर्ने दबाउने उद्देश्यमा दृढ रहनेछ ।

एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका बहुमत देशहरू र जनता स्वतन्त्रता, मुक्ति, जनताको प्रजातन्त्र र आर्थिक समानताउन्मुख, समाजवादउन्मुख छन् भने अमेरिका ठीक विपरीत दिशामा छ । यसकारण, निर्वाचनमा सबै महादेशका दक्षिणपन्थीहरू एक नहुने अनेक कारण हुँदा साम्राज्यवादविरोधी धारणाले प्रमुखता पाउने प्रस्ट छ ।

'मध्यपूर्वमा युद्धको लागि उद्यत अमेरिका' को स्थितिबारे भन्छ, 'प्यालेस्टिन-इजरायल युद्धको मूल कारण संज्ञानमा नलिए 'आक्रमण र प्रत्याक्रमण' को चक्र दोहोरिरहनेछ । वासिङ्टनले 'सम्भावित युद्ध' लाई समाल्न सक्नेछैन । (नयाँ पत्रिका- २३ माघ २०८०)

दक्षिण भारतकै दक्षिणपन्थीहरू निर्वाचनमा एक हुने अनुमान गरेको खण्डमा पाकिस्तान र बङ्गलादेशको विभाजनलाई दुवैले बिर्सन सकेका छैनन्, एउटा भारतीय विस्तारवाद पीडित र अर्को भारतको संरक्षण प्राप्तिको भावनामा बाँचेको छ ।

दक्षिण एसियामा माल्दिभ्स क्षेत्रफल र जनसङ्ख्या सानो भएर पनि जनताले आ-आफ्नो देशलाई माया गर्नु स्वाभाविक हो, 'द्विपक्षीय सम्बन्धको एक भागको रूपमा सन् २०१० देखि माल्दिभ्समा सानो सानो सङ्ख्यामा भारतीय सेना तैनाथ छ ।' ८८ जना भारतीय सेनाको सङ्ख्या खतराको दृष्टिले एकदमै सानो हो । माल्दिभ्सका सेनालाई लडाइँ र जासुसीमा तालिम दिने द्विपक्षीय सम्बन्धको एक भागको रूपमा सन् २०१० देखि त्यहाँ भारतीय सेना तैनाथ गरिएको छ । (नयाँ पत्रिका- २२ माघ २०८०)

सेना ठुलो होस् वा सानो, कुनै देशको स्वतन्त्रता र सार्वभौमिकताको दृष्टिले एउटै हो । यसकारण, सन् २०२४ को विश्वका धेरै देशको निर्वाचनमा विचारको समानता बलियो हुने सम्भावना कम छ ।

# साइन्स र डाक्टरी पढ्ने भाइबहिनीलाई चिठी-३

**हरिबहादुर श्रेष्ठ**



क्युवाली विद्रोहीहरूले मेक्सिकोमा क्रान्तिको तयारी गर्दै थिए । तिनीहरूसँग क्रान्ति र समाजवादबारे चेको छलफल भयो र क्युवाको क्रान्तिलाई समाजवादी क्रान्तिमा फेर्ने वचन दिएपछि चे क्रान्तिमा साथ दिन राजी हुनुभयो । विद्रोही सेनामा उहाँले डाक्टरको रूपमा सेवा गर्नुभयो । लडाइँमा उहाँ घाइते हुनुभयो । उहाँको दायाँ-बायाँका साथीहरू सहिद भए । शत्रुले विमानबाट बम खसाल्न थाल्यो । उपचारको थैलो बोक्ने हो कि सहिदले छोडेको बन्दुक सम्हाल्ने हो; दुविधा र सङ्कट आइलाग्यो । उहाँले बन्दुक सम्हाल्नुभयो र अनेक लडाइँ जित्दै जानुभयो ।

चे डाक्टरबाट सिपाही र कमान्डर बन्नुभयो । क्युवाको अमेरिकी दलाल सरकार उल्टियो । क्रान्ति सफल भयो । क्रान्तिपछि उहाँ राष्ट्र बैङ्कको अध्यक्ष, राष्ट्रिय योजना परिषद्को निर्देशक, उद्योग वाणिज्यमन्त्री, पूर्वी क्युवाको क्षेत्रीय सेनानायक, क्रान्तिकारी सेनाको निर्देशन विभागको अध्यक्ष भएर क्युवाली क्रान्तिलाई विभिन्न सङ्कटबाट जोगाउनुभयो । संयुक्त राष्ट्र सङ्घलगायत धेरै राजनीतिक र आर्थिक अन्तर्राष्ट्रिय सम्मेलनहरूमा उहाँले क्युवाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो । देशको उत्पादन बढाउन उखुबारीमा किसानसँग र कारखानामा मजदुरहरूसँगै काम गर्नुभयो । उहाँ क्युवाली कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । पछि उहाँले भन्नुभयो, "क्युवा र क्युवाको क्रान्तिप्रति मैले गर्नुपर्ने कर्तव्य पूरा गरिसकेको अनुभव गर्छु ।" चे अचानक बेपत्ता हुनुभयो । 'स्वतन्त्रता वा मृत्यु' उहाँको नारा थियो । उहाँले भन्नुभयो, "हाम्रो मृत्यु कहीँ पनि किन नहोस्, हामी त्यसको स्वागत गर्छौं । त्यसको निम्ति एउटै मात्र सर्त छ - हाम्रो नारा कसैको कानमा परोस्, उसले हाम्रो हतियार सम्हालोस् ।"

१० महिनापछि चे बोलिभियाको जङ्गलमा गुरिल्ला युद्ध गर्दै हुनुहुन्छ भन्ने खबर आयो । शत्रुले उहाँलाई जिउँदो वा मुर्दा समात्न सक्नेलाई ५० हजार पाउन्डको पुरस्कार घोषणा गर्‍यो । १८ हजार प्रतिक्रियावादी सेनाको घेरामा उहाँले जीवन-मरणको सङ्घर्ष गर्नुभयो । एक-एक गर्दै साथीहरू सहिद भए, घाइते भएर छुट्टिए । एक्लै भए पनि उहाँ लड्दै जानुभयो । सानैदेखिको दम र खोकीले उहाँमाथि चर्को आक्रमण सुरु गर्‍यो । शत्रु सेनासँगको मुठभेड झन्-झन् नजिकिँदै गयो; सङ्घर्षमा उहाँ घाइते हुनुभयो । अन्तिम गोली पनि सिद्धियो, बन्दुक बिग्रियो तर सङ्घर्ष चलि नै रह्यो । त्यसपछि उहाँले रक्षात्मक उपाय अपनाउनुभयो; पहाड र जङ्गल तथा गाउँ र गोरेटो रगतका छिटाहरूले राता भए । त्यही रगतका छिटाहरूको पिछा गर्दै शत्रु सेनाले उहाँलाई भेट्टायो तर उहाँले आत्मसमर्पण गर्नुभएन । १९६७ अक्टोबर ८ का दिन बोलिभियाको युरी भन्ने गाउँमा शत्रुको गोलीबाट उहाँ सहिद हुनुभयो । ३९ वर्षका डाक्टरले आफूलाई क्रान्तिको बलिवेदीमा होमिदिनुभयो ।

चेको हत्याको समाचारले सारा ल्याटिन अमेरिकामा क्रोधको लहर फैलियो । स्कुल, कलेज र विश्वविद्यालय बन्द भए; छात्रछात्राहरू सडकमा निस्के; संरा अमेरिकाको दूतावास र संस्थाहरूमा इँटा, ढुङ्गा र हातेबम प्रहार गरे । ठाउँ-ठाउँका विरोध प्रदर्शनहरूमा प्रदर्शनकारी र प्रतिक्रियावादी पुलिसहरूबिच भिडन्त भयो । आज चे ग्वेभारालाई ल्याटिन अमेरिकी युवकहरूको हृदय-सम्राट भनिन्छ ।


माथिका एक-दुई उदाहरणले नै साइन्स पढ्ने विद्यार्थी र डाक्टरले राजनीतिमा भाग लिनुहुन्न भन्ने तिम्रो धारणा सोन्है आना खोटो साबित हुन्न र ? साइन्स र डाक्टरी पढ्नु खराब होइन; असल, सान्है असल कुरा हो तर त्यसको मुख्य उद्देश्य पैसा कमाउने, धक्कु लगाएर अरूलाई हेला गर्ने, मोजमज्जा गर्ने नाममा छाडा भएर हिँड्ने हुनुहुँदैन । त्यसको ठिक उल्टो विज्ञान र डाक्टरी पढेर देश र जनताको सेवा गर्ने उद्देश्य राख्नुपर्छ । क्रान्ति गर्नु देश र जनताको सबभन्दा ठूलो सेवा हो । शोषणमा आधारित सरकार र समाजलाई उल्टाउनु र त्यसको ठाउँमा मजदुर-किसानको शोषण नहुने क्रान्तिकारी वर्गको सरकार र समाज निर्माण गर्नु नै क्रान्ति हो । आज हाम्रो देशमा बर्सेनि हजारौँ जनता भोकै र औषधी गर्न नपाउँदै मर्छन् । औषधी गर्न सक्ने रोगीहरू समेत देशमा अस्पताल र उपचारको राम्रो प्रबन्ध नभएको हुँदा विदेशमा जान बाध्य छन् । त्यहाँ राम्रा डाक्टर-वैद्यबाट उपचार गर्ने विचारले गएका कति रोगीहरू पैसामुखी विदेशी डाक्टरहरूको पन्जामा पर्छन् र पानीजस्तै पैसा बगाउँदा पनि रोग बिसेक हुन्न ।

नेपालका विभिन्न भाग र सीमामा रोगी लैजाने दलालहरू विदेशका खराब डाक्टरको पैसा खाएर नेपाली रोगीको 'सिकार गर्न' ढुकिबस्छन् । अनि, 'पैसाजति विदेशलाई, रोग आफ्नै देशलाई' भन्ने उखान चरितार्थ हुन्छ । देशको स्वास्थ्य क्षेत्रलाई धमिलो पार्नमा 'मेडिकल काउन्सिल' तथा राम्रा र गतिला औषधी देशमा ल्याउन नदिने सरकारी संस्था 'औषधी व्यवस्थापन आयोग' को हात हुने बुझिँदै छ । त्यस आयोगको प्रमुख सिधै प्रधानमन्त्रीबाट नियुक्त हुन्छ । भनिन्छ, त्यो पनि अर्को भन्सार अड्डा हो ।

कतिपय नेपालीहरू उपचारका लागि विदेश जान्छन् । स्वदेशमा उपचारको राम्रो प्रबन्ध भए हाम्रो पैसा विदेश पुग्ने थिएन, रोगीले अनावश्यक यात्राको कष्ट भोग्नुपर्ने थिएन र विदेशी जनताको निम्ति बनाइएको ठाउँ नेपालीहरूले ओगटेर अरूलाई अप्ठ्यारो र असजिलो पार्नुपर्ने थिएन । क्रान्तिले बाहेक आजको सरकार र व्यवस्थापनले जनताको स्वास्थ्यको राम्रो प्रबन्ध गर्न सक्दैन । क्रान्तिलाई विजयसम्म लैजान बलिदानको आवश्यकता छ र त्यो बलिदान देशमा २-४ वर्षभित्र भोक र उपचारविना मरेका जनताको सङ्ख्याभन्दा कम हुनेछ । क्रान्तिपछि जनताले भोक र उपचारविना अकालमा मर्नुपर्ने छैन । सबै जनताले काम-माम पाउनेछन् र सबै जिल्ला अनि गाउँमा अस्पताल, हेल्थसेन्टर र हेल्थपोस्ट खुल्नेछन् । गरिबका छोराछोरीले पनि स्वदेशमा डाक्टर, कम्पाउन्डर अनि नर्स पढ्न पाउनेछन् र अरू स्वास्थ्य स्वयम्सेवकहरूले तालिम पाउनेछन् । अध्ययन र तालिमपछि काम पाउनेछन्; बेकार बस्नुपर्ने छैन । बिरामी जनताले उपचार गर्नेहरूबाट राम्रो सेवा पाउनेछन् र स्वास्थ्यलाभ गरेर फेरि देशको उत्पादन कार्यमा भाग लिन पाउनेछन् ।

देशमा यस्ता सबै बन्दोवस्त गर्न क्रान्ति नै पहिलो सर्त हो । क्रान्ति गर्न सारा जनतालाई एकगठ गर्नुपर्छ । क्रान्ति गर्न जनतालाई एकगठ गर्नु नै जनताको राजनीति हो । विनाभेदभाव सबै जनताका छोराछोरीले विज्ञान र डाक्टरी पढ्ने अवसर पाउन विज्ञान र डाक्टरी पढ्ने विद्यार्थीहरूले पहिले राजनीतिमा भाग लिनुपर्ने हुन्छ । तिमी साँच्चै जनताको डाक्टर बन्न चाहन्छ्यौ भने सबभन्दा पहिले तिमीले आफूलाई क्रान्तिकारी पार्टीको एक कार्यकर्ता सम्झनुपर्छ । यस हिसाबले तिमीले विज्ञान र डाक्टर पढ्यौ भने लाखौँ-लाख जनताको सेवा गरेर आफ्नो कर्तव्य पालन गर्न सक्नेछ्यौ । क्रान्तिभन्दा पहिले डाक्टरको सेवा एक बाल्टिन पानी सफा गर्नु जस्तै हो भने क्रान्तिपछि एक डाक्टरको सेवा समुद्रको सबै पानी सफा गर्नुजत्तिकै हुनेछ । बहिनी, अब तिमी नै भन ! एक बाल्टिन पानी सफा गर्ने डाक्टर बन्न चाहन्छ्यौ वा समुद्र सफा गर्ने महान् डाक्टर बन्छ्यौ ?

खराब र स्वार्थी डाक्टरको आलोचना गरेकोमा तिमीले रिसाएर सोध्नेछ्यौ, "के त्यसो भए क्रान्तिलाई डाक्टर चाहिन्न, दाजु ?" बहिनी, क्रान्तिलाई डाक्टर चाहिन्छ; हामीसँग क्रान्तिकारी डाक्टरहरू पनि छन् तर सान्है कम छन् । क्रान्तिकारी डाक्टरहरूले पार्टीको निर्देशनमा पैसा नलिई गरिब जनतालाई जाँच्छन्; बडो मिहिनेती र नम्र भएर रोगीहरूको सेवा गर्छन् । तिनीहरू नमुनाको निम्ति आएका औषधीहरू गरिब जनतालाई दिन्छन् । पर्चा छर्न, किताब र पत्रपत्रिका छाप्न चन्दा दिन्छन् । पार्टी कार्यकर्ता बिरामी पर्दा आफ्नै परिवारका सदस्यलाई जस्तै उपचार र हेरचाह गर्छन् । असल डाक्टरहरूलाई थाहा हुन्छ - पार्टी कार्यकर्ताहरू क्रान्तिका अग्रदूत हुन्, पार्टी कार्यकर्ताहरू नभए पार्टी हुन्न, पार्टी भएन भने क्रान्ति पनि हुन्न । नेपालमा साँचो क्रान्ति वा आमूल परिवर्तन गर्नेहरू तयार नहोऊन् भनेर सरकारले विद्यार्थीलाई भारत र अन्य देशमा पढ्न पठाउँदै छ । वीर अस्पताल, शिक्षण अस्पताल र पाटन अस्पतालले बर्सेनि १२ समयभन्दा बढी डाक्टर र नर्सहरू उत्पादन गर्न सक्छन् । तर, नेपाली काङ्ग्रेस, एमाले र एमाओवादीजस्ता राजनीतिक दलका सरकारको खोटो नीतिका कारण अर्थात् नेपालमा विदेशी कलेज खोल्ने अनुमति दिँदा र डलर दिएर विदेशमा पढाउने नीतिले गर्दा हजारौँ छात्रछात्रा विदेश जाँदै छन् र नेपालका ५०० भन्दा बढी कलेज बन्द हुने सङ्घारमा छन् ।




पार्टी कार्यकर्ता देश र जनताका आँखा र कान हुन्; सबभन्दा मूल्यवान् सम्पत्ति हुन् । तिनीहरूको अपमान गर्नु देश र जनताकै अपमान गर्नु हो । क्रान्ति भनेको गृहयुद्ध पनि हो; युद्धको बेलामा कार्यकर्ता र क्रान्तिकारीहरू बिरामी वा घाइते हुनेछन् । त्यसबेला पनि डाक्टरको सेवा आवश्यक हुन्छ । हामी विज्ञान र डाक्टरविरोधी होइनौँ; हामी त विज्ञान र डाक्टरका साथी हौँ तर कुरा के हो भने संसारमा डाक्टर नै सबथोक होइनन् । हाम्रो देशमा हजारौँ-हजार डाक्टर र उपचार गर्ने कामदारहरू आवश्यक छँदाछँदै पनि क्रान्ति सबभन्दा पहिलो कुरो हो । क्रान्तिले मात्रै हजारौँहजार डाक्टर, इन्जिनियर, वैज्ञानिक जन्माउन सक्नेछ ।

आज क्रान्तिकारीहरूकै सबभन्दा बढी खाँचो छ । यसकारण, युवा, विद्यार्थी, डाक्टर, कम्पाउन्डर, स्वास्थ्यकर्मी र अरू बुद्धिजीवीहरूले पनि क्रान्तिकारी भई क्रान्तिमा भाग लिनुपर्छ ।

बहिनी, तिम्रो चिठीको उत्तर लामो भएजस्तो छ । इन्जिनियर बन्ने माहिलो भाइ अनि रसायनशास्त्री र वैज्ञानिक बन्ने साहिँलो र काइलो भाइको उत्तर अर्को पत्रमा लेख्नेछु ।

***माया गर्ने दाजु***
***किरण नेपाली***






विसं २०७२ को भूकम्पमा उद्धारका निम्ति नेपाल आएका क्युवाली डाक्टरहरू

# चिनियाँ विशेषतासहितको समाजवादको मार्गः एक छलफल

✍ समा

आजको विश्व व्यवस्थामा चीनको स्थान र गौरव निकै उँचो छ । एक्काइसौँ शताब्दी चीनको उदय र द्रुत विकासको शताब्दी बन्दै छ । यो विश्वमा यतिबेला 'चिनियाँ सपना', 'चिनियाँ अनुभव', 'चिनियाँ गति', 'चिनियाँ चमत्कार', 'चिनियाँ बौद्धिकता', 'चिनियाँ भावना', चिनियाँ शक्ति', 'चिनियाँ जिम्मेवारी', 'चिनियाँ अवधारणा' र 'चिनियाँ मोडल'आदिबारे सघन छलफल एवम् चर्चा परिचर्चा हुँदै छ । हजार वर्ष अघि चीनले फर्काउन खोजेको समृद्धि र वैभवको प्राप्ति आज हुँदै छ । आफूलाई विश्वको पहिलो शक्ति भन्ने अमेरिकासँग हरक्षेत्रमा प्रतिस्पर्धा गर्दै छ ।

हिजोदेखि आज अर्थात् इतिहासदेखि वर्तमानसम्म आइपुग्न चीनले हिँडेको बाटो कुन हो ? चीनले कुनै बेला निकै अँध्यारो र अपमानको युग भोग्न परेको यथार्थ विश्वलाई अवगत छ । त्यो अपमान र उपनिवेशदेखि गौरव र स्वाधीनतासम्म आइपुग्दा चीनले अपनाएको मार्ग कुन हो ? यो प्रश्नको जवाफ पुस्तक "What is the Path of Socialism with Chinese Characterstics" ले दिन्छ । यो पुस्तक चीनले हिँडेको बाटो र उकाली ओरालीलाई हेर्ने एउटा महत्त्वपूर्ण आँखीझ्याल हो । पुस्तकले पाठकलाई एक हजार पुरानो चीनसम्म पुऱ्याउँछ । चिनियाँ राजा महाराजाको शासनदेखि आजको समाजवादी बाटोसम्ममा चिनियाँ जनताको अवस्थाबारे अवगत गराउँछ । गरिबी र दरिद्रताको एउटा युग छिचोलेर समृद्धिलाई स्थायी बनाउँदै गरेको आजको चीनको वास्तविक शक्ति या ऊर्जा बोध गराउँछ ।


आज पश्चिमा विश्वका बुद्धिजीवीहरू आफैँ भन्दै छन् -"अबको विश्वको परिकल्पना चीनविना असम्भव छ ।" तिनीहरू चीनलाई अमेरिका र अमेरिकालाई चीनसँग तुलना गर्छन् । उनीहरू चीन - अमेरिकाबिचको सुदृध दुईपक्षीय सम्बन्ध विश्वको सबैभन्दा महत्त्वपूर्ण विषय मान्छन् । यसर्थ आज चीन विश्वको कडा शक्ति या नरम शक्तिभन्दा पनि 'Smart Power' अर्थात् 'सहयोगी शक्ति' को रूपमा उदाएको छ ।

एक शताब्दीअघि अर्थात् सन् १९०० तिर चीन २६ औँ क्वाङ्सु सम्राटको लगाममा पर्यो । त्यो अवधि चीनको लागि निकै पीडादायी र दुःखद समय रह्यो । बिसौँ शताब्दीतिर चीन गरिबी र सङ्कटको भूमरीमा फस्यो । त्यहाँबाट उम्केर स्वतन्त्र र नयाँ चीन निर्माण गर्न हजारौँ हजार चिनियाँ वीरहरूले सङ्घर्ष नगरेका होइनन्, रगतपसिना र बलिदानी नदिएका होइनन् । चीनलाई राजा रजौटाहरूको शासन र विदेशी शक्तिको कब्जाबाट मुक्त गर्न उठेका सङ्घर्षहरूको झल्को पुस्तकले दिन्छ । चिनियाँ कम्युनिस्ट पार्टीको जन्मदेखि चीनले हिँडेको मार्गका विशेषता र फाइदाहरूसँगै अप्ठ्यारा र चुनौतिहरूबारे जानकारी लिन पुस्तक 'चिनियाँ विशेषतासहितको समाजवादको मार्ग के हो' नपढी हुन्न । यो पुस्तकको अध्ययनले नेपाली जनतालाई वैदेशिक हस्तक्षेपविरुद्ध देशभक्तिपूर्ण सङ्घर्ष गर्ने शिक्षा मिल्छ । नेपाललाई गरिबी र अस्तव्यस्तताबाट उन्मुक्तिको बाटो देखाउँछ । हुन त चीन अत्यन्त विशाल देश हो नेपाल जस्तो भौगोलिक हिसाबमा निकै सानो देशसँग तुलना अमिल्दो होला तर चीन पनि नेपालजस्तै एउटा किसानहरूको देश हो । कृषिमा क्रान्तिविना कुनै पनि किसानको देश समृद्धितिर जाँदैन भन्ने शिक्षा नेपालजस्तो सानो देशका लागि अत्यन्त उपयोगी हुन्छ । जनसङ्ख्या र भूगोलमा ठूलो देश चीनमा क्रान्ति सम्भव छ भने नेपालमा किन छैन ? यो पुस्तकले नेपाली समाजलाई पनि बाटो देखाएको महसुस हरेक पाठकलाई हुनेछ । तसर्थ चीनको राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको इतिहास बताउने यस पुस्तकको छलफल या चर्चा सान्दर्भिक होला । नौ वटा खण्डमा विभक्त यस पुस्तकका प्रत्येक खण्डले सुशासन र समृद्धितर्फ चीनको यात्राका अध्यायहरू प्रस्तुत गर्छ ।

पुस्तकको पहिलो खण्डले चीनको ऐतिहासिक विकासक्रमको धरातलबारे जानकारी दिन्छ । सन् १८४० को पहिलो अफिम युद्धपछि सिधै चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाले मात्र चीनको मुक्ति या विकासको बाटो तय भएको हो भन्दा गलत होला । चिकपा स्थापना पूर्वको चिनियाँ इतिहास हेर्ने हो भने तत्कालीन अवस्थामा सिङ्गो चीन र चिनियाँ जनताले उन्मुक्तिको सास फेर्न चाहेका थुप्रै घटना र मोडहरू नआएका होइनन् । पुस्तकको पहिलो खण्डले त्यस्ता केही ऐतिहासिक मोड र घटना अवगत गराउँछ । विडम्बना ती कुनै पनि घटनाले चीनको मुक्ति सम्भव भएन । ती चिनियाँ समाजलाई उज्यालोतिर लाने प्रयास भने पक्कै थिए । चीनको समृद्धि र स्वतन्त्रताको निम्ति पुर्खाले गरेको सङ्घर्ष तथा बलिदानीको कथा पनि यही अध्यायमा छ ।

पहिलो अफिम युद्ध हुनुपूर्व छिङ वंशले चीनमा २०० वर्ष शासन गऱ्यो । त्यो अवधिलाई चिनियाँ जनता शताब्दीपूर्वको समृद्ध चीन भन्न रुचाउँछन् । त्यसपछिको समयमा चीनको राजनीति, अर्थतन्त्र र सामाजिक संरचना अँध्यारोतिर फस्दै गयो । राज्यसत्तामा कर्मचारीतन्त्रको भ्रष्टाचार, अर्थतन्त्र सङ्कुचन, चर्को गरिबी र जटिल द्वन्द्वहरूले चिनियाँ समाजलाई कुरूप बनाए । जनता र सरकारी अधिकारीबिच बेमेलमात्र होइन झैझगडा बढ्यो । त्यसले वैदेशिक हस्तक्षेपलाई निम्त्यायो । छिङ सत्ताप्रति जनआक्रोशबाट बच्न पेइचिङमा 'सम्राटहरूको दरबार अर्थात् जनतालाई निषेध गरिएको सहर' (फर्बिडन सिटी) बनाइयो । इतिहासमा त्यस्तो कहिल्यै भएको थिएन । अफिम युद्धपछि चीनमा पश्चिमा शक्तिहरूको आक्रमण सुरु भयो । विशेषगरी बेलायत, फ्रान्स, जर्मनी, जारकालीन रुस र संरा अमेरिकाको सहयोगमा जापानले चीनमा हस्तक्षेप र अतिक्रमण तीब्र पारे । 'एसिया युरोपका लागि छोड' को नारासहित पश्चिमा देशहरूले कहिले समूहगत त कहिले एक्लै चीनको अस्तित्वमाथि आक्रमण गरे । उनीहरूले केही समयमै चीनको अधिकांश भूमि कब्जा गरे । जसमध्ये जारकालीन रुसले पूर्वी चीनको १६ लाख वर्ग किलोमिटर जमिन हडपेको तथ्याङ्क पुस्तकमा छ । सिमाना जोडिएका या नजोडिएका देशहरू पनि चीनको जमिन कब्जामा निर्मम देखिए । चीनको अर्थतन्त्रदेखि सामाजिक संरचना विदेशको मुठीमा पुग्यो ।

एउटा चिनियाँ भनाइ छ -"धेरै कष्टहरूले राष्ट्रको पुनर्जागरण या पुनर्जन्म सम्भव बनाउँछ ।" छिङ राज्यसत्ता असफल देखिएपछि उत्तरतिरका जुर्चेन, मङ्गोलियन र मन्चुवंश चीनको केन्द्रीय क्षेत्रहरूमा शत्रुहरूसँग रगतको होली खेल्दै सत्तामा उक्लिए । तिनले चीनको जातीय संरचना, सांस्कृतिक वैभव र कन्फुसियसको विचार प्रचार गरे । चीनको जीवनमार्ग कन्फुसियसवादले देखाउँछ भन्ने विचार फैलियो । चीनमा त्यतिबेलादेखि हान राष्ट्रियता केन्द्रीय अर्थात् प्रमुख विषय बनेको बताइन्छ । चीनको इतिहासमा पहिलो अफिम युद्धले गरेको क्षतिपछि उत्तरी घुमन्तेहरूले गरेको कब्जा या आक्रमणको क्षति पनि अपूरणीय मानिन्छ । तर, सकारात्मक कुरा के हो भने पहिलो अफिम युद्धले चिनियाँ जनताको आँखा खुल्यो । हजारौँ वर्ष छिङ र हान वंशले गरिरहेको अत्याचार उदाङ्गो भयो । साम्राज्यवादको लडाइँमा जनताको आहुतिको मूल्याङ्कन सुरु भयो । त्यसलाई चिनियाँ इतिहासको एउटा महत्त्वपूर्ण मोड मान्न सकिन्छ ।




चिनियाँ जनता विदेशी शक्तिको अपमानबाट मुक्त भई अन्तर्राष्ट्रिय जगतमा आफ्नो छुट्टै स्थान बनाउन चाहन्थे । पश्चिमले अर्थतन्त्र, राजनीति र संस्कृतिमा हस्तक्षेप गरिरहँदा आफ्नो देशको सभ्यता कसरी जोगाउने भन्ने चिन्ता चिनियाँ जनतालाई थियो । चीनमा सुशासन कसरी कायम गर्ने ? चिनियाँ जनतालाई गरिबीको दलदलबाट माथि कसरी उकास्ने ? भन्ने प्रश्नहरू त्यतिबेलै थिए । चीनको तत्कालीन बाटो भनेको वैदेशिक हस्तक्षेविरुद्धको लडाइँसँगै घरेलु शत्रुहरू परास्त गर्नु थियो । त्यसका निम्ति चीनमा किसान अगुवाहरूको योगदान इतिहासमा सगौरव अध्ययन गरिन्छ । किसान अगुवाहरूले गरेको ताइपिङ विद्रोहबारे आज पनि चर्चा हुन्छ । सन् १८४२ देखि १८५० सम्म मञ्चु नेतृत्वको छिङ वंश र हाक्का नेतृत्वको ताइपिङ स्वर्गतुल्य राज्य (Taiping Heavenly Kingdom) बिच चलेको द्वन्द्वले चीनको रूपान्तरणमा अगुवाइ गरेको अनुभव हुन्छ । किसानमाथि छिङ राज्यले अचाक्ली कर थोप्दा चिनियाँ किसानहरू राज्यसत्ताविरुद्ध सडकमा उत्रेको त्यो घटना ऐतिहासिक छ । ताइपिङ सेनाले करिब १८ वटा प्रदेशहरूमा युद्ध गरे र ठुलो क्षेत्र कब्जा गरे । एक समय ताइपिङ स्वर्गतुल्य राज्य छिङ राज्यको बराबरीमा आइसकेको थियो । यस्ता थुप्रै साना ठूला किसान सङ्घर्षहरूले चीनको इतिहासमा बेग्लै महत्त्व राख्छ ।

ताइपिङ स्वर्गतुल्य राज्यले एउटा आदर्श चिनियाँ समाजको कल्पना गरेको थियो । सबै जमिनमा किसानहरूले बाली लगाउन पाउने, कोही चिनियाँ भोकै बस्न नपर्ने, कोही नाङ्गो बस्न नपर्ने, राज्यको सम्पत्ति सबैले उपभोग गर्न पाउने समतामूलक समाजको परिकल्पना गरिएको थियो । भूमिको वितरण परिवारको सङ्ख्याको आधारमा गर्ने विशिष्ट अवधारणा अघि सारिएको थियो । पश्चिमबाट सिक्दै अगाडि बढ्ने सोच उत्तिबेला कै हो । जमिन जोत्नेलाई भन्ने नारा किसानहरूमा लोकप्रिय नारा थियो । तर, ताइपिङ स्वर्गतुल्य राज्य लामो समय टिकेन । राज्यसत्ताको दमन र पश्चिमा शक्तिको षड्यन्त्रका कारण किसानहरूको सङ्घर्षमाथि प्रहार भयो । ताइपिङ राज्यभित्रै गलत मानिसहरूको प्रवेश र भ्रष्टाचारले ताइपिङ राज्य बदनाम बनेको इतिहास टिठलाग्दो छ । त्यतिबेला धेरैधेरै सच्चा किसान अगुवाहरूले अनाहकमा आफ्नो प्राण गुमाउनुपरेको सत्य पनि पुस्तकले उजागर गरेको छ । सन् १८६४ अर्थात् १४ वर्षपछि ताइपिङ राज्य ढलेको थियो ।

सकारात्मक पक्ष के हो भने त्यो विद्रोहले चिनियाँ जनतामा क्रान्तिकारी भावना जगायो, परिवर्तन सम्भव छ भन्ने आत्मविश्वासको बिजारोपण गऱ्यो । सिन्हाई क्रान्तिका नेता सन यात सेन आफै टाइपिङ विद्रोहबाट उत्साहित भएका एक व्यक्तित्व थिए । उनी ताइपिङ विद्रोहका नेता होङ सिउचियान जस्तै बन्न चाहन्थे । अध्यक्ष माओले एक समयमा भन्नुभएको थियो -"सन् १८४० को पहिलो अफिम युद्धमा चीन हारेदेखि चीनले पश्चिमा देशहरूको सत्य खोजी गर्न निकै कठिन समय सामना गर्नुपऱ्यो । चिनियाँ कम्युनिस्ट पार्टीको स्थापनापूर्व पश्चिमा शक्तिको पर्दाफास गर्न होङ सिउचियान, काङ याउवेइ, यान फु र सन यात सेनाजस्ता असाधारण व्यक्तित्वको जन्म भएको थियो ।" अध्यक्ष माओ इतिहासका अगुवाहरूप्रति सदा आभारी रहनुभयो । आज पनि चीनको नानचिङमा ताइपिङ स्वर्गतुल्य राज्य र सङ्घर्षको झल्को दिने सङ्ग्रहालय छ । नयाँ पुस्ताका चिनियाँहरूलाई देशभक्तिपूर्ण भावना सञ्चार गर्ने र इतिहासको ज्ञान दिने उद्देश्यले सङ्ग्रहालयको सञ्चालन भइरहेको छ । यस पुस्तकका अनुसार ताइपिङ विद्रोहले ठूलो उपलब्धि हासिल नभए पनि देशप्रति समर्पणको भावना सिकायो । नयाँ पुस्ताका लागि स्वतन्त्र र सुन्दर चीन छोडेर जान शत्रुसँग लड्ने उत्साह र क्रान्तिकारी भावना सिकायो । देशको आत्मनिर्भरताका निम्ति 'शक्ति' र 'धन' को खोजी गर्न सिकायो ।

चीनको इतिहासमा 'पश्चिमीकरण आन्दोलन' ३० वर्षसम्म चलेको जानकारी पुस्तकबाटै मिल्छ । त्यसले चीनलाई पश्चिमसँग वस्तु खरिद गर्ने, पुनःउत्पादन र विदेशी बन्दुक या तोपहरू उत्पादन गर्ने ठाउँमा परिणत गऱ्यो । ताइपिङ राज्यको अवसानपछि छिङ साम्राज्यले सैन्य हातहतियार उद्योग स्थापनामा जोड दियो । करिब २० वटा सैन्य हतियार उद्योगहरू स्थापना गरी चीनले आफ्नो शक्ति बढाउने नयाँ सम्झौताको रूपमा प्रचारबाजी गऱ्यो । नभन्दै पश्चिमा शैलीको सैन्य अखडाहरू निर्माण गरिए । जसमध्ये बेइयाङ फ्लिट (Beiyang fleet) सबैभन्दा ठुलो र बलियो अखडा थियो । जसलाई 'पश्चिमीकरण आन्दोलन' को महान उपलब्धि घोषणा गरियो । सैन्य हातहतियार र अखडा निर्माणसँगै देशमा पश्चिमको जस्तो खानी, बाटोघाटो, उद्योग, रेल्वे, टेक्सटायल उद्योग, सञ्चार अघि बढाउने र चिनियाँहरूलाई पश्चिमी शैली र प्रविधि सिकाउने सोच राखिएको थियो । तर विडम्बना सेना र हातहतियारमा चीनको पकड गुम्दै गयो । पश्चिमा शक्तिले पालेको कर्मचारीतन्त्र जनताप्रति झन् निर्मम बन्दै गयो । आत्म–शक्ति वृद्धि गर्ने उद्देश्यले सुरु गरिएको त्यो आन्दोलनको परिणाम अनुत्पादक बन्यो । चीन–जापान युद्धमा (१८९४–१८९५) नराम्रोसँग चीन पछारिएपछि छिङ राज्यको पश्चिमीकरणको बाटो गलत हो भन्ने जनस्तरबाट अनुभव गरियो । आन्दोलनकै दौरान तयार गरिएको चीनको सबैभन्दा ठूलो सैन्य मोर्चा बेइयाङ फ्लिटमा नै चिनियाँ सेनाको नरसंहार भयो । छिङ राज्य जापानबाट पराजित भयो । त्यहीबाट चिनियाँ जनताको राष्ट्रिय अपमानको युग सुरु भयो ।

त्यसपछि चीनमा सुधारवादीहरू सतहमा आए । देशको आत्मशक्ति अभिवृद्धिका लागि उश्यू सुधार अर्थात् Wuxu Reform नामको नीतिगत सुधारको वकालत गरियो । क्वाङ्सी सम्राट र छिङ वंशका उच्चपदस्थ अधिकारीहरूले सन् १८९८ जुनबाट उश्यू सुधार योजना लागु गरे । जसको उद्देश्य पुराना झन्झटिलो औपचारिकता हटाउने, प्रशासन सुव्यवस्थित गर्दै कर्मचारीलाई जिम्मेवार बनाउने, सरकार चलाउन जनताको राय लिनुका साथै देशको कृषि, उद्योग, वित्तीय क्षेत्र, यातायात, खानीहरू व्यवस्थित ढङ्गले चलाउने उद्देश्य राखियो । तर, पछि छिङ राजाहरूले नै सुधारकहरूको उद्देश्य अस्वीकार गरे । त्यस्तै खालको सुधार जापानमा 'मेइजी पुनर्स्थापना' को नाममा भएको थियो । ती दुवै अवधारणाले देशलाई समृद्ध र शक्तिशाली त बनाएन बरु उल्टो अनुत्पादक सिद्ध भयो । सुधारकहरूको निहित स्वार्थका कारण उश्यू सुधार १०३ दिन पनि टिकेन । तर, त्यसलाई पश्चिमीकरण समूहभन्दा प्रगतिशील मानियो । बिसौँ शताब्दीको प्रवेश अर्थात् १९०१ मा भएको सुधार नीतिले त चीनलाई रुस-जापान युद्ध (१९०४-१९०५) मा समेत तटस्थ राख्यो । जुन राजनीतिक रूपमा गलत थियो ।

चीनलाई अब क्रान्तिले मात्र बदल्न सक्छ भन्ने भावनाको सञ्चार २० औँ शताब्दीमै भयो । क्रान्ति केका लागि भन्ने प्रश्न पनि थियो । क्रान्ति, एक त शताब्दी लामो छिङ वंशको राजतन्त्र ढाल्न, दोस्रो पश्चिमीकरणसहितको गणतन्त्र चीनको निर्माण गर्नको लागि हो भन्ने बुझाइ भयो । पश्चिमी सोच र विचारबाट दीक्षित बौद्धिकहरूले चिनियाँ युवालाई विदेशमा पढ्न जान हौस्याए । जापान पहिलो प्राथमिकतामा थियो । त्यही समय ८ देखि ९ हजार चिनियाँ जापान पढ्न पठाइए । ती युवाले क्रान्तिको वकालत पक्कै गर्ने विश्वास लिइयो । देशमा मञ्चुविरोधी आन्दोलन सुरु भयो । क्रान्ति अवश्यम्भावी छ भन्दै चिनियाँ जनता जागी उठे । जनताको नेतृत्व नेता सन यात्सेनले गरेका थिए । सन् १८९५ अक्टोबरमा क्वाङचाउ विद्रोह गरी छिङ कोर्टमाथि आक्रमण भयो । सुधारवादीहरू पनि सन यात्सेनको बाटोमा आए । चीनलाई जोगाउन निरङ्कुश राजतन्त्रको अन्त्य अनिवार्य छ भन्ने विचार प्रचार भयो । सन यात्सेनले देशको आधुनिक राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको झण्डा उँचो फहराए । छिङ साम्राज्यलाई शान्तिपूर्ण ढङ्गबाट होइन सैन्य शक्तिबाटै पराजित गर्नुपर्छ भन्ने सन यात्सेनको अध्ययन थियो । त्यही समय जनतामाझ 'चिनियाँ समाजको पुनर्जन्म' को नारा पनि लगाइँदै थियो । सन यात्सेनको तीन सिद्धान्त– राष्ट्रियता, प्रजातन्त्र र जनजिविका निकै लोकप्रिय बन्यो । छिङ राजतन्त्रले सन यात्सेनको आन्दोलन दबाउने प्रयत्न पटक पटक गऱ्यो तर सिनहाई क्रान्तिले छिङ सरकार फाल्न सफल भयो । २०० वर्षको छिङ साम्राज्य समाप्त भयो । चीनमा राजतन्त्र पराजित भयो र प्रजातन्त्र स्थापना भयो । सन यात्सेन नानचिङ प्रादेशिक सरकारको अध्यक्ष बने । चीनमा पश्चिमी शैलीको बहुपार्टी प्रणाली र संसदीय प्रणाली अभ्यासमा ल्याउने तयारी भयो । जापानले पहिलो विश्व युद्धको फाइदा लिएर चीनमाथि 'एक्काइस मागहरू' थोप्यो । त्यसकारण, राजतन्त्रको अन्त्यपछि पनि जनताको दुःख अन्त भएन । भ्रष्टाचार र सामाजिक अपराध बढ्यो । सिन हाई क्रान्तिको सिमा या कमजोरी मार्क्सवादीहरूले औँल्याएको सन्दर्भ पनि पुस्तकमा छ । सिन हाई क्रान्तिले कहिल्यै साम्राज्यवाद र चीनको परम्परागत सामाजिक शोषणविरुद्ध स्पष्ट धारणा राखेन । चीनको बहुसङ्ख्यक किसान र काम गरी खाने जनतालाई प्राथमिकतामा राखेन । सन यात्सेनको पार्टी आफैँ पनि बलियो थिएन, जनस्तरमा आधारित थिएन । त्यसकारण, जनताले चाहेको आत्मनिर्भरता, समृद्धि, स्वतन्त्रता र खुशी सिनहाई आन्दोलनले दिन सकेन ।

त्यही सेरोफेरोमा चिनियाँ कम्युनिस्ट पार्टीको जन्म भयो र चीनको प्रजातान्त्रिक आन्दोलनले एउटा नयाँ क्रान्तिकारी मोड लियो । सन् १९१७ मा भएको रुसी अक्टोबर क्रान्तिले चिनियाँ भूमिमा मार्क्सवादको प्रवेश गरायो । समाजवाद हुँदै साम्यवादको बाटो देखाउने रुसी क्रान्ति चीनका लागि ऊर्जा बन्यो । सर्वहारावर्ग अर्थात् विश्वका शोषित पीडित मानवजातिलाई मुक्ति दिलाउने वैज्ञानिक उपाय या बाटोको रूपमा मार्क्सवादको अनुसरण गरियो । वर्गसङ्घर्षबाटै पुँजीवादी व्यवस्थाको अन्त्य हुने र उत्पादनका साधनहरू सामाजिकीकरण गरी समतामूलक समाज निर्माण हुने विश्वास लिइयो ।

सन् १९२१ जुलाइमा चिकपाको पहिलो सम्मेलन साङ्घाइमा ५० जना प्रतिनिधिहरूको सहभागितामा सम्पन्न गरियो । त्यो सम्मेलनले चिकपाको कार्यक्रम र नीति तय गऱ्यो । पुँजीवादी व्यवस्थाविरुद्ध सर्वहारा जनतालाई सेनाको रूपमा तयार गर्ने, वर्गभेद हटाई कामदार जनताबाटै देशको निर्माण थाल्ने, पुँजीपतिवर्गको हैकमविरुद्ध वर्गसङ्घर्ष अघि बढाउने, पुँजीपतिवर्गको स्वामित्वमा रहेको राष्ट्रिय सम्पत्ति सामाजिकीकरण गर्ने, समाजवाद र साम्यवादका निम्ति लड्ने निर्णय गऱ्यो । सबैभन्दा महत्त्वपूर्ण कुरा चिकपाले साम्राज्यवादविरुद्धको सङ्घर्षसँगै घरेलु सामन्तवादी शोषणविरुद्ध लड्ने सङ्कल्प गऱ्यो । विस्तारै चिकपा देशका युद्ध सम्राटहरूविरुद्धको सङ्घर्षमा सफल भयो । इतिहासमा सन् १९२१ देखि १९४९ सम्मको अवधिलाई नयाँ प्रजातान्त्रिक क्रान्तिको अवधिको रूपमा अध्ययन गरिन्छ ।

चिकपाले कोमिन्ताङसँग मिलेर जापानी साम्राज्यवादविरुद्धको सङ्घर्षमा सफलता हासिल गऱ्यो । दोस्रो चीन–जापान युद्धमा जापानलाई पराजित गऱ्यो । तर, सन यात्सेनपछिको कोमिन्ताङले जनतामाथि राजा रजौटाले भन्दा अन्याय गऱ्यो, विदेशी शक्तिको पिछलग्गु बन्यो र चीनलाई कोमिन्ताङकै खतरा बढ्यो । तब चिकपाले कोमिन्ताङ प्रतिक्रियावादी विरुद्ध पनि सङ्घर्ष गऱ्यो र सन् १९४१ अप्रिल २३ मा कोमिन्ताङ प्रतिक्रियावादीहरूको शासन अन्त्य भयो । चीनमा जनताको राजनीतिक परामर्श सम्मेलन स्थापना भयो । पश्चिमको भन्दा फरक चिनियाँ विशेषताको बहुपार्टी व्यवस्थाको सुरुआत थियो त्यो । इतिहासभन्दा पुरानो शोषण, अपमान, दासताबाट चीन मुक्त भयो । बाह्य र घरेलु शत्रुबाट जनतालाई मुक्त गराई जनतालाई समाजवादी क्रान्तिको बाटो देखाउने नेता अध्यक्ष माओ हुनुहुन्थ्यो । चिकपा र समाजवादले मात्र नयाँ चीनको रक्षा गर्न सक्छ भन्ने जनविश्वास अजेय भयो ।

# अध्यक्ष बिजुक्छेँसँग साहित्यकारहरूको भेटघाट



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग साहित्य सदन नेपाल (रामहिटी, बौद्ध ६) का पदाधिकारी एवं साहित्यकारहरूले बुधबार भेटघाट गर्नुभयो ।

भेटघाटमा प्रगतिशील साहित्यको नालीबेली, अग्रज साहित्यकारहरू हृदयचन्द्रसिं प्रधानदेखि श्यामप्रसाद शर्मा तथा शान्तादास मानन्धरको बारेमा चर्चा भयो ।

देशमा दुर्दशा निम्तिएको विषयमा पनि चर्चा भयो ।

भेटघाटमा साहित्य सदन नेपालका अध्यक्ष प्रा.डा. हेमनाथ पौडेल, उपाध्यक्ष एवं कवि मित्रलाल पंज्ञानी तथा सचिव एवं कवि प्रह्लाद पोखरेल सहभागी हुनुहुन्थ्यो ।

भेटघाटको अन्तमा साहित्य सदनको प्रकाशन तथा नेपाल मजदुर किसान पार्टीका प्रकाशनहरू आदानप्रदान गरिएको थियो ।

# संविधानको समाजवादउन्मुख प्रावधानअनुसार कानुन निर्माण गर्नु जरुरी

काठमाडौँ । सङ्घीय संसद सचिवालयका मानव संसाधन विकास महाशाखाअन्तर्गतको संसदीय प्रशिक्षण शाखाद्वारा आयोजित सांसद-प्राज्ञ बहस कार्यक्रम सोमबार सिंहदरबारमा सम्पन्न भयो ।

गुणस्तरीय कानुन निर्माण प्रक्रियामा संसद्का सङ्घीय सदस्यको भूमिका विषयमा विज्ञ माधव पौडेलले सङ्क्षिप्त अवधारणापत्र प्रस्तुत गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सडकमा हुँदा देश र जनताका हितका विषय उठाउने शासक दलहरूले सरकारमा गएपछि उल्टो काम गरेको हुँदा गुणस्तरीय कानुन निर्माण नभएको बताउनुभयो ।

"नेपालको संविधानमा समाजवादउन्मुख प्रावधान छ । भारत, श्रीलङ्का, बङ्गलादेशको संविधानमा यस्तो प्रावधान उल्लेख छैन । यसकारण, विधेयक पारित गर्ने ती देशको अभ्यास अनुकरण गर्नु नेपाललाई उपयुक्त हुनेछैन ।" सांसद सुवालले सहभागी सांसदहरूको ध्यानाकर्षण गराउनुभयो ।

छलफलमा नेकाका अर्जुननरसिंह केसीले गुणस्तरीय कानुन निर्माणको लागि सांसदहरूलाई पार्टीको ह्वीप नलाग्ने गर्नुपर्नेमा जोड दिँदै सत्ता र प्रमुख विपक्षी दलका नेताहरूको सहमतिमा विधेयक पारित गर्न सांसदहरूलाई ह्वीप लगाउन नहुने उल्लेख गर्नुभयो ।

एमालेका सांसद रघु पन्तले विधेयकमा संशोधन राखेका सांसदहरूको अनुपस्थितिमा समितिले विधेयक पारित गरी प्रतिवेदन तयार गर्नु प्रजातान्त्रिक नभएको तर्फ सचेत गराउनुभयो ।

सांसदहरू राजेन्द्र पाण्डे (नेकपा एकीकृत समाजवादी) लगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

सङ्घीय संसद्को सचिवालयका सचिव सुदर्शन खड्काले सांसदहरूसँग १५-१५ दिनमा अन्तरक्रिया कार्यक्रम राखी कानुन निर्माणलाई प्रभावकारी बनाउने उल्लेख गर्नुभयो । अर्थ, उपभोक्ता, सुशासनसँग सम्बन्धित विज्ञहरूलाई आमन्त्रित गरी सांसदहरूसँग छलफल गर्ने वार्षिक कार्यक्रम भएको उहाँले बताउनुभयो ।

स्वास्थ्य सन्चो नभएको हुँदा सभामुख देवराज घिमिरे कार्यक्रममा सहभागी हुनुभएन भने अलि ढिलो गरी उपसभामुख इन्दिरा राना सहभागी हुनुभएको थियो । सहरी विकासमन्त्री सीता गुरुङको पनि कार्यक्रममा सहभागिता थियो ।

# नेक्राशिसङ्घ लम्कीचुहाद्वारा विद्यालय बन्दप्रति विमति

कैलाली । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, लम्किचुहा नगर समितिले एक प्रेस विज्ञप्ति प्रकाशित गरी एउटा घटनाविशेषका कारण त्यस क्षेत्रका सम्पूर्ण शैक्षिक संस्था अनिश्चितकालीन गर्ने निर्णयप्रति सङ्घको ध्यानाकर्षण गरी बालबालिकाहरूको पढ्न पाउने अधिकार सुरक्षित हुनुपर्नेमा जोड दिएको छ ।

विज्ञप्तिमा २०८० माघ २२ गतेका दिन लम्किचुहा नगरपालिका कैलालीका युवा शिक्षा तथा खेलकुद शाखा प्रमुख गौरीकान्त न्यौपानेमाथि अज्ञात समूहले कानुन विपरीत अमानवीय व्यवहार गरेको र सोही विषयलाई लिएर लम्किचुहा नगरपालिकाका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको बैठक बसी लम्किचुहा नगरभित्रका सम्पूर्ण शैक्षिक संस्था अनिश्चितकालीन बन्द गरिएको निर्णयप्रति नेक्राशिसङ्घको ध्यानाकर्षण भएको जनाउँदै बालबालिकाहरूको पढ्न पाउने अधिकार सुरक्षित हुनुपर्ने सङ्घको धारणा रहेको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा विधि र नीतिको शासनले चल्नुपर्ने लोकतान्त्रिक व्यवस्थामा आवश्यक छानबिन गरी कानुनी प्रक्रियाद्वारा निरुपण गर्नुपर्ने ठाउँमा शिक्षा प्रमुखलाई अमानवीय अराजक गतिविधि गर्नु र प्रधानाध्यापकहरूको बैठकले अनिश्चितकालीन शिक्षण संस्था बन्द गर्नु दुवै सही नभएको हाम्रो ठहर छ भन्दै अनिश्चितकालीन बन्द गरिएका शिक्षण संस्था यथासिघ्र पुनः सञ्चालन गर्न र दोषी पक्षलाई छानबिन गरी हदैसम्मको कार्वाही गरियोस् भनी सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको छ ।

नगर समितिका संयोजक तिलक सिजापतिद्वारा हस्ताक्षरित उक्त विज्ञप्ति माघ २३ प्रकाशित गरिएको हो ।

# कोहलपुर नगरपालिकामा विद्यार्थी प्रशिक्षण

बाँके । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ कोहलपुर नगर समितिको आयोजनामा शनिबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा बाँकेका अध्यक्ष बखतबहादुर थापाले पढाइका साथसाथै विद्यार्थीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे पनि जानकार हुनुपर्ने आवश्यकता औँल्याउँदै समाजवादी दर्शन मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराबारे जानकारी राख्नुपर्छ भन्नुभयो ।

देशभक्त नागरिकले मात्र देशको रक्षा गर्न सक्ने स्पष्ट पार्दै उहाँले युवाविद्यार्थी देशको भविष्यको कर्णधार भएकोले तिनीहरू सही बाटोमा हिँडे देशको भविष्य उज्ज्वल हुने बताउनुभयो ।

समाजवाद र पुँजीवादी दर्शनबारेको भिन्नताबारे जनतालाई सुसूचित गर्नुपर्छ । कामदार जनताको भविष्य समाजवादी व्यवस्थामा मात्र सुनिश्चित हुने भएकोले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत छ, उहाँले भन्नुभयो ।

आयोजक समितिका सुभम शाहीको सभापतित्वमा भएको उक्त कार्यक्रममा अञ्जिरबहादुर शाही, शेरबहादुर शाही र पूजा बुढाले पनि बोल्नुभएको थियो ।

भेलाले सुभम शाहीको अध्यक्षतामा ११ सदस्यीय नेक्राविसङ्घ कोहलपुर नगर समिति गठन गरेको छ ।

**आगामी...**

सक्रिय व्यक्तिको आयु लामो हुने बताउँदै प्रमुख प्रजापतिले शिक्षा र स्वास्थ्यमा अगाडि बढेको देशको विकास पनि तीव्ररूपमा भइरहेको दृष्टान्तहरू प्रस्तुत गर्नुभयो ।

वाग्मती प्रदेश सांसद सुजना सैंजुले खेल जगत्मा नयाँ पुस्तालाई उत्साहित गर्दाको दीर्घकालीन परिणाम सकारात्मक नै हुने विश्वास व्यक्त गर्दै भक्तपुर नपाले खेल महोत्सवको आयोजना गरी नगरका चोक चोक र सम्पदाका प्राङ्गणहरूलाई खेलमैदान बनाई समुदायको अपनत्व ग्रहण हुने ढङ्गले खेलकुद महोत्सव सम्पन्न भएको बताउनुभयो ।

भक्तपुर नपाका हरेक गतिविधिमा यहाँका समुदायको पनि सक्रिय भूमिका भएको चर्चा गर्दै उहाँले खेलकुदलाई सर्वसाधारण र जीवनपद्धतिको रूपमा विकास गर्ने प्रयासमा भक्तपुर नपा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले अध्ययन र पढाइलाई सँगसँगै अगाडि बढाए मात्र विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुने स्पष्ट पार्दै विद्यार्थी जीवनलाई सक्रिय बनाइराख्न खेलकुदको महत्त्वपूर्ण भूमिका हुन्छ भन्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले खेलकुद र देश विकास समानान्तर ढङ्गले अगाडि बढ्न आवश्यक भएको औँल्याउँदै विकसित देशहरूमा पदक पाउन भन्दा पनि स्वस्थ हुन मानिसहरू खेलकुदमा सक्रिय हुन्छन् भन्नुभयो ।

भनपा युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाको आयोजनामा भएको नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी ७८ वटा विद्यालयमध्ये ६० वटा विद्यालयले पदक पाउन सफल भएको बताउनुभयो । साथै प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न सहयोगी भूमिका खेल्ने रेफ्री, निर्णायक र प्रशिक्षकलाई उहाँले धन्यवादज्ञापन गर्नुभएको उक्त कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका सदस्य उपेन्द्र सुवाल र रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले मेडल, सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री र प्रथम, द्वितीय र तृतीयलाई सिल्ड वितरण गर्नुभएको थियो ।

# जनताको प्रजातन्त्र प्राप्त गर्न नेमकिपा सङ्घर्षरत

जुम्ला । नेमकिपा जिल्ला समिति जुम्लाको आयोजनामा पातरासी गाउँपालिका वडा नं. ६ स्थित उर्थु बजारमा कोणसभा भयो ।

उक्त कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य दिल्लीप्रसाद काफ्लेले नेमकिपाको हालै बसेको केन्द्रीय परिषद्ले पारित गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावबारे जानकारी दिँदै नेमकिपा जनताको प्रजातन्त्र प्राप्तिको निम्ति सङ्घर्षरत छ भन्नुभयो ।

साम्राज्यवादी देश अमेरिकाले संसारका दर्जनौँ देशहरूमा आक्रमण गरी ठूलो धनजनको क्षति पुऱ्याइरहेको चर्चा गर्दै उहाँले शासकहरूले देशघाती एमसीसी पारित गरेर देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुऱ्याइरहेको विचार व्यक्त गर्नुभयो ।

नेपालको प्राकृतिक स्रोत र साधनमाथि भारतीय विस्तारवादले एकपछि अर्को हातमा लिई देशलाई पराधीन बनाउने कामको उहाँले निन्दा गर्नुभयो । नेमकिपा जिल्ला समिति जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले नेमकिपा देशलाई जोगाउन र बनाउन निरन्तर लागिरहेको बताउनुभयो ।

सभामा राजेश्वर देवकोटा, यज्ञबहादुर बुढथापा, देवीबहादुर बुढथापा, डब्बलबहादुर महताराले जनताको माग र आवश्यकता समाजवादी व्यवस्था हो भन्नुभयो ।

**काँक्राबारी...**

नेमकिपाले गरेको आन्दोलनका कारण नै किसानहरूको जीवन सहज बनेको बताउनुभयो ।

उहाँले निरङ्कुश पञ्चायती व्यवस्थामै जालीफटाहा, सामन्त, जमिनदारको शोषणविरुद्ध किसानहरूलाई राजनीतिकरूपले सचेत पारी पार्टीले सङ्घर्षमा उतारेको चर्चा गर्दै पुँजीवादी व्यवस्थामा शोषणविरुद्ध अझ बढ्ता सङ्घर्षको निम्ति गारिब जनतालाई तयार गर्न आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दुःख भयो भनेर पछाडि हट्ने होइन ; हामीलाई दुःख दिनेहरूलाई चिनेर सजाय दिनुपर्छ ।" नेमकिपा सुनपाका सचिव महेन्द्र बखुन्छेले सिद्धान्त र विचार अडिग रहन नसक्ने राजनीतिक दलले देश र जनताको सेवा गर्न नसक्ने स्पष्ट पार्नुभयो । उहाँले नेमकिपाले सिद्धान्तलाई व्यवहारमा उतारेकै कारण जनताको विश्वास जितिरहेको धारणा राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष प्रेम तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा बुद्ध लामाले पनि बोल्नुभएको थियो ।

**समाजवादबिना...**

साहित्यकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ ।" अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले स्पष्टसँग भन्नुभयो, "विद्यालय र विश्वविद्यालय भनेको भवन र बेन्च-टेबुल होइन । कामदारवर्गको आँखाले त्यहाँ कुन कुन विषय पढाइ हुने हो हेर्नु जरुरी छ । गरिबका छोराछोरीले धेरै शुल्क तिर्न सक्दैनन् । विद्यालय, कलेज, साहित्यिक पत्रकारिता आदि संस्थाको उद्देश्य स्पष्ट हुनु जरुरी छ । साहित्यकार पत्रकार, कलाकार धनी बन्नको लागि होइन कामदारवर्गको सेवा गर्न हो भन्नेमा स्पष्ट हुनु जरुरी छ ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "आयरलैन्ड र बेलायतको युद्धको बेला बिहान उठ्ने बित्तिकै कति मान्छे मारिए भनी चर्चा हुन्थ्यो । अहिले प्यालेस्टिनमा त्यसरी नै मानिस मारिँदै छ । युद्ध र साम्राज्यवादको विरोधमा हामीले कलम चलाउनु जरुरी छ ।"

पार्टीका सचिव प्रेम सुवालले साहित्यबारे अध्यक्ष बिजुक्छेँको प्रशिक्षणबाट नयाँ पुस्ताका साहित्यकारहरू लाभान्वित हुने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँको 'जनताको साहित्य र साहित्यकार' पुस्तकबारे युवा साहित्यकारहरूबिच अन्तरक्रिया चालू राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

**एकक्षण** — **बिजुक्छेँ**

# केही असमझदारीहरू

सामन्तवादी समाजमा जग्गाधनी र जोताहा किसानको बिचमा बरोबर बाली तिर्न जाँदा, केही काम विशेषमा बोलाउँदा र उपहार लिएर जाँदा पारिवारिक भेटघाटजस्तो पनि हुन्छ र ज्याला नदिए पनि खानेकुरा, औषधि र लुगाफाटाको लेनदेन हुन्छ । यो सम्बन्ध पुस्तौँ पुस्ता चलेको देखिन्छ । त्यो सम्बन्ध वर्गशत्रुसँगसँगै सामाजिक सम्बन्धको रूपमा समेत स्थापित भएको देखिन्छ ।

भूमिसुधारपछि मोहियानीको आधा खेत छुट्टिसकेपछि धेरैजसो जोताहा र जग्गाधनीको सम्बन्ध टाढा टाढा हुँदै गयो । नयाँ पुस्ताले 'हाम्रो बुधु' 'हाम्रो जोताहा' भन्ने मुस्किलले चिने जानेको सम्म हुन्छ । तेस्रो पुस्ताका जोताहा किसानका नाति नातिना विद्यालयमा पुग्छन् र पुराना जग्गाधनीका नाति त्यही कक्षामा पढाउने शिक्षक भएको हुन्छ । तिनीहरूको आपसमा चिनजान हुँदैन, थोरैले मात्र सम्पर्क गर्ने हुन्छ ।

तर, हरेक ठूलो जग्गाधनी परिवारको 'म्हेयू नायो' अर्थात् 'जोताहाहरूलाई कज्याउने नाइके' हुन्छन् । तिनीहरू धेरैजसो जग्गाधनी (मालिकपट्टि) प्रति आभारी हुन्छन् । उनीहरूले जग्गाधनीबाट विभिन्न किसिमले केही सहयोग र सहुलियत पनि पाएका हुन्छन् । तर, केही खराब 'नाइकेहरूले' जग्गाधनीलाई झूटा कुरा लगाई फाइदा पनि लिएका हुन्छन् ।

त्यस्ता केही परिवारले जोताहा र जग्गाधनीको बिचमा असमझदारी बनाउने र दुवैतिरबाट फाइदा उठाउने काम गरे । हाल त्यस्ता परिवारमध्ये केही जग्गाधनी र जोताहा किसानकै खेत बेच्न लगाउने 'घर जग्गा दलाल' वा 'घर जग्गाका व्यापारी' बनेका छन् ।

त्यस्ता परिवारका केही मानिसहरूको नयाँ पुस्ता स्कूल कलेज गई, कोही कानुनका विद्यार्थी भएर जनतामाझ झगडा लगाउने भएका छन्; मूर्ति चोरी, पाटी, पौवा, मन्दिर र सत्तल बेचबिखनमा बिचौलिया पनि बनेका छन् ।

त्यस परिवारका केही व्यक्ति विभिन्न राजनैतिक दलहरूको स्थानीय र केन्द्रका नेताहरूसम्म पुगी जिल्ला र केन्द्रीय स्तरको समितिमा पनि पुगेको बताइन्छ । तिनीहरू देश र जनताको हितमा राजनीति गर्ने नभई आफ्नो अपराध लुकाउने र नयाँ अवसर पाउने उद्देश्यबाट प्रेरित छन् । यस्ता केही व्यक्ति तल्लोदेखि माथिल्ला स्तरमा ठेकेदारहरूसम्म छन् ।

त्यस्ता तेस्रो पुस्ताका किसान वा जग्गाधनीका व्यक्तिहरूलाई फरक फरक ढङ्गले उपत्यकामा प्रयोग गरिएको देखिन्छ । किसानका तेस्रो पुस्ताहरू 'पहिलेदेखि हाम्रा बाबु बाजेले किसान सङ्गठनमा काम गरेको' भन्दै वामपन्थी पार्टीभित्र घुसी त्यहाँ पनि भाँडभैलो मच्चाउने गर्छन् भने उक्त जग्गाधनीका नातिहरू तिनीहरूका "बाबु, काका र दाइहरू ५,६ सालदेखि ७ सालसम्म दुःख पाएको, २०१५ सालसम्म राजनैतिक गतिविधिमा लागेको" भन्दै व्यक्तिगत फाइदा लिने उद्देश्य लिएर प्रजा परिषद्, नेपाली काङ्ग्रेस र अन्य पुँजीवादी पार्टीमा समेत पुगेको देखिन्छ । त्यस्तै तेस्रो पुस्ताका केही किसानका छोराछोरीहरू डाक्टर, इन्जिनियर र शिक्षक, प्राध्यापक भई आफ्नै परिवार आन्दोलनकारीको पक्षमा थिए भन्ने खालको गलत तथ्यलाई सत्य पार्न खोज्दै छन् । ती परिवार सङ्गठनमा कहिल्यै थिएनन् तर तेस्रो पुस्तालाई भने गलत दाबी गराएर समाजमा झगडाको बीउ छर्ने काम गर्ने सम्भावना धेरै छ ।

यसरी एकातिर मध्यमवर्गको बिचमा नक्कली राजनैतिक पुस्ता तयार गरिँदै छ भन्ने अर्कोतिर नक्कली किसान कार्यकर्ताको पनि दल तयार गर्ने सम्भावना देखिएको छ ।

हाम्रो पहिलेदेखि राजनीतिमा लागेको हुनाले 'हामीले अवसर र सहुलियत पाउनुपर्छ' भन्ने दाबी गर्दै छन् । यस गंजागोलमा हाम्रा राजनैतिक कार्यकर्ताहरू संयमपूर्वक जाँचबुझमा लाग्न आवश्यक छ । नत्र रुसमा जस्तै त्रोत्स्की, जिनोब्याव, कामेनेभ, बुखारिन, खुश्चेभ र गोर्बाचोभहरू यहाँ देखापर्नेछन् ।

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाइँ | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३